# वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र

सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर

तह दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

देवका घिमिरे

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०७०

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षकी विद्यार्थी देवका घिमिरेले **वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७०/०६/०७

.....................................

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

# स्वीकृतिपत्र

१. प्रा.डा. देवीप्रसाद गौतम (प्रमुख) ..............................

२. प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल (शोधनिर्देशक) ..............................

३. टेकनारायण उपाध्याय (बाह्य परीक्षक) ..............................

मिति : २०७०/६/६ शोधपत्र मूल्याङ्कन समिति

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र **वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** मैले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलको कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आइपरेका विभिन्न समस्याहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा उपयुक्त किसिमको सल्लाह दिई सहयोग पुऱ्याउनुहुने सम्पूर्ण गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसका साथै आवश्यक सल्लाह र इमेलबाट अन्तर्वार्ता दिई सहयोग गर्ने साहित्यकार वसन्त श्रेष्ठप्रति कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै शोधपत्र तयार गर्ने क्रममा आवश्यक जानकारी दिनुहुने श्रेष्ठ परिवारप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक वसन्त श्रेष्ठका कृतिहरु र अन्य सामग्री उपलब्ध गराइदिने विश्वविमोहन श्रेष्ठ र वर्षा श्रेष्ठ मानन्धरप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. नेपाली केन्द्रीय विभाग र त्रि.वि. केन्द्रीय पुस्तकालय, काठमाडौंप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यवहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस समयसम्म ल्याइपुऱ्याउने बुबा कृष्णप्रसाद घिमिरे र आमा इन्दिरा घिमिरेप्रति आजीवन ऋणी छु । घरको व्यवहार सम्हालेर मेरो अध्ययनलाई हरबखत साथ दिने मेरा श्रीमान् सन्तोष गौतमप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै मेरो अध्ययनमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउने मेरा दिदीहरू पवित्रा, गीता, कमला, निर्मला, भिनाजुहरू हेमन्त, गायत्री, तुलसी, प्रभात, दाजु महन घिमिरे, बहिनी होमा घिमिरे र मलाई हरेक कुरामा सहयोग पुऱ्याउने भाइ लक्ष्मी घिमिरेलाई धेरै धन्यवाद दिन्छु । यो शोधकार्य तयार गर्न सहयोग गर्नुहुने साथी रमला दाहाल, मनिला राईप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । साथै कम्प्युटरमा सहयोग गर्नुहुने याङ्किज एक्सिलेन्ट कम्प्युटर सेन्टरलाई पनि धन्यवाद दिन्छु ।

अन्त्यमा म यो शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

मिति २०७०/०६/०७ .................................

देवका घिमिरे

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

# विषयसूची


| | |
|---|---|
| **पहिलो परिच्छेद : शोध परिचय** | **१-५** |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधपत्रको उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य र महत्व | ४ |
| १.८ शोधकार्यको सीमाङ्कन | ४ |
| १.९ सामाग्री सङ्कलन विधि | ४ |
| १.१० शोधविधि | ४ |
| १.११ शोधपत्रको रुपरेखा | ५ |
| **दोस्रो परिच्छेद : वसन्त श्रेष्ठको जीवनी** | **६-१९** |
| २.१ जन्म र जन्मस्थान | ६ |
| २.२ बाल्यकाल र स्वभाव | ७ |
| २.३ शिक्षादीक्षा | ८ |
| २.४ पारिवारिक अवस्था | ९ |
| २.५ विवाह र सन्तान | ९ |
| २.६ बानी-व्यवहार र रुचि | १० |
| २.७ हालको जीवन अवस्था | ११ |
| २.८ कार्यक्षेत्र | ११ |
| २.८.१ पेसागत संलग्नता | ११ |
| २.८.२ सामाजिक संलग्नता | १२ |
| २.८.३ संस्थागत संलग्नता | १२ |
| २.९ सम्मान तथा पुरस्कार | १३ |
| २.१० धारणा र मान्यता | १४ |

२.११ लेखन तथा प्रकाशन १५

२.११.१ लेखनका लागि प्रेरणा र प्रभाव १५

२.११.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी १६

२.११.३ प्रकाशित फुटकर रचनाहरूको सूची १७

२.११.४ सम्पादन कार्य १९

**तेस्रो परिच्छेद : वसन्त श्रेष्ठको व्यक्तित्व २०-२८**

३.१ पृष्ठभूमि २०

३.२ शारीरिक व्यक्तित्व २०

३.३ व्यक्तित्वका विभिन्न पाटाहरू २१

३.३.१ साहित्यिक व्यक्तित्व २१

३.३.२ साहित्येत्तर व्यक्तित्व २६

३.४ वसन्त श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वका बीच अर्न्तसम्बन्ध २८

**चौथो परिच्छेद : वसन्त श्रेष्ठको साहित्ययात्रा २९-३३**

४.१ परिचय २९

४.१.१ पहिलो चरण : (प्रारम्भ देखि वि.सं. २०६४ सम्म) २९

४.१.२ दोस्रो चरण : (वि.सं. २०६५ देखि वि.सं. २०६६ सम्म) ३१

४.१.३ तेस्रो चरण : (वि.सं. २०६७ देखि हालसम्म) ३१

४.२ निष्कर्ष ३३

**पाँचौं परिच्छेद : वसन्त श्रेष्ठका साहित्यिक कृतिहरूको विश्लेषण ३४-९०**

५.१ पृष्ठभूमि ३४

५.२ वसन्त श्रेष्ठका कविता कविता सङ्ग्रहको विश्लेषण ३४

५.२.१ परिचय ३४

५.२.२ विषयवस्तु/मूलभाव ३५

५.२.३ विषयवस्तुका आधारमा वसन्त श्रेष्ठका कविता कवितासङ्ग्रहका कविताहरूको वर्गीकरण ४३

५.२.३.१ डायस्पोरिक कविताहरू ४३

५.२.३.२ राष्ट्रवादी र क्रान्तिकारीचेत भएका कविताहरू ४५

५.२.३.३ आन्तरिक मनोभावना उजागर भएका कविताहरू ४६

५.२.३.४ प्रेमपरक कविताहरू ४७
५.२.३.५. समानताको सोच विचार भएका कविताहरू ४७
५.२.४ सहभागी र सहभागिता ४८
५.२.५ परिवेश ५०
५.२.६ उद्देश्य ५२
५.२.७ दृष्टिबिन्दु ५२
५.२.८ भाषाशैलीय विन्यास ५३
५.२.९ निष्कर्ष ५५
५.३. भावनाका लहरहरू कवितासङ्ग्रहको विश्लेषण ५५
५.३.१ परिचय ५५
५.३.२ विषयवस्तु/मूलभाव ५६
५.३.३ विषयवस्तुका आधारमा भावनाका लहरहरू कविता सङ्ग्रहका कविताहरूको वर्गीकरण ६०
५.३.३.१ प्रेमपरक कविताहरू ६०
५.३.३.२ ग्रामीण जीवन र प्रकृतिको चित्रण भएका कविताहरू ६२
५.३.३.३ खुसीपूर्ण सुन्दर जीवन बिताउँन सन्देश दिने कविताहरू ६३
५.३.३.४ जीवन अस्तित्वको खोजी गर्ने कविताहरू ६४
५.३.३.५ कविताको चिनारी भएका कविताहरू ६५
५.३.३.६ सहरिया जीवन प्रति वितृष्णा छाएका कविताहरू ६५
५.३.४ सहभागी र सहभागिता ६६
५.३.५ परिवेश ६६
५.३.६ उद्देश्य ६७
५.३.७ दृष्टिबिन्दु ६७
५.३.८ भाषशैलीय विन्यास ६८
५.३.९ निष्कर्ष ६८
५.४ उज्यालो खोज्ने आवाजहरू कविता सङ्ग्रहको विश्लेषण ६९
५.४.१ परिचय ६९
५.४.२ विषयवस्तु/मूलभाव ७०

५.४.३ विषयवस्तुका आधारमा उज्यालो खोज्ने आवाजहरू
कवितासङ्ग्रहको वर्गीकरण ७९
५.४.३.१ प्रगतिशील कविताहरू ७९
५.४.३.२ स्वच्छन्दतावादी कविताहरू ८१
५.४.३.३ प्रेमभावयुक्त कविताहरू ८२
५.४.३.४ डायस्पोरिक कविताहरू ८३
५.४.४ सहभागी र सहभागिता ८५
५.४.५ परिवेश ८६
५.४.६ उद्देश्य ८७
५.४.७ दृष्टिबिन्दु ८७
५.४.८ भाषाशैलीय विन्यास ८८
५.४.९ निष्कर्ष ९०
**छैटौं परिच्छेद : उपसंहार** **९१-११०**
**परिशिष्ट** **९१**
**सन्दर्भग्रन्थ सूची** **१०८**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषय परिचय

वसन्त श्रेष्ठको जन्म वि.सं. २०१२ फाल्गुन ४ गते वसन्त पञ्चमीका दिन म्याङ्लुङ्ग बजार तेरथुममा भएको हो । श्री सिंहवाहिनी माध्यमिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण गरेका श्रेष्ठले त्रिचन्द्र कलेजबाट स्नातक र न्यु ह्याम्प्सायर विश्वविद्यालय, अमेरिकाबाट अर्थशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् । कवि श्रेष्ठले ११ वर्षको कलिलो उमेर वा २०२३ सालमा नै **तीनजुरे** हस्तलिखित पत्रिका सम्पादन गरेर भाषा सेवा र साहित्य सिर्जना जगत्मा आफूलाई प्रवेश गराएका थिए । सानै उमेरदेखि साहित्य क्षेत्रमा लागेका श्रेष्ठको विभिन्न पत्रपत्रिकामा सम्पादन र प्रकाशनमा  महत्त्वपूर्ण भूमिका रहेको छ । श्रेष्ठ साहित्य लेखन सँगसँगै विभिन्न सङ्घसंस्थामा पनि आबद्ध छन् ।

वसन्त श्रेष्ठले नेपालमा जन्म लिएर कर्मथलो अमेरिकालाई बनाएका छन् । उनले आफ्ना सबै काव्य कृतिहरू अमेरिकामा नै गएर सिर्जना गरेका छन् । विदेशमा बसेर पनि नेपाली माटो, भाषा, संस्कृतिको अत्यन्तै माया गर्ने श्रेष्ठले विदेशमा छरिएर बसेका नेपालीहरूको स्वदेशप्रतिको माया, सम्झना र विदेशमा बस्दाका कुण्ठा, मनोदशाको चित्र आफ्नो काव्य कृतिमा उतारेका छन् । प्रेम र जीवनका बारेमा पनि भावनात्मक छालहरू कवितामा पोखेका छन् । स्वच्छन्दवादी भावना, राष्ट्रवादी साथै प्रगतिवादी चेतले भरिएका कविता रचना गर्ने श्रेष्ठका हालसम्म **वसन्त श्रेष्ठका कविता** (२०६४), **भावनाका लहरहरू**

(२०६६) र **उज्यालो खोज्ने आवाजहरू** (२०६७) गरी तीनओटा कविता सङ्ग्रह प्रकाशित भएका छन् ।

## १.४ समस्याकथन

वसन्त श्रेष्ठले नेपाली साहित्यको कविता विधामा कलम चलाएका छन् । विभिन्न पत्रपत्रिका, र समालोचनात्मक पुस्तकहरूमा उनका बारेमा लेखिएको भेटिएपनि हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत र व्यवस्थित तरिकाले अध्ययन अनुसन्धान हुनसकेको छैन । त्यसैले श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधपत्रको मूल समस्या हो । प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

१. वसन्त श्रेष्ठको जीवनी के-कस्तो रहेको छ ?

२. वसन्त श्रेष्ठको व्यक्तित्व के-कस्तो रहेको छ ?

३. वसन्त श्रेष्ठको साहित्यिक यात्रा के-कस्तो रहेको छ ?

४. वसन्त श्रेष्ठको कृतित्व के-कस्तो रहेको छ ?

उपयुर्क्त समस्याहरूमा नै प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य विशेष गरेर समस्याकथनमा समावेश गरिएका समस्याहरूको तथ्यपरक, सुव्यवस्थित समाधान नै रहेको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. वसन्त श्रेष्ठको जीवनीको अध्ययन गर्नु,

२. वसन्त श्रेष्ठको व्यक्तित्वका पाटाहरू केलाउनु,

३. वसन्त श्रेष्ठको साहित्यिक यात्राको अध्ययन गर्नु,

४. वसन्त श्रेष्ठको कृतित्वको अध्ययन, विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

वसन्त श्रेष्ठका बारेका विभिन्न पत्रपत्रिका र समालोचनात्मक कृतिमा विभिन्न साहित्यकार र समालोचकहरूले चर्चा गरेका छन् जसलाई कालक्रमिक ढङ्गले निम्नानुसार प्रस्तुत गरिएको छ :

गोविन्द गिरी प्रेरणाले **वसन्त श्रेष्ठका कविता** (२०६४) कविता सङ्ग्रहको भूमिकामा कवि श्रेष्ठले काव्यवाणी, काव्य धर्म र नयाँ आविष्कारका साथ कुशल, युद्ध र क्रान्तिका साथै स्वच्छन्द भावका कविता लेखेका छन् भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।

डा. तारानाथ शर्माले **भावनाका लहरहरू** (२०६६) कविता सङ्ग्रहको भूमिकामा यी छोटा मुक्तकहरू जीवनको अर्थ खोज्छन् र त्यो जीवन नेपाली हुन्छ । यहाँ कवि वसन्त श्रेष्ठको तीब्र अनुभूतिमा पाठकहरू आत्मसात हुनपुग्छन् र तीनले कसैको कविता पढ्दैछु भन्ने भुसुक्कै बिर्सेर ती आफैँलाई यी लहरलहरमा अभिव्यक्त गराउँछन् भनी कविको मिठासपन र आफ्नोपनलाई प्रष्ट्याएका छन् ।

डा. तारानाथ शर्माले **उज्यालो खोज्ने आवाजहरू** (२०६७) को भूमिकामा कवि वसन्तका कविता सुललित, सहज र सशक्त, देशप्रेमले ओतप्रोत, कञ्चनजङ्घा र तमोर नदी झैँ जीवनदायी, आशावादी र प्रेरणादायी छन् भनी उल्लेख गरेका छन् ।

डा. देवीप्रसाद सुवेदीले **उज्यालो खोज्ने आवाजहरू** (२०६७) को भूमिकामा वसन्त श्रेष्ठलाई समसामयिक चेतनाका शिल्पि, सरल र सर्वसंवेद्य भाषाशैलीका कवि मानेका छन् । साथै उनका कवितामा विदेसिएका युवायुवतीहरू र बेचिएकी चेलीहरूको अर्न्तवेदना झल्कन्छ भनी उल्लेख गरेका छन् ।

सोमनाथ घिमिरेले **पारदेशीय नेपाली साहित्य** (२०६८) पुस्तकको *वसन्त श्रेष्ठको कवितालाई नियाल्दा* शीर्षकको समालोचनात्मक लेखमा कवि श्रेष्ठका तीन ओटा कविता सङ्ग्रहहरू क्रमशः **वसन्त श्रेष्ठका कविता, भावनाका लहरह**रू **र उज्यालो खोज्ने आवाजह**रूको मुलभाव केलाउदै कविलाई जीवनवादी सर्जक, अस्तित्ववादी, प्रकृतिप्रेमी राष्ट्रप्रेमी साथै विदेशमा बस्ने नेपालीहरूको अवस्था, मनोदशा, कुण्ठा र मानवीय संवेदनाले भरिपूर्ण कविता लेखेका छन् भनी उल्लेख गरेका छन् ।

यस प्रकार केही परिचर्चा भएको पाइए तापनि वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन भने कसैले गरेका छैनन् । त्यसैले यस शोधपत्रमा वसन्त श्रेष्ठको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

वसन्त श्रेष्ठ नेपाली साहित्यका क्षेत्रमा योगदान गर्ने महत्त्वपूर्ण व्यक्ति हुन् । उनका बारेमा पत्रपत्रिकामा लेखहरू र केही समालोचनाहरू पाइए पनि हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत अध्ययन हुन नसकेको अवस्थामा श्रेष्ठको अध्ययन विश्लेषण गर्न चाहने जोसुकै अध्येताहरूलाई पनि यस शोधकार्यले थप जानकारी र सहयोग पुऱ्यउने हुँदा यस शोधकार्यको उल्लेख्य महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा वसन्त श्रेष्ठको जीवनी र व्यक्तित्वको अध्ययन गरिएको छ । त्यस्तै उनका २०६९ सालसम्ममा प्रकाशित कृतिहरूको परिचयात्मक र विश्लेषणात्मक अध्ययन पनि गरिएको छ ।

## १.९ सामाग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यको तयारी गर्दा पुस्तक र सामाग्री सङ्कलनमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसका साथै शोधनायकसँग इमेल, टेलिफोनबाट कुरा गरेर र उनका आफन्तसँग भेटेर शोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ । यसका साथै संबद्ध क्षेत्रका विद्वान्, प्राध्यापक, समालोचक आदिबाट पनि आवश्यकताअनुसार अर्न्तवार्ताहरू लिई यथोचित ढङ्गमा प्रयोग गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यमा जीवनीपरक, प्रभावपरक, कृतिपरक आदि विभिन्न समालोचना पद्धतिको यथोचित प्रयोग गरी सङ्कलित सामग्रीहरूको अध्ययन व्याख्यात्मक, विश्लेषणत्मक र विवरणात्मक ढङ्गले गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसार परिच्छेद र शीर्षकमा तयार पारिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : वसन्त श्रेष्ठको जीवनी

तेस्रो परिच्छेद : वसन्त श्रेष्ठको व्यक्तित्व

चौथो परिच्छेद : वसन्त श्रेष्ठको साहित्ययात्रा

पाचौं परिच्छेद : वसन्त श्रेष्ठका कृतिहरूको विश्लेषण

छैटौं परिच्छेद : उपसंहार

प्रस्तुत शोधकार्यमा उपर्युक्त छ परिच्छेदलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरी वसन्त श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन गरिएको छ । अन्त्यमा शोधकार्यमा प्रयोग भएका पुस्तक, पत्रपत्रिका, शोधपत्रहरूको सूची र परिशिष्टसमेत प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# वसन्त श्रेष्ठको जीवनी

## २.१ जन्म र जन्मस्थान

वसन्त श्रेष्ठको जन्म वि.सं. २०१२, फागुन ४ गतेका दिन नेपालको पूर्वी पहाडी जिल्ला तेरथुमको म्याङलुङ्ग गा.वि.स. वडा नं. २ म्याङलुङ्ग बजारमा भएको हो ।[१] उनको न्वारनको नाम द्रोणराज श्रेष्ठ हो भएपनि वसन्त पञ्चमीका दिन जन्मेको हुनाले उनको नाम वसन्त राखिएको हो ।[२] बाबु नारायणमान श्रेष्ठ र आमा सुभद्रादेवी श्रेष्ठका सन्तानहरूमध्ये वसन्त छोराहरूमा जेठो र दिदीहरूसँग जोड्दा तेस्रो सन्तान रहेका छन् ।[३] उनका दुई दिदी, तीन भाइ र चार बहिनीहरू रहेका छन् । उनका बुबा प्रकृतिप्रेमी भएकाले छोराछोरीहरूको नाम ऋतुको नामबाट राखिदिएका छन् । जसअन्तर्गत छोराहरूको नाम जेठा वसन्त, माहिला हेमन्त, साहिँला शिशिर, कान्छा शरद रहेको छ भने छोरीहरूमा काइँली र अन्तरीको नाम क्रमशः वर्षा र झरना रहेको छ । अन्य छोरीहरूको नाम भने जेठी कुञ्जिनी, माहिली सुजनी, साहिँली रजनी, कान्छी एलना रहेका छन् ।[४]

वसन्त श्रेष्ठका दिदीबहिनीहरू कुन्जिनी श्रीमान् कपिलभक्त श्रेष्ठको साथमा बोष्टन अमेरिकामा, सुजनी श्रीमान् शिवराम श्रेष्ठका साथमा मेरिलैंड अमेरिकामा, वर्षा श्रीमान् विनोद मानन्धरको साथमा काठमाडौंमा, रजनी श्रीमान् बब लेप्राडको साथमा बोष्टन अमेरिकामा र भाइहरू हेमन्त श्रीमती दावाको साथमा भर्जिनिया अमेरिकामा, शिशिर श्रीमती दावाको साथमा न्युयोर्क अमेरिकामा, शरद श्रीमती ऋतुकमलको साथमा काठमाडौंमा आआफ्नै पेसाको काम गरेर जीवन बिताउँदै आएका छन् ।[५]

शिक्षित परिवारमा जन्मेर शिक्षाको कमी कसैलाई नभएको श्रेष्ठ परिवारका दाजुभाइ, दिदीबहिनीहरूले आफ्ना बुबाका गुणहरू केही न केही सबैले लिएर आएका छन् । बुबाका सम्पूर्ण गुणहरू परिवारभरि छरिएर रहेको वसन्त श्रेष्ठले महसुस गरेका छन् । बुबाबाट

१. वसन्त श्रेष्ठसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
२. ऐजन ।
३. ऐजन ।
४. ऐजन ।
५. ऐजन ।

अध्यापन पेसा उनकी माहिली दिदी सुजनीले विगत तेइस वर्षदेखि गर्दै आएकी छिन् भने बहिनी रजनीले अमेरिकामा नै विगत बीस वर्षदेखि गर्दै आएकी छिन् । भाइ हेमन्तले लेखन, भाइ शिशिर र बहिनी एलिनाले नृत्यकला र सङ्गीतको गुण लिएका छन् भने बुबाको शान्त, गम्भीर र अध्ययनका गुणहरू उनीभित्र रहेको श्रेष्ठले महसुस गरेका छन् ।[६] बाबुले नै साहित्यका कथा, कविता र गीत विधामा कलम चलाउने साथै साहित्यिक कृतिहरू पढ्न रुचाउने भएकाले वसन्त श्रेष्ठलाई साहित्य सिर्जनाका लागि पारिवारिक पृष्ठभूमि प्राप्त थियो ।[७]

वसन्त श्रेष्ठको साहित्यमा चिनिएको नाम पनि वसन्त श्रेष्ठ नै हो । वसन्त पञ्चमीका दिन जन्मेकाले राखिएको उनको वसन्त नाम नै सबैका लागि प्रिय थियो । श्रेष्ठको जन्म लिम्बूवान क्षेत्र भनेर चिनिने र अनेक जातजातिको बसोबास रहेको, लालिगुराँसको राजधानी, विश्वको तेस्रो तथा नेपालको पहिलो ठूलो ह्यात्रुङ झरना रहेको तेरथुम जिल्लाको म्याङलुङ्ग बजारमा भएको हो ।

## २.२ बाल्यकाल र स्वभाव

वसन्त श्रेष्ठको बाल्यकाल तत्कालीन समयका नेपालको दुर्गम पहाडी भेगमा हुर्कने बालककै शैलीमा बितेको थियो । तथापि उनको पारिवारिक वृक्ष निकै झाँगिएको र अग्रजहरू प्रायः सबै बौद्धिक र अध्ययनशील भएकाले परिवारभित्र पनि पाठशाला जस्तो अनुशासित वातावरणमा धेरै कुराहरू सिक्ने अवसर उनलाई प्राप्त थियो । उनका पिता नारायणमान श्रेष्ठले तेरथुम जिल्लामा शिक्षाको विकासका लागि धेरै सहयोग गरेका थिए । उनले तेरथुमको म्याङलुङ्ग बजार स्थित श्री सिंहवाहिनी हाइ स्कुल २००४ सालमा स्थापना गरेर त्यसका संस्थापक हेड मास्टर पनि भएका थिए ।[८] उनी एन. एम. सरका नामले प्रख्यात थिए । त्यसैले परिवारभित्र नै शैक्षिक वातावरण भएकाले उनले बुबाबाट घरमा नै प्रारम्भिक शिक्षा सुरु गरेका थिए ।[९] उनी बाल्यकालमा खेल्न र पढ्नमा बराबर रुचि राख्थे । उनी खेलकुदप्रति जति आकर्षित हुन्थे त्यतिकै आकर्षित पढ्न लेख्नमा पनि हुन्थे ।

---

६. वसन्त श्रेष्ठ, 'बुबाको सम्झनामा', विश्वविमोहन श्रेष्ठ र अन्य, सम्पा. **नारायणमान श्रेष्ठ स्मृतिग्रन्थ**, (काठमाडौं, श्री सिंहबाहिनी एसोसिएसन, २०६४), पृ १५१ ।

७. ऐजन ।

८. वसन्त श्रेष्ठसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

९. ऐजन ।

खेलकुदमा उनको विशेष रुचि फुटबल, भलिबल र व्याडमिन्टनमा थियो ।[10] पढ्ने र लेख्ने विषयमा धेरै चाख र जिज्ञाषा भएकाले श्रेष्ठले साथीहरूसँग मिलेर वि.सं. २०२३ मा ११ वर्षको कलिलो उमेरमा नै **तीनजुरे** नामक हस्तलिखित पत्रिका निकालेर श्री कृष्ण पुस्तकालयमा राखेका थिए । त्यसबेला उनका बुबाले निकालेको हस्तलिखित पत्रिका **मगज** र उनका दाइहरूले निकालेको हस्तलिखित पत्रिका **बिरुवा** नै श्रेष्ठका प्रेरणाका स्रोत थिए ।[11]

अहिले श्रेष्ठ भर्जिनियामा दैनिक एक घण्टा मर्निङ वाकमा निस्कन्छन् । फर्केपछि समयअनुसार ल्यापटपमा इमेल हेर्ने, टी.भी.मा समाचार हेर्ने आदि गर्छन् । बेलुकीको समयमा कामबाट फर्केपछि इमेल हेर्ने, पुस्तक पढ्ने र लेख्ने काम गर्छन् । प्रत्येक बिहान सात बजे उठ्ने र रातको एघार बजे सुत्ने उनको बानी छ । उनी सप्ताहान्तमा वा छुट्टीका दिन प्रायः सामाजिक तथा साहित्यिक कामहरूमा जाने, साथीहरूसँग भेटघाट गर्ने र फुर्सदको समयमा घरमा बसेर पुस्तक पढ्ने र लेख्ने काम गर्छन् ।[12]

## २.३ शिक्षादीक्षा

वसन्त श्रेष्ठका पिता नारायणमान श्रेष्ठ दार्जिलिङबाट आइ.एस.सी. र कलकताबाट बि.ए. अध्ययन सम्पन्न गरेर तेरथुम आएका थिए ।[13] उनले तेरथुमको म्याङलुङ्ग बजारमा वि.सं. २००४ सालमा श्री सिंहवाहिनी हाई स्कुलको स्थापना गरी संस्थापक हेडमास्टर भएका थिए । उनी एन.एम. सरका नामले चिनिन्थे र तेरथुम जिल्लामा शिक्षा क्षेत्रमा सबैका प्रेरणाका स्रोत थिए । वसन्तले पनि आफ्ना पिताबाटै शिक्षा लिन प्रेरणा प्राप्त गरी उनैबाट घरमा प्रारम्भिक शिक्षा सुरु गरे । त्यसपछि श्री सरस्वती प्राथमिक पाठशालामा पाँच वर्षको उमेरदेखि उनको औपचारिक शिक्षा यात्रा सुरु भयो । उनले २०२६ सालमा श्री सिंहवाहिनी हाइस्कुल म्याङलुङ्गबाट एस.एल.सी. (दोस्रो श्रेणी), २०३३ सालमा जनप्रशासन कलेज काठमाडौंबाट स्नातक तह (मध्यम श्रेणी) र सन् १९९८ मा न्यु हाम्प्सायर अमेरिकाबाट स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् ।[14]

१०. ऐजन ।
११. ऐजन ।
१२. ऐजन ।
१३. ऐजन ।
१४. ऐजन ।

## २.४ पारिवारिक अवस्था

वसन्त श्रेष्ठको जन्म मध्यमवर्गीय परिवारमा भएको हो । उनलाई सानै उमेरदेखि आर्थिक कुराले कहिल्यै पिरोलेन । वसन्त श्रेष्ठलाई आर्थिक पक्षमा कुनै समस्या थिएन । उनको आर्थिक अवस्था राम्रो थियो । नारायणमान श्रेष्ठका पितालाई साहु भनेर चिनिन्थ्यो साथै उनी किशोरवयमा कलकत्ता, दार्जिलिङ र पछि इलाहवादमा अङ्ग्रेजी पढेर आएका थिए । उनलाई नपुग्दो केही थिएन उनको परिवार पुर्खादेखि नै सम्पन्न थिए ।[१५] तेरथुमदेखि अध्ययनकै क्रममा काठमाडौं गइ स्नातक तह पूरा गरेर अध्ययनकै क्रममा अमेरिका प्रस्थान गरेका श्रेष्ठको पारिवारिक अवस्था सानैदेखि सुखद थियो ।[१६] परिवारको जेठो छोरो मातापिताको न्यानो काखमा हुर्किएका श्रेष्ठले दुःखद जीवनको भोगाइ कहिल्यै खप्नु परेन । शिक्षाप्रेमी तथा समाजसेवी उनका पिताको मृत्युले भने उनीलगायत उनका परिवारलाई नै शोकाकुल बनायो । २०३८ सालमा बुबालाई गुमाएका श्रेष्ठ बुबाको निधन पछि आमाको मायामा रमाएका थिए । आमाकै पालन पोषणमा उनी हुर्किएका थिए । पछि उनकी आमाको पनि अमेरिकामा नै मृत्यु भएपछि श्रेष्ठ पूर्ण रूपमा आमाबाबु विहीन हुन पुगे ।[१७] यो उनका जीवनको दुःखद क्षण हो । अहिले उनी भर्जिनिया, अमेरिकामा श्रीमती र छोराहरूको साथमा जीवन बिताइरहेका छन् । उनकी श्रीमती विद्यालक्ष्मी श्रेष्ठ भर्जिनियामा अमेरिकन बच्चाहरूलाई नेपाली भाषा तथा संस्कृति सिकाउने काम गर्छिन् । उनको जेठो छोरो बबिन श्रेष्ठ २३ वर्षको र कान्छो ब्रायन श्रेष्ठ १३ वर्षको भएका छन् । बबिन कलेजमा अध्ययनरत छन् भने ब्रायन माध्यामिक स्कुलमा अध्ययनरत छन् ।[१८] श्रेष्ठको जीवन हालसम्म सुखद नै बितिरहेको छ ।

## २.५ विवाह र सन्तान

वसन्त श्रेष्ठको विवाह वि.सं. २०२५ बैशाख २५ गते हिन्दु धर्म संस्कृतिको विधिअनुसार मागी विवाह काठमाडौंमा सम्पन्न भयो । काठमाडौंको न्होखा टोल निवासी बुबा सूर्यनारायण श्रेष्ठ र आमा प्रेमदेवी श्रेष्ठकी जेठी छोरी विद्यालक्ष्मी श्रेष्ठसँग उनको विवाह भएको हो ।[१९] उनका दुई छोराहरू रहेका छन् । उनको जेठो छोरो बबिन श्रेष्ठ २३

१५. वसन्त श्रेष्ठ, 'बुबाको सम्झनामा', विश्वविमोहन श्रेष्ठ र अन्य, पूर्ववत् ।
१६. वसन्त श्रेष्ठसँगको लिखित अन्तवार्ताबाट प्राप्त जानकारी ।
१७. ऐजन ।
१८. ऐजन ।
१९. ऐजन ।

वर्षको उमेरका रहेका छन् र उनी भर्जिनिया अमेरिकामा कलेजमा अध्ययनरत छन् । कान्छो छोरो ब्रायन श्रेष्ठ १३ वर्ष उमेरका छन् । उनी बोस्टन, म्यासाचुसेट्स अमेरिकामा जन्मेका हुन् । अहिले उनी भर्जिनिया, अमेरिकामा माध्यमिक स्कुलमा अध्ययनरत छन् ।[२०]

## २.६ बानीव्यवहार र रुचि

वसन्त श्रेष्ठ सानैदेखि सरल र मिजासिला स्वभावका थिए । सानैदेखि खेलकुद अध्ययनमा रुचि राख्ने श्रेष्ठ साहित्य लेखनमा पनि त्यतिकै ध्यान दिन्थे । बाल्यकालमा फुटबल, भलिबल र व्याडमिन्टन खेल्न रुचाउने श्रेष्ठले बिस्तारै खेलकुदलाई छाडेर साहित्य क्षेत्रलाई अगाडि बढाएको पाइन्छ । कम बोल्ने स्वभाव, गम्भीर र मिलनसार प्रकृतिका श्रेष्ठ समयको धेरै ख्याल राख्ने, बचनको पक्का र समय तालिका अनुसारको कार्य नियमित गर्ने बानी छ ।[२१] बिहानको सात बजे उठ्ने र बेलुकाको एघार बजे सुत्ने उनको नियमित कार्य हो । एक घण्टा मर्निङ्वाकमा निस्कने, त्यसपछि इमेल चेक गर्ने, अखबार र टी.भी.मा खबर पढ्ने, हेर्ने उनको दैनिक क्रियाकलापमा पर्दछ । कार्यालय जाने र फर्किएपछि पुनः इमेल हेर्ने, बेलुकीको समयमा पढ्ने र लेख्ने श्रेष्ठको बानी रहेको छ । सप्ताहान्तमा र विदाको दिनमा आफ्नो बिहानको नियमित काम सकेर दिनमा सामाजिक र साहित्यिक कुनै काम भए भाग लिने, साथीहरूसँग भेटघाट गर्ने, कुरा गर्ने र बाँकी समय पढ्ने र लेख्ने कार्यमा उनी समय बिताउँछन् ।[२२] सबैसँग मिलनसार व्यवहार गर्ने सरल प्रकृतिको, सहज, प्रष्टसँग बोल्ने, बोलीको पक्का भएको, समयको धेरै ख्याल गर्ने, सहयोगी भावना आदि जस्ता विशेषताहरू श्रेष्ठका रहेका छन् । कुशल सङ्गठनकर्ता र नेतृत्व गर्न सक्ने क्षमता हुनु उनको महत्त्वपूर्ण विशेषता हो ।

स्वस्थ रहनका लागि सादा खाना मन पराउने र विचार सदा उच्च राख्ने श्रेष्ठ समयमा सन्तुलित आहार नै स्वस्थ जीवनको प्राप्ति हो भन्ने ठान्छन् । नेपाली सादा खाना, मासको दाल, भात र तरकारी, गोलभेडाको अचार, गुन्द्रुक साधेको, आलु भुटेको र मोमो श्रेष्ठलाई खानामा अति मन पर्ने कुराहरू हुन् ।[२३] प्रायः साधारण सर्ट र जीनको पाइन्ट लगाउने श्रेष्ठ सुट टाई लगाउन विशेष मन पराउँछन् । उनलाई हल्का निलो रङ मन पर्छ । अध्ययन गर्न विशेष मन पराउने श्रेष्ठको प्रमुख प्राथमिकता साहित्य पढ्ने र लेख्ने नै हो ।

२०. ऐजन ।
२१. ऐजन ।
२२. ऐजन ।
२३. ऐजन ।

त्यसमा पनि उनी कवितामा विशेष रुचि राख्छन् । जीवनी, नियात्रा र गीतलाई पनि उनले प्रथमिकता दिएका छन् । खेलकुदमा टेनिस खेल्न र टी.भी.मा समाचार हेर्न पनि उनलाई धेरै मन पर्छ ।[२४]

## २.७ हालको जीवन अवस्था

सन् १९९४मा वसन्त श्रेष्ठ उनकी साहिँली बहिनी रजनी श्रेष्ठ र उनका लेप्राडको अमेरिकी सासु ससुराले अमेरिका भ्रमणको निम्तो पठाएकाले उनी तीन महिनाको अध्ययन भ्रमणका लागि मात्रै भनेर अमेरिका गएका हुन् ।[२५] अमेरिकाको उच्च स्तरको शैक्षिक वातावरण र थप अध्ययनको सम्भावनाका कारणले उनले त्यही अध्ययन सुरु गरे । अति विकसित मुलुक सात समुन्द्रपार अमेरिकामा बसेर त्यहीँको सामाजिक तथा आर्थिक क्षेत्रमा सम्मिलित भई गहिरो अध्ययन गर्न पाउनु र त्यसको विविध पाटाहरूलाई मूल्याङ्कन गर्न पाउनु उनले सुखद ठानेका छन् । त्यसैले अमेरिकन जीवनशैली धेरै चुनौतीपूर्ण रहेपनि उनको बसाइ व्यवस्थित र राम्रै छ । अमेरिकाको बसाइ त्यहाँको जीवनपद्धतिका लागि नै एक सुखद पक्षको अनुभूति वसन्तलाई भएको छ ।[२६]

पढाइ सम्पन्न गरिसकेपछि वसन्तले अमेरिकाकै एक रिटेल कम्पनीमा पेसागत रूपमा कार्य गर्दै आएका छन् । त्यसका साथसाथै नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि अमेरिकामा स्थापित विभिन्न सङ्घसंस्थासँग आबद्ध भएर निरन्तर रूपमा सक्रिय सामाजिक कार्यहरू गरिरहेका छन् । हाल नेपाली भाषा संरक्षण, संवर्द्धन र विकासका लागि अमेरिकाको वासिङ्टन डि.सी.मा स्थापित ए.एन.ए. नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिकाको अध्यक्ष पदमा रहेर साहित्य सेवामा कार्यरत छन् ।[२७]

## २.८ कार्यक्षेत्र

### २.८.१ पेसागत संलग्नता

वसन्त श्रेष्ठले विद्यार्थी छँदा पढाइको साथसाथै फाष्टफुड बिजिनेसमा काम गरेका थिए । अहिले जीवन निर्वाह गर्ने माध्यमका रूपमा अमेरिकामा एक रिटेल कम्पनीमा आबद्ध

२४. ऐजन ।
२५. ऐजन ।
२६. ऐजन ।
२७. ऐजन ।

भएर काम गर्दै आएका छन् । यही रिटेल कम्पनीमा काम गरेर नै उनको जीवन सञ्चालन हुदै छ । दैनिक आईपर्ने कार्यभारलाई राम्रोसँग सञ्चालन गर्दै कम्पनीलाई आफ्नो आवश्यकता महसुस गराउनु नै सफलताको कडी हो भन्ने ठानेका श्रेष्ठले यसैलाई मध्यनजर गरेर कार्य गर्दछन् । हाल उनी रिटेल कम्पनीमा सहायक प्रबन्धक पदमा रहेर काम गरिरहेका छन् ।[२८]

## २.८.२ सामाजिक संलग्नता

वसन्त श्रेष्ठले रेडक्रसको आजीवन सदस्यता लिएर सामाजिक कार्यको थालनी गरेका हुन् ।[२९] २०३२/३३ सालतिर तेरथुम जिल्लाको खेलकुदका लागि गठन भएको खेलकुद जिल्ला विकास समितिमा सचिव भएर कार्यभार सम्हालेका थिए ।[३०] त्यसपछि साहित्य सेवामा लागेका श्रेष्ठ नेपालको तेरथुमबाट काठमाडौं हुँदै अमेरिका पुगेर पनि साहित्य सेवा गरेका छन् । उनको सामाजिक कार्य साहित्यिक कार्यसँगै जोडिएर आउँछ । नेपाली भाषा साहित्यको संरक्षण, संवर्द्धन र विकासका लागि विभिन्न सामाजिक संस्थाहरूसँग आबद्ध भएर काम गरेका छन् । सन् १९९४ मा अमेरिका पुगेपछि नेपाली भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका लागि स्थापित अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजमा आबद्ध भएर विभिन्न पदको कार्यभार पूरा गरे ।[३१] सन् २०१० देखि नेपाली साहित्य प्रतिष्ठान उत्तर अमेरिकाको संस्थापक अध्यक्ष भएर कार्य गरिरहेका छन् ।[३२] त्यस्तै छिमेकी गाउँको अध्यक्ष भएर पनि उनले कार्य गरेका छन् । बोष्टनमा संस्थासँग आबद्ध रहँदा त्यहाँ बस्ने नेपालीहरू बीच आपसी सम्बन्ध बढाउन उनले **टेलिफोन डाइरेक्टरी**को सम्पादन गरेर सामाजिक कार्यलाई सशक्त बनाएका छन् ।[३३] श्रेष्ठ विशेषतः सामाजिक कार्यसँगै साहित्यिक सेवामा जीवन बिताउदै आएका छन् ।

## २.८.३ संस्थागत संलग्नता

वसन्त श्रेष्ठले सर्वप्रथम नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्यता लिएर संस्थामा संलग्नताको सुरु गरेका हुन् । त्यसपछि २०३२/३३ सालतिर तेरथुम जिल्लाको

२८. ऐजन ।
२९. ऐजन ।
३०. ऐजन ।
३१. ऐजन ।
३२. ऐजन ।
३३. ऐजन ।

खेलकुदका लागि गठन भएको खेलकुद जिल्ला विकास समितिमा सचिव भएर कार्यभार सम्हालेका थिए । नेपालबाट अमेरिका प्रस्थान गरेपछि सन् १९९६-१९९७ मा अन्तराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) वासिङ्टन डि.सी. महासचिव भएर अमेरिकामा संस्थागत संलग्नता सुरु गरे ।[३४] यही समयमा उनले युएस नेपाल अनलाइनसँग नेपालीमा बोल्दै जाँदा एक जना विज्ञले उनलाई 'अङ्ग्रेजीमा बोल्न सक्नुहुन्छ कि ?' भनेर सोधेको कुराले आफूले नेपाली भाषा र साहित्यको बारेमा केही गरेरै छाड्ने अठोट गरे ।[३५] उनकै सक्रियतामा एएनए अन्तर्गतको सन् १९९६ देखि सुरु भएको अन्तराष्ट्रिय नेपाली कविता महोत्सव अहिले झन् मौलाउँदो छ । अहिले विश्वभरबाट प्रथम हुने कविले एक हजार डलर नगद पुरस्कार जित्ने व्यवस्था रहेको छ ।[३६] सन् १९९८ मा ग्रेटर बोस्टन नेपाली कम्युनिटीको कार्यकारी निर्देशकको जिम्मेवारी श्रेष्ठले पुरा गरे ।[३७] उनले यही संस्था मार्फत् पहिलो **वैशाखी साँझ** नामक सांस्कृतिक कार्यक्रमको जन्म दिए, जुन आजपर्यान्त हरेक वर्ष आयोजना गरिन्छ ।[३८] सन् १९९८-२००० को दुई वर्ष श्रेष्ठले अनेसासको अध्यक्ष भएर काम गर्ने अवसर पाए ।[३९] सन् १९९९मा अखिल नेपाली अमेरिकी सङ्घको कार्यकारी सदस्य भएर काम गरे ।[४०] सन् २००१ मा नेपाल अमेरिकन परिषद् (एन.ए.सी.) अमेरिकाको महासचिव भएर काम गरे ।[४१] सन् २००४-२००६ को समयमा श्रेष्ठले अमेरिका नेपाली समाजको सम्पादक सदस्य भई काम सम्पन्न गरे ।[४२] सन् २०१० मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको सल्लाहकार भई उनले संस्थागत संलग्नतालाई निरन्तरता दिए ।[४३] सन् २०१० देखि वर्तमानसम्म उनले ए.एन.ए नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिकाको अध्यक्ष भएर आफ्नो कार्य जिम्मेवारी कुशलताका साथ सम्हालिरहेका छन् ।[४४]

## २.९ सम्मान तथा पुरस्कार

वसन्त श्रेष्ठले विभिन्न अवसरमा सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । उनले सर्वप्रथम वि.सं. २०६४ मा अग्रगामी साहित्यको सिर्जना तथा नेपाली साहित्यको

३४. ऐजन ।
३५. वसन्त श्रेष्ठ,'वसन्त श्रेष्ठको एकल कविता प्रस्तुति', **सिर्जनाका यात्राहरू**, (मे ५, सन् २०१३), पृ ६ ।
३६. ऐजन ।
३७. ऐजन ।
३८. ऐजन ।
३९. ऐजन ।
४०. ऐजन ।
४१. ऐजन ।
४२. ऐजन ।
४३. ऐजन ।
४४. ऐजन ।

विश्वव्यापी प्रवर्द्धनमा उल्लेख्य योगदानको कदर गरे वापत् अस्वीकृत विचार गुठी नेपालबाट अस्वीकृत विचार साहित्य पुरस्कार प्राप्त गरेका थिए ।[४५] त्यस्तैगरी उनलाई अनेसास-ए.एन.ए. कविता महोत्सवमा उत्तम निर्णायकको भूमिका निर्वाह गरेवापत् सन् २००८ मा अनेसास डीसीले उत्तम निर्णायक पुरस्कार प्रदान गरेको थियो ।[४६]

वसन्त श्रेष्ठलाई ए.एन.ए. को अधिवेशनमा उदाहरणीय भूमिका निर्वाह गरेवापत् ए.एन.ए. अमेरिकाले सम्मानपत्र प्रदान गरेको छ ।[४७] ए.एन.ए. अमेरिकाले सन् १९९७ मा अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययनका लागि **नेपाली डायस्पोरामा देवकोटा** विषयमा कार्यपत्र प्रस्तुत गरेकोमा सम्मान पत्रद्वारा सम्मान गरेको छ ।[४८] त्यस्तै अनेसास वासिङ्टन डि.सी.ले सन् २०११ मा श्रेष्ठलाई सम्मानपत्र प्रदान गरेको छ ।[४९] उनले साहित्यिक पत्रकार सङ्घ नेपालबाट २०६५ सालमा नेपाली कविताको क्षेत्रमा देखा परेका एक सशक्त प्रतिभाशाली कवि भनी प्रदान गरिएको व्यथित काव्य सम्मान पुरस्कार प्राप्त गरेका छन् ।[५०] सन् २०११ मा एकल कविता वाचनमा सशक्त रूपमा कविता वाचन तथा साहित्यको विकासमा निरन्तर योगदान गरेवापत् सिर्जनाका यात्राहरू न्युयोर्क अमेरिकाले कदर पत्र प्रदान गरेको छ ।[५१] अखिल नेपाली अमेरिकी सङ्घ, अमेरिकाले नेपाली भाषा तथा साहित्यमा अटुट रूपमा विगत १६ वर्षदेखि सेवा गरेवापत सम्मान पत्रद्वारा सम्मान गरेको छ ।[५२] भानुवर्ष २०१३ को अवसरमा आदिकवि भानुभक्त : नेपाली भाषा र हाम्रो दायित्व नामक कार्यपत्र प्रस्तुत गरेकोमा उनले अनेसास अमेरिकाद्वारा भानु वर्ष २०१३ सम्मान प्राप्त गरेका छन् ।[५३]

## २.१० धारणा र मान्यता

समग्र जीवनभरि नेपाली भाषा र साहित्यको सेवा गरेर जीवन बिताइरहेका वसन्त श्रेष्ठ साहित्यलाई हृदयको भावनाको रूपमा लिन्छन् । साहित्य अनुभूतिको विश्लेषण पनि

४५. ऐजन ।
४६. ऐजन ।
४७. ऐजन ।
४८. ऐजन ।
४९. ऐजन ।
५०. ऐजन ।
५१. ऐजन ।
५२ .ऐजन ।
५३. ऐजन ।

भएकाले उनी साहित्यलाई जीवन ठान्छन् ।[५४] साहित्य जीवनलाई चारैतिरबाट अभिव्यक्त गर्ने कला भएको भावनात्मक र वैचारिक कुरालाई शैली शब्दले प्रष्ट भावना आउने खालको हुनुपर्ने उनको मान्यता छ । साहित्य अनुभूति सिर्जना गर्न सक्ने, विचार विस्तार गर्न सक्ने र जीवनको हरेक प्रश्नको उत्तर दिन सक्ने हुनुपर्ने श्रेष्ठको साहित्यिक धारणा छ ।[५५]

साहित्यले जीवन परिवर्तन गर्छ । त्यसरी नै समाजले जीवन परिवर्तन गर्छ । विकसित, सृजनशील र प्रगतिगामी जीवनको लागि उद्धार र पूर्ण समाजको विकास भएको देख्न पाउनु नै सिर्जनशील साहित्यकारको सपना हो । साहित्यले समाजलाई यो सन्देश दिनु पर्छ । असल साहित्यकारमा विनयशीलता, सरलता, अन्वेषणशीलता र लगनशीलता हुनुपर्छ । कुनै दम्भ, आग्रह, पूर्वाग्रह नराखी समाज परिवर्तन गर्न सक्ने साहित्य लेखिनुपर्छ । साहित्य समाजको प्रतिबिम्ब हो । प्रगतिगामी साहित्यले समाजलाई सही दिशामा डोहोऱ्याउने र सही नेतृत्व प्रदान गर्दछ । समाजको, व्यक्तिको र राष्ट्रको हितमा काम गर्नु, गतिशील, प्रगतिशील तथा विकासशील समाजको अवधारणा राखी निरन्तर कर्तव्य पथमा अग्रसर भएर सङ्घर्ष गर्दै जानुपर्छ भन्ने श्रेष्ठको मान्यता रहेको छ ।[५६]

## २.११ लेखन तथा प्रकाशन

### २.११.१ लेखनका लागि प्रेरणा र प्रभाव

साहित्य कर्म श्रेष्ठको मुख्य रुचिको विषय हो । श्रेष्ठका पिताले सिंहवाहिनी हाइस्कुलबाट **मगज** नामको साहित्यिक हस्तलिखित पत्रिका निकालेका थिए । त्यस्तै उनका साथीहरू ले **बिरुवा** नामको भित्तेपत्रिका निकालेका थिए ।[५७] यिनै पत्रिकाको प्रभाव र प्रेरणाले साहित्य लेखन सुरु गरे । उनका बुबा पनि साहित्य लेख्ने भएकाले उनको लेखनको प्रेरणा स्रोत पनि बुबा नै हुन् ।[५८] घरमा नै साहित्यिक वातावरण भएकाले उनलाई साहित्यप्रति बढी रुचि भयो । श्रेष्ठ नेपाली साहित्यकारहरूमा कवि तुलसी दिवस र कवि भूपिशेरचनलाई बढी मन पराउँछन् । कविता लेखनमा उनले कवि भूपिशेरचनबाट प्रभाव ग्रहण गरेका छन् भने कविता वाचनका लागि कवि तुलसी दिवससँग अत्यन्तै प्रभावित भएका छन् ।[५९]

---

५४. ऐजन ।
५५. ऐजन ।
५६. ऐजन ।
५७. ऐजन ।
५८. ऐजन ।
५९. ऐजन ।

### २.११.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

वसन्त श्रेष्ठले ११ वर्षको उमेरमा २०२३ सालमा *तीनजुरे* शीर्षकको कविता लेखी कविता विधाबाट साहित्यमा कलम चलाउन सुरु गरेका हुन् ।[६०] सोही समयमा उनले साथीहरूसँग मिलेर **तीनजुरे** नामकै हस्तलिखित पत्रिका निकालेका थिए ।[६१] यही पत्रिकामा उनको यो कविता समेटिएको थियो । ६/७ कक्षामा पढ्दा हरेक शुक्रबार कक्षामा अतिरिक्त क्रियाकलापमा श्रेष्ठले कविता नै लेखेर सबैलाई सुनाउने गर्थे तर ती कविताहरू कुनै पनि संरक्षित भएनन् ।[६२] उनले साहित्यको कविता, गीत, र लेख विधामा कलम चलाएका छन् ।

श्रेष्ठका तीनओटा कविता सङ्ग्रहरू प्रकाशित भएका छन् । पहिलो कविता सङ्ग्रह **वसन्त श्रेष्ठका कविता** प्रकाशन गर्न अनेसासका साथीहरूको सल्लाह र विशेष गरी पुस्तकको सम्पादन गरी प्रकाशनमा ल्याइदिने गोविन्द गिरी प्रेरणाको सहयोग नै उनको पुस्तक प्रकाशनको श्रोत बन्यो ।[६३] श्रेष्ठका प्रकाशित कविता सङ्ग्रहरू निम्नानुसार छन् ।

१. **वसन्त श्रेष्ठका कविता** (२०६४ )

२. **भावनाका लहरहरू** (२०६६)

३. **उज्यालो खोज्ने आवाजहरू** (२०६७)

यी बाहेक श्रेष्ठका एक कविता सङ्ग्रह, एक गीती सङ्ग्रह र सङ्कलित साहित्यकार तथा कलाकारको जीवनी र व्यक्तित्व प्रकाशोन्मुख कृतिका रूपमा रहेका छन् ।[६४]

### २.११.३ प्रकाशित फुटकर रचनाहरूको सूची

वि.सं. २०२३ देखि लेखन कार्यलाई निरन्तरता दिँदै आएका वसन्त श्रेष्ठका फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । ती रचनाहरूको विवरण तल दिइएको छ :

---

६०. ऐजन ।
६१. ऐजन ।
६२. ऐजन ।
६३. ऐजन ।
६४. ऐजन ।

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | विधा |
|---|---|---|---|
| १ | *युगकवि सिद्धिचरण श्रेष्ठ एक क्रान्तिकारी कवि* | **विश्व परिक्रमा**, वर्ष १,अङ्क ६, सन् १९९९ | लेख |
| २ | *अमेरिकामा नेपाली राजदुतावास* | **दियालो**, वर्ष ११, अंक १, जुलाई २००४ | लेख |
| ३ | *अम्मर गुरुङ - एक परिचय* | **दियालो**, वर्ष ५, अंक २, फेब्रुअरी १९९८ | लेख |
| ४ | *अम्मर गुरुङ एक शब्द चित्र* | **दियालो**, वर्ष ६, अंक १, फेब्रुअरी १९९९ | लेख |
| ५ | *नेपाल बाहिर नेपाली भाषाको महत्त्व* | **स्मारिका, प्रथम अन्तराष्ट्रिय साहित्य सम्मेलन**, सन् २००९ | लेख |
| ६ | *बुबाको सम्झनामा* | **नारायणमान श्रेष्ठ स्मृतिग्रन्थ**, २०६४ | लेख |
| ७ | *रिमाल कविता गोष्ठि* | **अन्तर्दृष्टि** | लेख |
| ८ | *यथार्थवादी क्रन्तिकारी देवकोटा* | **अन्तराष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**, सन् २०११ | लेख |
| ९ | *मुमा सुभद्रादेवी श्रेष्ठ- एक शब्दचित्र* | **मिडियाक्याफे वेव पेज**, सन् २०११ | लेख |
| १० | *प्रकाशकीय* | **नारी श्रष्टा चिन्तन र सिर्जना**, सन् २०११ | लेख |
| ११ | *शुभकामना सन्देश -* | **मोनालिसा र मार्च ८,** सन् २०१० | लेख |
| १२ | *शुभकामना सन्देश* | **जीवनको यात्रा,** सन् २०१० | लेख |
| १३ | *दुई शब्द* | **ए.एन.ए. स्मारिका**, सन् २०११ | लेख |
| १४ | *शुभकामना सन्देश* | **ए.एन.ए. स्मारिका**, सन् २०११ | लेख |
| १५ | *शुभकामना सन्देश* | **अभिभारा**, वर्ष ३, अङ्क ३, सन् १९९९ | लेख |
| १६ | *वरिष्ठ स्रष्टा भवानी घिमिरे* | **भवानी घिमिरे श्रद्धाञ्जली**, सन् २०११ | लेख |
| १७ | *संस्कृतिविद् डा. सत्यमोहन जोशी* | **समकालीन साहित्य डट कम**, सन् २०११ | लेख |
| १८ | *बसन्तका दुई कोपिला* | **नमस्ते**, सन् २००८ | कविता |
| १९ | *ए परदेशिएका मित्र* | **वसिङ्टनका काव्य सुसेली**, सन् २०१२ | कविता |
| २० | *अकलबहादुर अमेरिकामा* | **वसिङ्टनका काव्य सुसेली**, सन् २०१२ | कविता |
| २१ | *मेरालेस गर्सिया* | **नेपाली खबर पत्रिका**, मार्च, २०११ | कविता |

| | | | |
|---|---|---|---|
| २२ | *मधुमास* | **उत्तर अमेरिकाका नेपाली कवि र कविता**, सन् २००९ | कविता |
| २३ | *सम्भना* | **उत्तर अमेरिकाका नेपाली कवि र कविता**, सन् २००९ | कविता |

वसन्त श्रेष्ठका यी विभिन्न पत्रपत्रिका बाहेकका अन्य कविताहरू पनि विभिन्न वेव पेज र पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका रचनाहरू वेव पेज **नेपाली पोस्ट डट कम, डि.सी. नेपाल डट कम, समकालीन साहित्य डट कम, ग्लोबल नेपाल डट कम, इ नेपलीज् डट कम, नेपाल मिडिया क्याफे** र छापा पत्रिकाहरू **विश्व सन्देश पत्रिका, नेपाली खबर पत्रिका, विश्व परिक्रमा पत्रिका, एभरेष्ट टाइम्स, प्रयास, दब, लवकुश** आदिमा प्रकाशित भएका छन् ।[६५] अन्य पत्रिकामा प्रकाशित भएका कविताहरू कविता सङ्ग्रहमा सङ्गृहीत भैसकेकाले यहाँ उल्लेख गरिएको छैन ।

वसन्त श्रेष्ठको **विभिन्न साहित्यकार र कलाकारको जीवनी र व्यक्तित्व** शीर्षकको लेख सङ्ग्रह प्रकाशोन्मुख रहेको छ । यो सङ्ग्रह यही आगामी साल प्रकाशन गर्ने श्रेष्ठको लक्ष्य रहेको छ ।[६६] उनको यस सङ्ग्रहमा समेटिएका लेखहरू निम्नानुसार रहेका छन् :

१. *आदिकवि भानुभक्त आचार्य*

२. *महाकवि लक्ष्मीप्रसाद देवकोटा*

३. *क्रान्तिकारी कवि गोपालप्रसाद रिमाल*

४. *युगकवि सिद्धिचरण श्रेष्ठ*

५. *कवि भूपि शेरचन*

६. *संस्कृतिविद् डा. सत्यमोहन जोशी*

७. *राष्ट्रकवि माधवप्रसाद घिमिरे*

८. *वरिष्ठ साहित्यकार डा. तारानाथ शर्मा*

९. *भुटानी मानव अधिकारवादी टेकनाथ रिजाल*

१०. *गायक तथा सङ्गीतकार अम्मर गुरुङ*

११. *कलाकार नीर शाह*

१२. *गायक दीप श्रेष्ठ*

६५. ऐजन ।
६६. ऐजन ।

## २.११.४ सम्पादन कार्य

वसन्त श्रेष्ठले लेखनका साथसाथै सम्पादन कार्य पनि गरेका छन् । उनले विभिन्न सङ्घसंस्थामा रहेर विभिन्न पत्रपत्रिकाहरू र पुस्तकको सम्पादन गरेका छन् । ११ वर्षको कलिलो उमेरदेखि सम्पादन कार्य सुरु गरेका श्रेष्ठले हालसम्ममा निम्नानुसारका सम्पादन कार्य गरिसकेका छन् :[६७]

१. **तीनजुरे** हस्तलिखित पत्रिका, तेरथुम ( वि.सं.२०२३ )

२. **पूर्वेली धुन** सामयिक साहित्यिक सङ्कलन, काठमाडौं ( वि.सं.२०२९ )

३. **अन्तर्दृष्टि** अनेसासको प्रकाशन, अमेरिका ( वि.सं. २०४३ )

४. **इन टच** ए.एन.ए.को प्रकाशन ( वि.सं.२०५४ )

५. **टेलिफोन डाइरेक्टरी** अमेरिका नेपाली समाज ( वि.सं. २०६० )

६. **आवाज** अङ्क १ अमेरिका नेपाली समाजको प्रकाशन ( वि.सं.२०६१ )

७. **आवाज** अङ्क २ अमेरिका नेपाली समाजको प्रकाशन ( वि.सं.२०६२ )

८. **टेलिफोन डाइरेक्टरी** अमेरिका नेपाली समाज ( वि.सं.२०६२ )

९. **आवाज** अङ्क ३ अमेरिका नेपाली समाजको प्रकाशन ( वि.सं.२०६३ )

१०. **उत्तर अमेरिकाको नेपाली कवि र कविता** अमेरिका, क्यानडा ( वि.सं.२०६६ )

६७. ऐजन ।

# तेस्रो परिच्छेद

# वसन्त श्रेष्ठको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व मानिसको पहिचान हो । कुनै पनि व्यक्तिको व्यक्तित्व नै उसको विशेषताको परिचायक हुन्छ । सामान्यतया व्यक्ति बाह्य र आन्तरिक गरि दुई प्रकारका हुन्छन् । बाह्य व्यक्तित्व व्यक्तिको रूप, रङ आदिमा देख्न सकिन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिको स्वभाव, गुण, क्रियाकलाप आदिबाट थाहा पाउन सकिन्छ । यसरी बाह्य व्यक्तित्व व्यक्तिको शारीरिक रूपरङ, बनोट आदिसँगै सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निहित गुण वा विशेषताहरूसँग सम्बन्धित हुन्छ ।

नेपाली साहित्यको मुख्य गरी कविता विधामा र केही गीत, लेख रचना आदि विधामा कलम चलाउने वसन्त श्रेष्ठले कविता विधाको समुन्नतिमा योगदान पुऱ्याएका छन् । शारीरिक बनोट र साहित्यिक सिर्जनकर्मका आधारमा उनको व्यक्तित्व बहुमुखी देखिन्छ । यिनै बहुमुखी व्यक्तित्वका विविध पक्षलाई यहाँ चर्चा गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व

वसन्त श्रेष्ठको शारीरिक व्यक्तित्व मझौला खालको रहेको छ । उनी पाँच फिट सात इन्च उचाई, गहुँगोरो वर्ण र ७७ किलो तौल भएका व्यक्ति हुन् ।[६८] सानै उमेरदेखि साहित्यमा रुचि देखाउने श्रेष्ठ मध्यमवर्गीय परिवारमा हुर्किएका हुन् । सरल, इमान्दार, स्पष्ट, कर्तव्यनिष्ठ व्यक्तित्व श्रेष्ठको रहेको छ ।[६९] उनी नेपाली भाषा र साहित्यको उत्थानका साथै समाजको तस्वीर र जीवन साहित्यमा खिच्न सक्ने प्रतिभा हुन् । विभिन्न सङ्घसंस्थाहरूको नेतृत्व बहन गरिसकेका श्रेष्ठमा नेतृत्व गर्न सक्ने क्षमतावान् व्यक्तित्व पनि रहेको छ ।

६८. ऐजन ।
६९. ऐजन ।

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

व्यक्तिको व्यक्तित्व निर्माणमा उसको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक पृष्ठभूमिले निर्णयात्मक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा र जीवनजगत्प्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छ । यी सम्पूर्ण कुराका आधारमा श्रेष्ठ हालसम्म लेखन तथा अन्य विविध क्रियाकलापहरूमा संलग्न रहिआएकाले उनको व्यक्तित्व बहुआयामिक छ । उनी लेखनबाहेक विभिन्न सामाजिक, साहित्यिक सङ्घसंस्थाहरूसँग आबद्ध भएका छन् । उनका यिनै बहुआयामिक व्यक्तित्वका विविध पक्षहरूलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ :

### ३.३.१ साहित्यिक व्यक्तित्व

वसन्त श्रेष्ठ आधुनिक नेपाली साहित्यका उल्लेखनीय साहित्यकार हुन् । कविता विधामा कलम चलाएर ख्याति कमाएका कवि नेपालको तेरथुम जिल्लामा जन्मेर त्यहीँबाट साहित्यिक यात्रा सुरु गरी काठमाडौं हुँदै अमेरिकासम्म पुग्दा पनि आफ्नो साहित्यिक यात्रामा कुनै कमी आएको छैन अझ दियोमा तेल थपिएको छ । उनी अमेरिकामा बसेर नेपाली भाषा र साहित्यलाई विकास गर्न हरदम लागेको कुरा उनका प्रकाशित तीनओटा कविता सङ्ग्रह र विभिन्न साहित्यिक संस्थाहरूमा आबद्ध भई पत्रपत्रिकाहरूको सम्पादन, प्रकाशन गर्नुले प्रष्ट पारेको छ । श्रेष्ठको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा व्यक्तित्वमा विभाजन गरी निम्नानुसार अध्ययन गरिन्छ :

#### १. कवि व्यक्तित्व

वसन्त श्रेष्ठको साहित्यिक पाटाहरूलाई केलाउँदा कवि व्यक्तित्व प्रमुख रहेको छ । उनको कविता विधा उर्वर विधा हो । यिनले आफ्नो साहित्यिक विधाको प्रारम्भ कविताबाटै गरेका हुन् । वि.सं. २०२३ सालमा *तीनजुरे* शीर्षकको कविता लेखेर कविता लेखन प्रारम्भ गरेका श्रेष्ठको यो कविता उनैले सम्पादन गरेको **तीनजुरे** नामकै हस्तलिखित पत्रिकामा समेटिएको थियो । त्यसपछि निरन्तर कविता सिर्जनामा रहेका वसन्त श्रेष्ठका हालसम्म तीन ओटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । ती निम्न छन् :

**(क) वसन्त श्रेष्ठका कविता (२०६४)**

**(ख) भावनाका लहरहरू (२०६६)**

**(ग) उज्यालो खोज्ने आवाजहरू (२०६७)**

श्रेष्ठका यी कविता सङ्ग्रहमा सङ्गृहीत कविता बाहेक अन्य कविताहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । जसअन्तर्गत *विदाइका हातहरू,* (**अन्तर्दृष्टि**, सन् २०००), *एउटा देशको कथा* (२०५३), *वसन्तका दुई कोपिला* (नमस्ते २००८), *ए परदेसिएका मित्र* (*वासिङ्टनका काव्य सुसेली,* सन् २०१२), *अकल बहादुर अमेरिकामा* (**वासिङ्टनका काव्य सुसेली**, सन् २०१२), *मोरालेस गार्सिया* (**नेपाली खबर पत्रिका**, सन् २०११), *मधुमास* (**उत्तर अमेरिकाका नेपाली कवि र कविता**, सन् २००९), *सम्झना* (**उत्तर अमेरिका नेपाली कवि र कविता**, सन् २००९), आदि रहेका छन् । यी कविताहरू बाहेक अन्य वेब पेज **नेपाली पोष्ट डट कम, डिसी नेपाल डट कम, समकालीन साहित्य डट कम, ग्लोबल नेपाल डट कम, इ नेप्लीज डट कम, नेपाल मिडिया क्याफे** आदि र छापा पत्रिकाहरू **विश्व सन्देश पत्रिका, नेपाली खबर पत्रिका, विश्व परिक्रमा पत्रिका, एभरेष्ट टाइम्स, प्रयास, दबु, लवकुश** आदिमा पनि प्रकाशित भएका छन् ।

वसन्त श्रेष्ठ अमेरिकामा बसेर विदेशमा बसेका नेपाली मनहरूको पीडा, व्यथालाई जस्ताको तस्तै प्रगीतात्मक शैलीमा कवितामा उतारेका छन् । उनका कवितामा सामाजिक जीवनका यावत समस्याहरूलाई टिपेर विषयवस्तु बनाइएको छ । स्वदेशलाई छाडेर परदेसिनुपर्ने बाध्यता र परदेशमा नेपालीले आफ्नो देशको यादमा कष्टकर जीवन बिताउनुपर्ने तीतो यथार्थ उनका कवितामा छर्लङ्ग छ । कविता विधामा कलम चलाउँदै आएका वसन्त श्रेष्ठ आफ्नो मनमा उठेका भावनाका तरङ्ग लहरीलाई सुकोमल शैलीमा उतार्न खप्पिस छन् । उनी जहाँ गएपनि आफ्नो कवितामा त्यहाँको सुन्दरताको रसिलो चित्रण र विसङ्गतिको कारूणिक क्रन्दन कोर्न कहिल्यै पछि परेनन् । उनले आफ्नो गाउँलाई बिर्सन नसकेर, आफ्नो अनन्य मित्रलाई भुल्न नसकेर अनि प्रकृतिको सुन्दरताबाट लठ्ठ परेर गुनिला कविताहरू सिर्जना गरेका छन् ।[७०] समसामयिक नेपाली कविताको प्रमुख धार रहेको सामाजिक न्यायको पक्षमा चेतनाप्रवाह गर्दै विद्रोहको आवाज घन्काउँदै आमूल परिवर्तनको चाहना र राजनीतिक अवसरवादप्रतिको आक्रोश श्रेष्ठका कवितामा पाइन्छ ।

७३ वसन्त श्रेष्ठ'एकल कविता प्रस्तुति',पूर्ववत्,पृ ६ ।

कवि श्रमजीवी वर्गप्रति संवेदनशील र सहानुभूतिशील रहेका छन् । नेपालीहरू बाध्यतामा विदेसिनु पर्ने अवस्था छ । कतिपय मानिसहरू रहर, व्यवहारिकता आदि जे कारणले विदेसिएको भएपनि नेपाली भूमि, नेपाली माटोलाई भूल्न सक्दैन भन्ने चित्रणका साथमा राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएका कविता उनले सिर्जना गरेका छन् ।

कवि श्रेष्ठका तीनओटा कविता सङ्ग्रहहरूलाई नियाल्दा उनको **वसन्त श्रेष्ठका कविता** कविता सङ्ग्रहमा सङ्गृहीत सबै कवितामा मानवीय भावनाले भरिपूर्ण रहेका छन् । विदेशमा रहेका नेपालीका आफ्नै कथा व्यथाहरू छन् । नेपालीहरू विदेशमा सधैँ सुखद समाचार मात्र सुन्न चाहन्छन् तर सधैँ त्यस्तो सम्भव हुँदैन । तापनि उनीहरू सुखद समाचार सुन्ने आशामा प्रतीक्षा गरिरहन्छन् । विदेशमा बसेर पनि उनीहरूको मन नेपालमै छ र विदेशबाट उनीहरूले मुलुकभित्रका यावत् घटनाहरूलाई नियालिरहेका छन् । परदेशमा रहेका नेपालीहरूको अवस्थिति र मनोदशालाई पनि कविले संवेदनशील भई कवितामा उतारेका छन् । कविले आफ्नो कवितामार्फत् आशावादी स्वर प्रकट गरेका छन् । त्यस्तै उनको अर्को कविता सङ्ग्रह **भावनाका लहरहरू** कविता सङ्ग्रहमा कवि मनमा उठेका भावनाहरूमा सहृदयी पाठकलाई सजिलै बग्न सक्ने गरी पोखेका छन् । मानवीय भावना, प्रकृतिसँग आबद्ध जीवनको सुन्दरता साथै आफ्नो गाउँठाउँको परिवेशको सुन्दर चित्रण पाइन्छ । साथै बिछोडिएको प्रेमी आफ्नो प्रेमिकाको यादमा कति जल्छ भन्ने चित्रण उनका कवितामा छ । कुनै कवितामा प्रेम जगत्का भावनाका गहिराइसम्म पुगेका छन् भने कुनैमा प्रकृतिका विभिन्न रूपरङलाई आत्मसात् गर्दै कविले आफूलाई समाहित गरेका छन् । उनका कविताले जीवनको गहिराइसम्म पुगेर अर्थ खोज्छन् । श्रेष्ठको **उज्यालो खोज्ने आवाजहरू** कविता सङ्ग्रहमा समेटिएका कविताहरूमा परदेसीय मनोदशा उजागर गरेका छन् साथै स्वदेशको महिमागानलाई सुन्दर काव्यवाणी दिएका छन् । कवि श्रेष्ठले आप्रवासी नेपालीहरूको जन्मभूमिप्रतिको आशक्ति प्रर्दशन गरेका छन् । त्यस्तै स्वदेशप्रतिको अपार माया भएका कविले देशमा बढ्दै गइरहेको हत्या, हिंसा, भ्रष्टाचारले देशलाई आक्रान्त बनाएकोमा दुःखी हुँदै देश परिवर्तनको चाहना राखेका छन् । देशमा क्रान्ति गरेर, कयौँले ज्यान गुमाएपनि सत्तामा जानेहरूको उस्तै प्रवृत्ति भएकाले कवि जनताप्रति सहानुभूति प्रकट गर्छन् । बेर भए पनि अबेर भएको छैन भन्दै कविले नेपाली जनतालाई क्रान्तिको यात्रा नरोक्न आह्वान गरेका छन् । उनका कवितामा मानव समाजका तितामिठा प्रसङ्गहरू र मानव मनका यावत् अनुभूतिलाई काव्यवाणी दिएका छन् ।

## २. लेखक व्यक्तित्व

वसन्त श्रेष्ठले लेख रचनाहरूमा कलम चलाएका छन् । यो उनको कवितापछि दोस्रो सशक्त विधा हो । उनका लेखहरू विभिन्न साहित्यकार तथा कलाकारका जीवनी र व्यक्तित्वको बारेमा लेखिएका छन् । अन्य नेपाली भाषाको महत्त्व, शुभकामना सन्देश जस्ता विषयवस्तुलाई लिएर पनि श्रेष्ठले लेख लेखेका छन् । उनका धेरै लेखहरू पत्रपत्रिकामा प्रकाशित भैसकेका छन् भने कतिपय अप्रकाशित रहेका छन् । उनका लेखहरू सङ्ग्रहका रूपमा भने आएका छैनन् । यही आउने वर्षमा विभिन्न साहित्यकार र कलाकारको जीवनी र व्यक्तित्व शीर्षकको लेख सङ्ग्रह प्रकाशित गर्ने श्रेष्ठको लक्ष्य रहेको छ । उनका फुटकर रूपमा प्रकाशित रहेका लेखहरू निम्नानुसार छन् :

१ *अम्मर गुरुङ - एक परिचय* : **दियालो**, फेब्रुअरी १९९८

२ *युगकवि सिद्धिचरण श्रेष्ठ एक क्रान्तिकारी कवि* : **विश्व परिक्रमा**, वर्ष १,अङ्क ६, सन् १९९९

३ *अम्मर गुरुङ एक शब्द चित्र* : **दियालो**, वर्ष ६, अंक १, फेबुररी १९९९

४ *शुभकामना सन्देश* : **अभिभारा**, वर्ष ३, अङ्क ३, थकाली सेवा समिति, जापान, सन् १९९९

५ *अमेरिकामा नेपाली राजदुतावास* : **दियालो**, वर्ष ११, अंक १, जुलाई २००४

६ *नेपाल बाहिर नेपाली भाषाको महत्त्व* : **स्मारिका**, सन् २००९

७ *प्रकाशकीय* : **नारी श्रष्टा चिन्तन र सिर्जना**, सन् २०११

८ *शुभकामना सन्देश* : **मोनालिसा र मार्च ८**, अमेरिका, सन् २०१०

९ *शुभकामना सन्देश* : **जीवनको यात्रा**, सन् २०१०

१० *बुबाको सम्झनामा* : **नारायणमान स्मृतिग्रन्थ**, २०६४

११ *रिमाल कविता गोष्ठी* : **अन्तर्दृष्टि**, अनेसास

१२ *यथार्थवादी क्रन्तिकारी देवकोटा* : **अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**, सन् २०११

१३ *मुमा सुभद्रादेवी श्रेष्ठ- एक शब्द**चित्र*** **: मिडियाक्याफे वेव पेज, सन् २०११**

**१४ *दुई शब्द* : ए.एन.ए. स्मारिका, सन् २०११**

**१५ *शुभकामना सन्देश* : ए.एन.ए. स्मारिका**, सन् २०११

१६ *वरिष्ठ स्रष्टा भवानी घिमिरे* : **भवानी घिमिरे श्रद्धाञ्जली पुस्तक**, सन् २०११

१७ *संस्कृतिविद् डा. सत्यमोहन जोशी* : **समकालीन साहित्य डट कम**, सन् २०११

वसन्त श्रेष्ठका प्रकाशन हुन बाँकी वा प्रकाशोमुख **विभिन्न साहित्यकार र कलाकारको जीवनी र व्यक्तित्व** लेख सङ्ग्रह रहेको छ । यस सङ्ग्रहमा १२ ओटा लेखहरू समेटिएका छन् । सबै लेखहरूमा नेपाली साहित्यकारका र कलाकारका जीवनी र व्यक्तित्वको चर्चा गरिएको छ । ती लेखहरूमा *आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, क्रान्तिकारी कवि गोपालप्रसाद रिमाल, युगकवि सिद्धिचरण श्रेष्ठ, कवि भूपि शेरचन, संस्कृतिविद् डा. सत्यमोहन जोशी, राष्ट्रकवि माधवप्रसाद घिमिरे, वरिष्ठ साहित्यकार डा. तारानाथ शर्मा, भुटानी मानव अधिकारवादी टेकनाथ रिजाल, गायक तथा सङ्गीतकार अम्मर गुरुङ, कलाकार नीर शाह, गायक दीप श्रेष्ठ* पर्दछन् ।

माथि उल्लिखित प्रकाशित र प्रकाशोन्मुख लेखहरूमा धेरैजसो नेपाली साहित्यका प्रमुख साहित्यकारहरू र नेपालीका प्रमुख कलाकारहरूको जीवनी र व्यक्तित्वलाई विषयवस्तु बनाइएको छ । उनका कतिपय लेखहरू शुभकामना सन्देशले भरिएका छन् । नेपाल बाहिर नेपाली भाषाको महत्त्वबारे पनि उनले लेख लेखेका छन् ।

## ३ गीतकार व्यक्तित्व

श्रेष्ठ मूलतः गीतकार होइनन् । उनले गीत विधामा कलम भने चलाएका छन् । उनका गीतहरू अहिलेसम्म प्रकाशित पनि भएका छैनन् भने सङ्गीत तथा गायन पनि भएको छैन । उनको एक गीति सङ्ग्रह प्रकाशोन्मुख रहेको छ । समयले साथ दिएमा यही आउने वर्ष प्रकाशनमा ल्याउने श्रेष्ठको उद्देश्य रहेको छ ।

## ४. सम्पादक व्यक्तित्व

वसन्त श्रेष्ठले विभिन्न साहित्यिक संस्थाहरूमा रहेर विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गरेका छन् । सम्पादनकै क्रममा उनले २०२३ सालमा ११ वर्षको उमेरमा **तीनजुरे** हस्तलिखित पत्रिका तेरथुममा प्रकाशन गरी भाषा साहित्य सेवामा लागेर आफ्नो साहित्यिक यात्रा सुरु गरेका हुन् । त्यसपछि पढाइलाई अगि बढाउदै साहित्यको कविता विधामा कलम चलाउन सुरु गरेका श्रेष्ठले काठमाडौं आएर २०२९ सालमा **पूर्वेली धुन** नामक साहित्यिक पत्रिका सम्पादन गरेर प्रकाशन गरे । काठमाडौंबाट अमेरिका प्रस्थान गरेका कविले

अमेरिकामा गएर पनि आफ्नो साहित्यिक यात्रालाई निरन्तर अगाडि बढाइरहे । अमेरिकामा छँदा उनले २०५३ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको प्रकाशन रहेको **अन्तर्दृष्टि** पत्रिकाको सम्पादन गरे । सम्पादनकै क्रममा अखिल नेपाली अमेरिकी सङ्घको प्रकाशन रहेको **इन टच** (२०५४), अमेरिका नेपाली समाजको प्रकाशन रहेको **आवाज**, (अङ्क १, २०६१)**, आवाज** (अङ्क २, २०६२), **आवाज** (अङ्क ३, २०६३), **उत्तर अमेरिकाका नेपाली कवि र कविता**, (२०६६), अमेरिका नेपाल समाजको प्रकाशनमा रहेको **टेलिफोन डाइरेक्टरी** (२०६०) र, अमेरिका नेपाल समाजको प्रकाशनमा रहेको **टेलिफोन डाइरेक्टरी** (२०६२)समेत सम्पादन र प्रकाशन गरेका छन् ।

वसन्त श्रेष्ठको व्यक्तित्व साहित्यिक क्षेत्रमा मात्र सीमित नरही साहित्येतर क्षेत्रमा पनि उर्वर रहेको छ । यिनी समाजसेवा, सङ्घसंस्था आदिमा संलग्न रहेका छन् । उनको साहित्येतर व्यक्तित्वका विविध पक्षहरूलाई यसप्रकार अध्ययन गरिन्छ :

## ३.३.२ साहित्येतर व्यक्तित्व

वसन्त श्रेष्ठको व्यक्तित्व साहित्येतर क्षेत्रमा पनि फैलिएको देखिन्छ । यिनको व्यक्तित्व सङ्घसंस्था, पेसागत व्यक्तित्व, सामाजिक व्यक्तित्व आदि क्षेत्रमा पनि रहेको छ । उनका साहित्येतर व्यक्तित्वका पक्षहरूलाई यस प्रकार देखाइन्छ :

### १. सङ्घसंस्थासँग आबद्ध व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । ऊ समाज निरपेक्ष हुन सक्दैन । मानिसले समाजका हरेक क्रियाकलापसँग प्रत्यक्ष, अप्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । वसन्त श्रेष्ठ पनि यसबाट अछुतो रहन सकेका छैनन् । उनको सङ्घसंस्थागत संलग्नता र योगदान अत्यन्त उर्वर रहेको छ । श्रेष्ठको संस्थागत संलग्नतालाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

- नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य (        )
- जिल्ला खेलकुद परिषद्, तेरथुमका जिल्ला सचिव (२०३२/२०३३)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डी.सी., महासचिव (सन् १९९६–१९९७)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डी.सी., अध्यक्ष (सन् १९९८–२०००)

- ग्रेटर बोस्टन नेपाली कम्युनिटी, कार्यकारी निर्देशक (सन् १९९८)
- अखिल नेपाली अमेरिकी सङ्घ, कार्यकारी सदस्य (सन् १९९९)
- नेपाली अमेरिकन परिषद्, अमेरिका, महासचिव (सन् २००१)
- अमेरिका नेपाली समाज  सम्पादक सदस्य (२००४–२००६)
- ए.एन.ए. नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिका, अध्यक्ष (२०१०-हालसम्म)

## २. पेसागत व्यक्तित्व

वसन्त श्रेष्ठ जीवन निर्वाहका लागि एक रिटेल कम्पनीमा आबद्ध भएर काम गरिराखेका छन् । उनले यस कम्पनीमा दैनिक जीवनमा आइपर्ने कार्य जिम्मेवारीलाई राम्रोसँग सञ्चालन गर्दै आएका  छन् । आफूले राम्रोसँग कार्यभार सम्हालेर कम्पनीलाई आफ्नो आवश्यकता महसुस गराउँदा आफू सफल बन्ने श्रेष्ठको धारणा छ । श्रेष्ठ रिटेल कम्पनीको सहायक प्रबन्धकको पदमा रहेर कुशलताका साथ कार्य गर्दै रहेका छन् ।

## ३. सामाजिक व्यक्तित्व

वसन्त श्रेष्ठको सामाजिक व्यक्तित्व पनि एक महत्त्वपूर्ण व्यक्तित्व हो । उनले रेडक्रसको आजीवन सदस्यता लिएर सामाजिक कार्यको थालनी गरेको पाइन्छ । २०३२/३३ साल तिर तेरथुम जिल्लाको खेलकुदका लागि गठन भएको खेलकुद जिल्ला विकास समितिमा सचिव भएर कार्यभार सम्हालेका थिए । त्यसपछि साहित्य र समाजसेवालाई एकैसाथ लिएर अगाडि बढेका श्रेष्ठ नेपालको तेरथुमबाट काठमाडौं हुँदै अमेरिका पुगेर पनि साहित्य र समाजसेवा गरेका छन् । उनको सामाजिक कार्य साहित्यिक कार्यसँगै जोडिएर आउँछ । नेपाली भाषा साहित्यको संरक्षण, संवर्द्धन र विकासका लागि विभिन्न सामाजिक संस्थाहरूसँग आबद्ध भएर काम गरेका छन् । सन् १९९४मा अमेरिका पुगेपछि नेपाली भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण, संवर्द्धन र विकासका लागि स्थापित अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजमा आबद्ध भएर विभिन्न पदको कार्यभार पूरा गरेको पाइन्छ । सन् २०१० देखि नेपाली साहित्य प्रतिष्ठान उत्तर अमेरिकाको संस्थापक अध्यक्ष भएर कार्य गरिरहेका श्रेष्ठ छिमेकी गाउँको अध्यक्ष भएर पनि कार्य गरेका छन् । बोष्टनमा संस्थासँग आबद्ध रहदा त्यहाँ बस्ने नेपालीहरूबीच आपसी सम्बन्ध बढाउन उनले **टेलिफोन डाइरेक्टरी**को सम्पादन गरेर सामाजिक कार्यलाई  सशक्त बनाएको पाइन्छ ।

## ३.४ वसन्त श्रेष्ठको जीवनी व्यक्तित्व र कृतित्वका बीच अन्तःसम्बन्ध

कुनै पनि लेखनमा स्रष्टाको आफ्नो अनुभवहरू रहने नै गर्दछ । लेखकको जीवनी र व्यक्तित्वले उसको लेखनमा केही न केही प्रभाव पारिरहेकै हुन्छ । वसन्त श्रेष्ठ एक मध्यमवर्गीय शिक्षित परिवारमा जन्मिएर हुर्किएकाले सोही शिक्षित संस्कार उनका रचनाहरूमा रहेको छ । बाल्यकालदेखि नै उनका पिता र दाजुहरूले साहित्यिक पत्रिका प्रकाशन गरेका उनले पनि ११ वर्षको कलिलो उमेरमा नै पत्रिका निकालेर प्रतिभा देखाउन सुरु गरे । त्यसपछि उनले नियमित साहित्य लेखन, पत्रिका सम्पादनलाई निरन्तरता दिए ।

श्रेष्ठ नेपालबाट अमेरिका पुगे । उनको अमेरिका बसाइ परदेसीय बसाइ भएको र परदेशमा नेपालीहरूले कसरी जीवन बिताइरहेका छन्, यसको उदाङ्गो चित्रण उनले कृतिहरूमा गरेका छन् । यो उनको जीवनसँग प्रत्यक्ष मेल खान जान्छ । उनी डायस्पोरिक साहित्यकार हुन् । परदेशमा जीवन व्यतित गर्दा पीडा, वेदना र स्वदेशको यादले हरबखत पिरोलिरहने, घर फर्कन चाहँदा पनि अनेक बाध्यता र कठिनाइका कारण फर्कन नसकेको कारूणिक अवस्था श्रेष्ठका कृतिमा पाइन्छ । जुन लेखक स्वयम्को जीवनको यथार्थ प्रस्तुति हो ।

नेपाली भाषा, साहित्य र नेपाल देशप्रति अत्यन्त मोह राख्ने श्रेष्ठका रचनाहरूमा नेपालको डाँडा, पाखा, सुन्दर हरियाली, ढकमक्क गुराँस फक्रेको वातावरणको याद, प्रेयसीका मिठा यादहरू आदि सरल र स्पष्ट भाषामा कवितामा उतारिएको पाइन्छ । राजनीतिमा पुरै वितृष्णा भाव भएका श्रेष्ठका रचनाहरूमा नेपालमा बिग्रदै गएको राजनीति, बढ्दो हत्या, हिंसा, आतङ्क, नेताहरू भ्रष्ट बन्दै गइरहेको र नेपाली सर्वसाधारण जनताले पीडा वा मार खप्नुपरेको चिन्ता भाव कुशल शैलीमा उतारेको पाइन्छ । उनले नेपाल र नेपालीप्रति गर्ने मायाको एक झल्को यी रचनाहरूलाई मान्न सकिन्छ । यसबाट हेर्दा कतिपय उनले अनुभव गरेका घटनाहरू नै विषयवस्तुका रूपमा आएका छन् भने कतिपय आफैँले प्रत्यक्ष अनुभव गरेको नभएर सुनेको यथार्थ सत्यतालाई पनि यिनले कृतिमा विषयवस्तु लिएका छन् । साहित्येतर व्यक्तित्वमा उनको सङ्घसंस्थासँग आबद्ध व्यक्तित्व र सामाजिक व्यक्तित्व नै मुख्य हुन जान्छ । उनको प्रशासनिक व्यक्तित्व पनि महत्त्वपूर्ण नै रहेको छ ।

यसरी श्रेष्ठको जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच एक अर्काको प्रभाव वा अन्तः सम्बन्ध स्पष्ट रूपमा देखिन्छ ।

# चौथो परिच्छेद

# वसन्त श्रेष्ठको साहित्ययात्रा

## ४.१ परिचय

वसन्त श्रेष्ठले *तीनजुरे* शीर्षकको कविता **तीनजुरे** पत्रिकामा २०२३ सालमा प्रकाशित गरेर साहित्य यात्रा सुरु गरेका हुन् । त्यसपछि विभिन्न पत्रपत्रिकाहरूमा उनका रचनाहरू प्रकाशित हुनथाले । अहिले सम्ममा श्रेष्ठका **वसन्त श्रेष्ठका कविता** (२०६४), **भावनाका लहरहरू** (२०६६) र **उज्यालो खोज्ने आवाजहरू** (२०६७) गरी तीनओटा कविता सङ्ग्रह प्रकाशित भइसकेका छन् । यिनै कविता सङ्ग्रहका आधारमा वसन्त श्रेष्ठका कवितालाई तीन चरणमा विभाजन गर्न सकिन्छ ।

१. पहिलो चरण : प्रारम्भदेखि वि.सं. २०६४ सम्म

२. दोस्रो चरण : वि.सं. २०६५ देखि वि.सं. २०६६ सम्म

३. तेस्रो चरण : वि.सं. २०६७ देखि हालसम्म

### ४.१.१ पहिलो चरण : प्रारम्भदेखि वि.सं. २०६४ सम्म

वसन्त श्रेष्ठलाई बाल्यकालदेखि नै साहित्य लेखनमा रुचि रहेको देखिन्छ । आफ्नै बुबा नारायणमान श्रेष्ठले श्री सिंहवाहिनी हाइस्कुलमा छँदा **मगज** नामको साहित्यिक पत्रिका निकालेका थिए । यसैबाट प्रेरणा पाएर वसन्तले आफ्नो लेखन कार्यलाई प्रारम्भ गरेका हुन् । ११ वर्षको कलिलो उमेरमा नै *तीनजुरे* शीर्षकको कविता लेखी श्रेष्ठले **तीनजुरे** (२०२३) पत्रिकामा नै छापेका थिए । कविता वाचनका लागि कवि तुलसी दिवसलाई मन पराउने श्रेष्ठ लेखनमा भूपिशेरचनबाट निकै प्रभावित भएका छन् । श्रेष्ठ काठमाडौंबाट अध्ययनको लागि अमेरिका गए । आफ्नो मातृभूमि छोडि सात सुमुन्द्रपार अमेरिकामा गएर जीवन बिताउदै आएका श्रेष्ठले नेपालमा रहदा सुरु गरेको साहित्य लेखनलाई झन् विकास र विस्तार गर्दै गए । गोविन्द गिरी प्रेरणाको हौसला र सहयोगले उनले सर्वप्रथम **वसन्त श्रेष्ठका कविता** (२०६४) कविता सङ्ग्रह प्रकाशित गरे ।

वसन्त श्रेष्ठले साहित्य लेखनसँगै सम्पादन कार्य पनि अगाडि बढाए । उनले २०२३ सालमा तेरथुममा **तीनजुरे** नामक हस्तलिखित पत्रिकाको सम्पादन गरेका थिए । त्यसपछि

वि.सं. २०२९ मा काठमाडौंबाट प्रकाशित भएको **पूर्वेली धुन** नामक साहित्यिक पत्रिकाको सम्पादन गरे । अध्ययनको क्रममा अमेरिका पुगेका श्रेष्ठ त्यहाँको बसाइ र वातावरण मन परेर उतै स्थायीत्व ग्रहण गर्न पुगे । अमेरिका पुगेपछि उनले त्यहाँ गएर नेपाली साहित्यप्रति माया गर्ने साथीहरू सँग भेट्न पाए । फलस्वरूप उनी सन् १९९६-१९९७ मा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको महासचिव भए । यसले उनलाई साहित्यमा अगाडि बढ्न अझ सहयोग मिल्यो । सन् १९९८-२००० मा उनी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको अध्यक्ष भए । यसरी साहित्यिक संस्थामा संलग्न हुँदै श्रेष्ठले साहित्यिक यात्रा अगाडि बढाए ।

वसन्त श्रेष्ठले प्रथम चरणमा नै निकै उत्कृष्ट कविताहरू रचना गरेका छन् । यो चरणमा उनले ४१ वर्ष समय खर्चेका छन् । यति लामो अवधिमा उनको एउटा मात्र कविता सङ्ग्रह आउनु विडम्बना हो । उनका यस चरणका कविताहरूमा परदेसिनुको रहर वा बाध्यता, परदेसीय जीवन बिताउँदाको पीडा, चाहेर पनि स्वदेश फर्कन नसक्ने अवस्था, स्वदेशको सम्झनाले बारम्बार पिरोलिरहने, अमेरिकी जीवनशैली आदिको सशक्त चित्रण उनका यस चरणका कवितामा पाइन्छ । धन कमाउने आशामा ऋण लिएर विदेसिएका कयौं नेपाली सोचे जस्तो कमाइ नभएर भौंतारिएको र घर फर्कन खोज्दा उनीहरूको ऋण नै तिरिनसकेको अवस्थाले विदेशमानै कष्टकर जीवन बिताइरहनु पर्ने तितो यथार्थ कविले पोखेका छन् । परदेशमा छँदा चाडहरूमा मन अत्यन्त खिन्न हुने, घरको यादले सताएर पीडित हुँदै उतै जीवन बिताउनुपर्ने बाध्यता कविताले बोलेका छन् ।

स्वदेशप्रतिको अपार माया वसन्त श्रेष्ठका यस चरणका कवितामा झल्कन्छ । उनले विद्रोही क्रान्तिकारी भएर कविता सिर्जना गरेका छन् । कविलाई कहिलेकाहीँ आफ्नो देश हराएको भान हुन्छ । उनका कविता पढ्दा कविलाई देशको मायाले वारम्वार घचघच्याइरहेको बोध हुन्छ । सगरमाथालाई छोएर साम्राज्यवादको मुकाबिला गर्ने, स्वाधीनताको युद्ध लड्ने योद्धाको रूपमा कविले देशलाई लिएका छन् । देश स्वतन्त्र र सार्वभौम हुनुपर्ने उनको धारणा कवितामा पाइन्छ । कविले देशमा बढ्दो अन्याय र अत्याचारमा विरुद्ध युद्धको घोषणा गरेका छन् । चारैतिरको थिचोमिचो सहन नसकेर कवि आक्रोशको ज्वालामुखी फुटेझैँ युद्धको घोषणा गर्छन् । कवि कवितामार्फत् देशका निष्कलङ्क, झुठ, बैमान र षड्यन्त्रकारीहरूका विरुद्ध सारा बन्धन तोडेर, असमानताका पर्खालहरू फोडेर क्रान्तिको बिगुल फुक्न तम्सेका छन् ।

श्रेष्ठका कतिपय कवितामा अमेरिकाको जीवनशैली उतारिएको छ । न्युयोर्क सहरको व्यस्तता, इमान्दार, चोर, फटाहा अपराधी सबै लुक्ने सहरको रूपमा कविले व्याख्या गरेका छन् । समानतावादी सोच भएका कवि श्रेष्ठ जातीय उचनीचको भावना त्यागेर समान सोच राख्न सबैलाई सन्देश दिन्छन् ।

### ४.१.२ दोस्रो चरण (वि.सं. २०६५ देखि वि.सं. २०६६ सम्म)

वसन्त श्रेष्ठको यो चरण दुई वर्ष अवधिको रहेको छ । यस चरणमा उनका फुटकर रचनाहरू पनि पत्रपत्रिकामा प्रकाशित भएका छन् भने **भावनाका लहरहरू** (२०६६) कविता सङ्ग्रह प्रकाशित भएको छ । उनका फुटकर कविताहरूमा *वसन्तका दुई कोपिला* (**नमस्ते**, सन् २००८), *मधुमास* र *सम्झना* (**उत्तर अमेरिकाका नेपाली कवि र कविता**, २०६६) रहेका छन् ।

वसन्त श्रेष्ठको यस चरणलाई फरक विशेषता बोकेको चरण मान्न सकिन्छ । उनको **भावनाका लहरहरू** कविता सङ्ग्रहका कविताहरू मुक्तकीय शैलीका रहेका छन् । छोटा कविताहरू मार्फत् कविले मनको अन्तरकुन्तर खोतलेर पोखेका छन् । उर्लिएर आएका भावनाका छालहरू कविले कविताको रूप दिएका छन् । उनका कवितामा मायाप्रीति साटिएको छ । प्रेमिकाबाट बिछोडिएको प्रेमी व्याकुल बनी विरह वेदना पोख्छ । कवि कतै प्रेमको परिभाषा दिन्छन् त कतै जीवनको, कतै कविताको परिभाषा दिन पनि उनी सशक्त भएका छन् । घर छोडेर परदेसिएका कवि आफ्नो गाउँघरको यादमा छट्पटाएको भाव पनि कवितामा आएको छ ।

यस चरणमा कवि प्रकृति चित्रणमा विशेष रमाएका छन् । हरियाली वतावरण, तीनजुरे र फुलचोकी डाँडामा फक्रिएका गुराँसहरू, वरपिपल चौतारी, भञ्ज्याङ, डाँडा, खोल्सा, झरना, आदिसँग रमाउँदै त्यहीँको कल्पनाका रमणीय कविता सिर्जना गरेका छन् । यस चरणका कविताहरूमा कवि हृदयभित्र भरिएका भावहरू अभिव्यक्त भएका छन् ।

### ४.१.३ तेस्रो चरण (वि.सं. २०६७ देखि हालसम्म)

वसन्त श्रेष्ठको यो चरण अत्यन्त माझिएको, खारिएको र सशक्त रहेको छ । ४४ वर्षको लामो काव्य साधनाबाट निखारिएर आएका श्रेष्ठले यस चरणमा विभिन्न फुटकर रचनाहरू पत्रपत्रिकामा प्रकाशित गरेका छन् भने वसन्त श्रेष्ठका कविता (२०६७) कविता

सङ्ग्रह प्रकाशित भएको छ । यस चरणमा प्रकाशित उनका फुटकर कविताहरूमा *मोरालेस गार्सिया* (**नेपाली खबर पत्रिका**, सन् २०११), *अक्कलबहादुर अमेरिकामा* (**वासिङ्टनका काव्य सुसेली**, सन् २०१२), *ए परदेशिएका मित्र* (**वासिङ्टनका काव्य सुसेली**, सन् २०१२) पर्दछन् ।

वसन्त श्रेष्ठको यस चरणका कविताहरूका केही विशेषताहरू पहिलो चरणसँग मिल्न जान्छन् । उनले यस चरणमा पनि परदेसीय पीडा र मनोदशाको चित्रण सशक्त ढङ्गले गरेका छन् । नेपालको बिग्रँदो राजनीतिक अवस्था, देशका ठूला भनिएकाहरूबाट नेपाली सर्वसाधारणले पाएको दुःखलाई कविताको रूप दिएका छन् । आफ्नो ज्ञानसीपलाई बन्धक राखेर पसिनासँग वर्तमान गुजारिरहेका नेपालीहरू परदेशबाट फर्कन पनि नसकेको र त्यस ठाउँलाई कहिल्यै आफ्नो बनाउन पनि नसकेको दर्दनाक अवस्थाको चित्रण कवि श्रेष्ठले गरेका छन् ।

वसन्त श्रेष्ठले राष्ट्रप्रेम र विद्रोही भावनाले ओतप्रोत भएर कविता सिर्जना गरेका छन् । नेपाली जनतालाई दासी बनाएर सधैँ स्वार्थ लुट्ने नेताहरूप्रति कविले आक्रोसको भाव पोखेका छन् । उनी देशमा शान्ति हराएकोमा पीडित हुदै भोका, नाङ्गा, शोषित, पीडित सबैमा शान्ति छाउनुपर्ने भाव कवितामा व्यक्त गरेका छन् । मृत्यु अखण्ड, निर्विकल्प र अवश्यंभावी भएकाले मृत्युसँग डराउन नहुने र जीवन रहँदै केही गर्नै पर्ने सन्देश श्रेष्ठले दिएका छन् । कवि देशमा परिवर्तन चाहन्छन् । देशमा न्याय, कानुन र इज्जत हराइसकेको भन्दै विकास, शान्ति र प्रगतिको परिवर्तन हुनुपर्नेमा जोड दिएका छन् । उज्यालो खोज्न हिँडेका आवाजहरू उज्यालो देख्न नपाउँदै हराएका छन् । वर्तमान नेपालको समसामयिकतालाई बोध गराउँने कविता श्रेष्ठले सिर्जना गरेका छन् । समसामयिक नेपालको बिग्रँदो स्थितिको यथार्थ चित्रण गर्दै कविले परिवर्तनको चाहना राखेका छन् । घुस्याहा र पुरातन शैलीका नेतालाई परास्त गरेर पुराना अवशेषहरू हटाउनु पर्ने कविको धारणा छ ।

वसन्त श्रेष्ठका यस चरणका कतिपय कविताहरू स्वच्छन्द पाराले बगेका छन् । नवदम्पत्तीको सुहागरात जस्तो कलकल, तलतल र छलछल छहराको मिठो सङ्गीतमा कवि बगेका छन् । आँखाको सुन्दर सपना मात्र नभएर यथार्थ जीवनको विकास रोप्ने निर्णायक घडीको रूप लिँदै गुलाबी गाला, बदामी आँखा र रक्तिम ओठहरूको रस पिउँदै आफ्ना हक, अधिकार र बलिदानीप्रति सचेत रहने धारणा कविले काव्यवाणी दिएका छन् । कवि अविरल

बगेको सागरसँग मनको बगाइको गतिलाई तुलना गरेका छन् । मनभित्र उर्लिएका भावनाहरू स्वत : स्फूर्त तरिकाले कविले कवितामा उतारेका छन् ।

## ४.२ निष्कर्ष

तेरथुममा जन्मेका वसन्त श्रेष्ठ तेरथुमबाट नै ११ वर्षको बाल्यकालदेखि तिनजुरे शीर्षकको कविता लेखी कविता क्षेत्रमा सार्वजनिक भए । त्यसपछि काठमाडौं हुँदै अमेरिका पुगेका श्रेष्ठले अमेरिकी भूमिमा नै बसेर नेपाली साहित्य लेखनलाई अगाडि बढाए । श्रेष्ठ भौतिक रूपमा अमेरिकामा भएपनि उनको मन, माया सधैं नेपालमा नै रह्यो । मातृभूमिको मायाले ओतप्रोत भएका कविताहरू सिर्जना गरेर उनले नेपाली साहित्यलाई बिर्सन नसकिने योगदान गरे । उनी राष्ट्रवादी, प्रगतिशील, स्वच्छन्दतावादी, डायस्पोरिक, विद्रोहीचेतका साथै प्रेमपरक भाव भएका कविता सिर्जना गर्ने कवि हुन् । श्रेष्ठको साहित्ययात्राका चरण विभाजन गर्ने कृतिहरू अमेरिका बसेर नै नेपाली साहित्यलाई दिएका हुन् ।

# पाँचौं परिच्छेद

# वसन्त श्रेष्ठका कृतिहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

वसन्त श्रेष्ठ आधुनिक नेपाली साहित्यका सशक्त प्रतिभा हुन् । उनले नेपाली साहित्यका कविता, लेख, गीत आदि विधामा कलम चलाएका छन् । उनी कविका रूपमा चर्चित साहित्यकार हुन् । श्रेष्ठका हालसम्ममा **वसन्त श्रेष्ठका कविता** (२०६४), **भावनाका लहरहरू** (२०६६) र **उज्यालो खोज्ने आवाजहरू** (२०६७) गरी तीनओटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । यस परिच्छेदमा डा. खगेन्द्रप्रसाद लुइटेलको **कविताका संरचनात्मक विश्लेषण** शीर्षकको पुस्तकका अनुसार कविता तत्त्वका आधारमा उनका कविता सङ्ग्रहहरूको विश्लेषण गरिएको छ ।

## ५.२ वसन्त श्रेष्ठका कविता कविता सङ्ग्रहको विश्लेषण

### ५.२.१ परिचय

**वसन्त श्रेष्ठका कविता** (२०६४) कवि श्रेष्ठको प्रथम प्रकाशित कविता सङ्ग्रह हो । श्रेष्ठको प्रस्तुत कवितासङ्ग्रह ७२ पृष्ठको रहेको छ । मझौला आकारको यस कृतिमा सजिएका कविता पृष्ठ १७ देखी पृष्ठ ७१ सम्म गरी जम्मा ५४ पृष्ठमा संरचित छन् । यसको मुख आवरणमा वसन्त श्रेष्ठका कविता (सम्पादक गोविन्द गिरी प्रेरणा) भनी नामकरण गरिएको छ र पृष्ठभूमिमा वसन्त श्रेष्ठको ठूलो फोटो राखिएको छ । अन्तिम आवरण गातामा वसन्त श्रेष्ठको वैयक्तिक विवरण उल्लेख गरिएको छ । दोस्रो आवरण पृष्ठमा कृतिको नाम, लेखकको नाम र सम्पादकको नाम साथै बाहिरी आवरणको फोटोमुनि कविता सङ्ग्रह लेखिएको छ । यो पुस्तकको सम्पादक गोविन्द गिरी प्रेरणा रहेका छन् भने प्रकाशक श्रीमती **विद्यालक्ष्मी** श्रेष्ठ रहेकी छन् । प्रस्तुत कविता सङ्ग्रह कवि श्रेष्ठले पूजनीय बुबा स्वर्गीय नारायणमान श्रेष्ठलाई समर्पित गर्दै उनले तेरथुम जिल्लामा नै अशिक्षाको अन्धकारमा शिक्षाको ज्योति बाल्न योगदान गरेको उल्लेख गरेका छन् ।

श्रेष्ठको शरीर अमेरिकामा रहेको छ तर उनको मन भने सदा नेपालमा नै रहेको छ । कवि अमेरिकी माटोमा उभिए पनि उनी भित्र नसा-नसामा नेपाल छ, नेपालीहरू छन्,

त्यहीँकै सुख दुःख, पीडा, असमानता र बिब्ल्याँटा परिस्थतिको विपक्षमा मत छ ।[७१] कवि भौतिक रूपले एक सम्पन्न राष्ट्रको एक एकाइमा समाहित भएर अमेरिकी हावापानीमा रमेपनि आफ्नो देशको माया झन् झन् गाढा रहेका कविताहरू श्रेष्ठले सिर्जना गरेका छन् । यी कविताहरू कविहरूका लागि र विद्धान् विदुषी सबैका लागि हुन् । कविताको आस्वादमा वसन्तपन छ । कविताहरू उर्लंदो खहरे बगेझैँ छङछडी बगेका छन्, बजेका छन् । यी कविताहरूले पाठकलाई बौद्धिक खुराक प्रदान गर्छन् ।[७२] वसन्त श्रेष्ठले **मेरो भन्नु अलिकति** शीर्षकमा रचना सन्दर्भ उल्लेख गर्दै कविताले मान्छेको हृदय छुन्छ, मन मस्तिष्क स्पर्श गर्छ, आँसुसँग साक्षात्कार गराउँछ, मुस्कान फक्राउने बनाउँछ । त्यसैले मैले आफ्नो रचनाकर्मलाई कवितामा केन्द्रित गरेको छु[७३] भनी आफ्नो साहित्य सिर्जनाका लागि कविता छनौट गरेको बारेमा उल्लेख गरेका छन् । पृष्ठ १५ मा कविता सङ्ग्रहको अनुक्रमणिका राखिएको छ । यस सङ्ग्रह भित्र २० ओटा प्रगीतात्मक गद्य कविताहरू सङ्गृहीत छन् ।

## ५.२.२ विषयवस्तु वा मूलभाव

कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारतत्व तथा आन्तरिक सत्व वा गुदीलाई वस्तु भनिन्छ । कृतिको विशेष र आवश्यक घटक मानिने वस्तु कृतिको प्रकृतिअनुरूप फरक हुन्छ । प्रगीतात्मक कवितामा मुख्यतः भाव वा विचार, आख्यानात्मक कवितामा घटना, प्रसङ्ग वा कथानक, र नाटकीय कवितामा कार्यव्यापार वा द्वन्द्वको रूपमा वस्तुको उपस्थिति रहन्छ ।[७४] कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । काव्यसिर्जनाका लागि जीवनजगत्का यावत् विषयवस्तु अर्थात् संसारका जुनसुकै वस्तु, प्रकृति, संस्कृति, प्रेम, भूगोल, इतिहास, राजनीति, धर्म, मानवीय स्वभाव, अनुभूति, तत्कालीन यथार्थ वस्तुस्थिति आदि ग्रहण गर्न सकिन्छ ।[७५] कविताको विषयवस्तु त्यसको बीज विचार वा प्रमुख भाव हो । यसको मूलभाव विषयवस्तु मात्र नभएर विषयवस्तुको निर्माण गर्ने कथन पनि हो । कविताको विषयवस्तु नैतिक, औपदेशिक, भावात्मक, रागात्मक, सौन्दर्यमूलक, आदि जे पनि हुन सक्छ । कवितामा विषयवस्तुको प्रस्तुति सामान्य रूपमा नभई कलात्मक एवम् सौन्दर्यात्मक ढङ्गले गर्नुपर्छ ।

---

७१. गोविन्द गिरी प्रेरणा, 'डायस्पोराको आवाज', सम्पा.स्वयम्, **वसन्त श्रेष्ठका कविता**, ( अमेरिका : श्रीमती विद्यालक्ष्मी श्रेष्ठ, २०६४ ) ।
७२. ऐजन ।
७३. वसन्त श्रेष्ठ, 'मेरो भन्नु अलिकति', पूर्ववत् ।
७४. खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**,(काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. २१९ ।
७५. ऐजन ।

कविलाई जीवन भोगाइका क्रममा जुन वस्तुले उत्प्रेरित गर्छ, त्यसै विषयमा उसले कविता सिर्जना गर्छ ।[७६]

वसन्त श्रेष्ठद्वारा लिखित **वसन्त श्रेष्ठका कविता** (२०६४) कविता सङ्ग्रहभित्र रहेका कविताहरूको शीर्षक र विषयवस्तु वा मूलभावलाई यसरी प्रस्तुत गरिएको छ :

| **क.स.** | **शीर्षक** | **विषयवस्तु वा मूलभाव** |
|---|---|---|
| १ | खबरहरू | स्वदेश छोडेर टाढा समुन्द्रपारि गई बसेका नेपाली मनहरूले सधैँ खुसीका रमाइला खबरहरू मात्र सुन्न चाहन्छन् । तर खबरहरू सबै राम्रा नभई हत्या, बलात्कार र मृत्युका खबरले नेपालीहरूको मन पिरोल्छ, आँसु झर्छ । खुसीका खबरहरू सुन्दा मन सुखमय कल्पनामा हाँस्छ । अनेक दु:खद खबर सुनेर बस्नु परेपनि विदेशमा नेपालीहरू सुन्दर भविष्य, सुख र शान्ति जीवनमा छाउने आशामा बाँचिरहेका छन् । |
| २ | न्यु योर्क | यहाँ कविले न्युयोर्क सहरलाई छाडा भन्दै त्यहाँको जीवनस्तर र नेपालीहरूको पीडालाई उल्लेख गरेका छन् । यस सहरमा कसैको विश्वास गर्न नसकिने, अपराधी लुक्ने सहरका रूपमा कविले व्याख्या गरेका छन् । विश्वशान्तिका नारा लाउने, स्वतन्त्रताको प्रतिमूर्ति, अपराध नियन्त्रणका लागि खबरदारी गरिरहेको, संसारकै धनी र प्रतिष्ठित मान्छे बस्न रुचाउने न्युयोर्क सहरलाई कविले खै कसरी बयान गरूँ तिम्रो अपरम्पार महिमाको भनी व्यङ्ग्य गरेका छन् । न्युयोर्क कवितामा कविले विश्वविख्यात न्युयोर्क सहरको वास्तविक चित्र उतारेका छन् । कविले अनुभूत गरेको न्युयोर्क सहरमा मान्छे सहरभित्र बाँचिरहेछ या सहर भएर मान्छे बाँचिरहेछ, खुट्याउन सजिलो छैन । |
| ३ | क्रम | नेपालीहरू साहुको ऋणले घर बस्न नसकेर पुन : ऋण लिएर विदेश गएको हुन्छन् । उनीहरूको नेपाल फर्केर आउने अति चाहना हुँदाहुँदै पनि विदेशमा कमाइ नहुने र घरको ऋण अझ |

७६. ऐजन, पृ. २२० ।

| | | |
|---|---|---|
| | | बढेर जानाले मानिसले विदेशमा नै आफूलाई समाहित गर्नु परेको तितो यथार्थ कविले कारूणिक भाषामा प्रकट गरेका छन् । प्रवासी नेपालीहरूलाई परिवारको सम्झनामा मन व्यथित हुन्छ तर फर्कने गणित नमिलेर वर्षौंसम्म पनि ऊ घर फर्कन सक्दैन । ऊ स्वदेशीबाट विदेशी र नागरिकबाट ऊ शरणार्थी बन्छ । ऊ आफ्नो भविष्यसँग नै अनभिज्ञ छ । विदेशमा बसेको भए पनि नेपालीहरूले डाँडा, खोल्सा, गोठ, घाँसदाउरा, दोहोरी, मारुनी सम्झँदै उहींको जनजीवनमा आफू बाँच्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । विदेशमा सुरुसुरुमा सोझोपनको फाइदा उठाई नेपालीहरू लुटिएर, ठगिएर पनि कति वर्ष बिताउनु परेको प्रसङ्ग कवितामा छ । लामो समयसम्म विदेश भासिएर स्वदेश फर्कुं फर्कुं गर्दा पनि फर्कन नसक्ने असङ्ख्य नेपालीहरूको पीडाले अभिव्यक्ति पाएको छ यस कवितामा । विविध परिस्थिति र बाध्यताको पत्रे चट्टानले थिचिएका के नेपाली, के अफ्रिकी, के मध्यपूर्वी, के एसियाली, यो कविता सबै सबैको पीडाको सामूहिक आवाज हो । |
| ४ | देश : | यो राष्ट्रप्रेमले ओतप्रोत भएको कविता हो । प्रवासमा रहेका कविलाई कहिलेकाहीँ आफ्नो देश हराएको भान हुन्छ तर देश अखण्डताको राम्रो नाम हो भन्दै उनी हामीसँग यहाँ पनि हाम्रो देश छ भन्छन् । देशको मायाले सधैं कविलाई घचघच्याइरहेको बोध हुन्छ । देशलाई राष्ट्रियताको नामले परिभाषित गर्दै कविले आफ्नो देशलाई सगरमाथालाई छोएर साम्राज्यवादको विरुद्धमा मुकाबिला गर्ने, स्वाधीनताको युद्ध लड्ने योद्धाको देशको रूपमा लिएका छन् तर अहिले देशले अतिक्रमण सहनु परेको, अकाल, सन्त्रास र भयको भिडमा आफैँलाई हराउनुपरेको अनुभव कविलाई भएको छ । देशलाई कुनै इतिहास, भूगोलभित्र मात्र कैद नगरेर स्वतन्त्र, सार्वभौम देश हुनुपर्ने कविको धारणा छ । |
| ५ | प्रतीक्षा एक | कविले वेथितिको किनारा भेट्नका लागि एक कुशल नाविकको |

| | | |
|---|---|---|
| | कुशल नाविकको | प्रतीक्षा गरेका छन् । कवि ऊ दुख्दा आफूलाई द:खेको र ऊ हाँस्दा आफू हाँसेको अनुभव गर्छन् । वेथितिको किनार भेट्न कविलाई कुशल नाविक चाहिएको छ । कविले कुशल नाउ चढेर आफ्नो मुटुको धड्कनलाई भेट्ने इच्छा गरेका छन् । सङ्घर्षशील जीवनका गोरेटाहरू बीचमा कतै हराइरहेको अनुभूत गर्दै कवि देशभित्रको वर्तमान अवस्थामा परिवर्तन ल्याउन क्रान्तिको विगुल फुक्न अग्रसर छन् । |
| ६ | म युद्धको घोषणा गर्छु | कविले विद्रोही स्वरमा पुनर्जागरणका लागि, नयाँ इतिहास निर्माणका लागि, आर्थिक, सामाजिक र राजनीतिक आतक्रमणका विरुद्ध अब म युद्धको घोषणा गर्छु भन्छन् । देशमा वढ्दो अन्याय र अत्याचार, थिचोमिचो सहँदा सहँदै जनतामा सहनशीलताको बाँध फुटेपछि युद्ध गर्न तयार हुन्छन् । पानीको अभावमा धरती फाटेभैँ, आकाश र बादलको सङ्घर्षमा पानी परेभैँ, मौसमसँगको अन्तर्द्वन्द्वमा सागरले तुफान ल्याए जसरी नै मान्छेमा मान्छेत्व जीवित भएको छ । चारैतिरबाट भएको थिचोमिचो सहन नसकेर कवि हृदय छियाछिया फाटेको छ र आक्रोसको ज्वालामुखी फुटेभैँ कविले विद्रोहको भिषण युद्धको तयारी गर्छन् । |
| ७ | क्रान्तिको बिगुल | कविले अब वीर बुद्धु बनेर होइन, वीर सहिद बनेर बाँचौं भन्दै अब चुपचाप नसुती क्रान्तिको बिगुल फुक्न आह्वान गरेका छन् । देशमा भाँगिएर गएको लुकाचारी, दुराचारी र पापाचारीहरू फोहोर फालिने आसमा फोहोरसँगै पहिरो बग्दै गइरहेको प्रसङ्ग कवितामा आएको छ । अहिंसा सहने कवि जतातत्तै बम, गोला, बारुद पड्केको, भ्रष्टाचारीहरू निष्कलङ्क बनेको साथै भुठ, बैमान र षड्यन्त्रकारीहरू शासन जमाइरहेको अपच दृश्य देखि थाकेका छन् । त्यसैले कवि अब परिवर्तनका आवाजहरू उठाएर मात्र हुदैन सारा बन्धनहरू तोडेर, असमानताका पर्खालहरू फोडेर क्रान्तिको विगुल फुक्न तम्सेका छन् । |
| ८ | एउटा देशको | कविले यस कवितामा देशको इतिहासको निरूपण गर्दै वर्तमानको |

| | | |
|---|---|---|
| | कथा | चित्र कोरेका छन् । वीर गोरखालीहरूले तक्मा भिरेर निर्माण गरेको देश एकतन्त्रीय जहानियाँ राणाशासन हुँदै निर्दलीय, बहुदलीय आदि राजनीतिक व्यवस्थासम्म आइपुग्दा देशले थुप्रै अत्याचार र भ्रष्टाचार सहनुपरेको छ । इतिहास आफ्नो भएर पनि वर्तमान लज्जास्पद भएकाले दोहोऱ्याउन नसकिएको वर्तमान अवस्थामा देशमा जनयुद्ध र कुर्सीको होडबाजी चलिरहेको छ । जनयुद्धले देशमा स्वतन्त्रता र राष्ट्रियताका नाममा हजारौं मानिसहरू सहिद बन्छन् तर जुन व्यवस्था आएपनि लोभ, लालसा र मोहले कसैलाई छोड्दैन । देशमा आमूल परिवर्तनका लहरहरू बारम्बार उठेपनि मुलुक अगाडि बढ्न सकेको छैन । सत्ता स्वार्थका घिनौला खेलहरूले राष्ट्रियतामाथि नै आँच ल्याउने भय पैदा गरेको छ । इतिहास दोहोरिँदै वर्तमान बनेकाले नेपाली मन चिराचिरा परेको यथार्थ प्रस्तुत गर्दै कविले भविष्य सङ्कटमा परेको प्रष्ट पारेका छन् । |
| ९ | खुसी | यहाँ कवि आफैँ दुःखी र व्यथित छन् तर त्यो दुःख कसैलाई देखाउन चाहँदैनन् र अरुको अगाडि कृत्रिम हाँसो हाँस्छन् । कविको चोटै चोटले भरिएको मुटु अरु कसैको खुसीमा रमाउन सक्दैनन् । अन्तर पीडाले छट्पटिएको बेला अरुको खुसीको खबरले एकाएक खुसी छचल्किए पनि अन्ततः रमाएर कोही हाँस्न सक्दैन । खुसी शीर्षकको कविताको निचोड त्यही हो । |
| १० | आस्था | कवि बाँच्ने जिजीविषा भित्रभित्रै मर्दै गइरहेको र आफू शून्य शून्य बन्दै गइरहेझैं कल्पना गर्छन् । विश्वविजयको युद्धघोष गर्दै, विश्वशान्तिको नाराभित्र आस्थाको दियो मधुरो बलेको देख्छन् । प्रत्येक प्रभातमा सुनौलो किरणको कल्पना गर्ने कवि आफ्नो आस्था बचाउन प्रयासरत भए पनि सत्य मतिभ्रम बनेर हीनताबोधको पहाडभित्र अन्तर्द्वन्द्व मच्चाइरहेको अनुभूत गर्छन् र आफैँसँग मेरो आस्थाको दियो किन निभ्न खोज्दै छ आज ? भनी प्रश्न गर्न पुग्छन् । |

| | | |
|---|---|---|
| ११ | तिमी कहाँ छौ ? | यस कवितामा एउटा बिछोडिएको प्रेमीले आफ्नी प्रेमिकालाई खोजिरहेको छ । सधैँ साथमा रहन्छु भन्ने प्रेमिकाले छोडेर गएपछि वास्तवमा तिमी कहाँ छौ त भनी प्रेमीले प्रेमिकालाई पातको तरेली, आँखाको परेली, ढुङ्गा, माटो, पहाड, फूल, आँखा, आँसु, मुस्कान, हाँसो, मन, तन, स्पर्श, अनुभूति, फूलको सुगन्ध, मिलन, बिछोड आदि सबै ठाउँमा खोज्दा पनि नभेटेपछि थकित भई मेरी माया, यथार्थमा तिमी कहाँ छौ ? भनी प्रश्न गरेको छ । |
| १२ | बराबर | यहाँ कविले समतावादी दृष्किोण अगाडि सारेका छन् । समाजमा जातिपाती, उचनिच, रिस राग, इर्ष्या, द्वेष, शत्रु, दुस्मन, जाली, फटाहा कोही पनि हुँदैन भन्दै भेदभावरहित समान समाजको चाहना राखेका छन् । एउटै देशका मान्छेमा एउटै सोच, संस्कृति, परम्परा हुन्छ, कसैमा भेदभाव गरिनु हुँदैन भन्ने कविको धारणा रहेको छ । |
| १३ | परदेशमा दसैँ | परदेशमा रहेका नेपालीहरूले वर्षैपिच्छे आउने दसैँलाई सम्झेर विरहमा बिताउनु परेको पीडा कविले पोखेका छन् । आफ्नो देशमा साथीहरू वियर र ताससँगै चङ्गा उडाइरहेका होलान् तर आफू भने परदेशमा विगतका दसैँ मनाउँदाका दिनहरू, यादहरूमा आँसु चुहाउँदै आफ्ना आफन्तहरूलाई, आफ्ना परिवारहरूलाई सम्झेर आफ्नै ठाउँ पुगेको र छिमेकीहरूलाई साँच्चै देखेको, भेटेको व्यर्थै कल्पनामा दसैँ मनाइरहेको तितो यथार्थ कवितामार्फत् प्रकट गरेका छन् । नेपालीहरू जहाँ गएपनि आफ्नोपना, आफ्नो परम्परा र संस्कृति बिर्सन सक्दैनन् । दूरदेशमा बस्दा पनि आफ्नो मनमस्तिष्कमा आफ्नै देश, आफ्नै संस्कृति प्रिय भएर अङ्कित भएको हुन्छ । आफ्नो मौलिक पहिचान नगुमोस् भनेर उनीहरू मनभित्र अनेक पीडा बोकेर पनि आफ्ना चाँडपर्वहरू आफ्नै शैलीमा मनाइरहेका हुन्छन् । |
| १४ | खै, म कसरी बिर्सूं ! | कविले भौतिक रूपले सम्पन्न राष्ट्रको एक एकाईमा समाहित भएर अमेरिकी हावापानीमा रमेपनि आफ्नो जन्मथलो तेरथुम |

| | | |
|---|---|---|
| | | भिषण आगलागीमा परेर ध्वस्त हुदा छट्पटाएर पीडाले व्यथित हुँदै कविता लेखेका छन् । श्रेष्ठको आफ्नो जन्मथलो तेरथुमको म्याङ्लुङ्ग बजार आगलागीले ध्वस्त भएपछि कवि हृदय अत्यन्त पीडित भएको छ । बजारबाट विकसित हुँदै सहर बन्दै गएको आफ्नो जन्मथलो, पुर्खाले सिर्जना गरेको जीवनभरको कमाइलाई आगोले खरानी पारेपछि कवि आफू जन्मेको घर, खेलेका कुदेका दलानहरू, पढेको पाठशाला, हस्तलिखित पत्रिका लेखेर ठड्याएको कृष्ण पुस्तकालय आदि खरानी भए भनेर आफैँलाई सम्झाउन सकेका छैनन् । इतिहासको धरोहर बोकेर मौलिक पहिचान कायम गर्दै भौतिक विकासको तीब्र गतिमा अगाडि बढेको म्याङ्लुङ्ग बजार अकल्पनीय रूपमा अग्निज्वालामा भस्मिभूत भएको छ । तर कवि आफ्नो अतीतलाई बिर्सन सक्दैनन् । कविको पुर्वजले छाडेका अवशेषहरू, बाल्यकालका यादहरू सँगालेर आफ्ना सन्ततिहरूलाई इतिहास पढाउने चाहाना थियो तर ती सबै इतिहास, याद, भावना जलेर खरानी भएर भूमण्डलमा बिलाएकोले आफैँलाई सान्तवना दिन गाह्रो भएको यथार्थलाई कविले काव्यवाणी दिएका छन् । |
| १५ | न्हू दँया भिन्तुना | न्हू दँया भिन्तुना सङ्कीर्ण साम्प्रदायिक सोचबाट माथि उठेर लेखिएको र वैचारिक घनत्व भएको कविता हो । जाति विशेषको संस्कृति झल्काउँदै शुभकामनाको आदानप्रदान गर्ने परम्परालाई साम्प्रदायिक घेराबाट माथि उठाएर सबै जातजातिबीच शुभकामना आदानप्रदान गर्ने र ऐक्यबद्धताको भावना जागृत गर्ने उच्च विचारको प्रस्तुतिले कविको विशाल हृदयको परिचय दिएको छ । यहाँ कविले अलग अलग चेहरा, परम्परा, जाति, रीत, थर, भाषा आदि भएको नेपाल संस्कृतिको खानीको देश हो भन्दै हरेक संस्कृतिका मान्छेले सबै जातजातिको संस्कृतिलाई मनाउनु पर्ने धारणा राखेका छन् । हामी विभिन्न जातिका एउटै बगैँचाका फूल हौँ भन्दै कविले एउटा नेपालीको मृत्यु हुँदा अर्को नेपालीको मुटु |

| | | |
|---|---|---|
| | | दुख्नु पर्ने र कसैले सांस्कृतिक परम्पराको विरोध गर्दा सम्पूर्ण नेपालीको नेपालीत्व जाग्नुपर्ने भावना कविको रहेको छ । कविले सबैलाई जातीय धरातल भन्दा माथि उठेर सबै जातका साथीहरूलाई न्हू दँया भिन्तुना भनेर शुभकामना दिएका छन् । |
| १६ | परदेशमा | कविले परदेशमा छरिएर बसेका नेपालीहरूको मनोव्यथालाई सजीव रूपमा चित्रण गरेका छन् ।  आफू परदेशमा बसेर स्वदेशको यादमा भौंतारिएर रात विताउनु पर्ने पीडा कवितामार्फत् पोखेका छन् । दिनभरि हल्लाहरूमा नै समय बित्छ तर जब रात पर्छ, तब कविमनको अशान्त अन्तर्वेदनाहरू चर्कंदै चर्कंदै जान्छ । कवि आफैंभित्र  हराएर परदेशमा भएपनि आफ्नो गाउँमा नै पुग्छन् । उनी आफ्ना गाउँका साथीहरू, नेपाली गीत सङ्गीत, तीनजुरे र फूलचोकी डाँडाका यादहरू आँखामा राखेर, यहीँ आइपुगेको अनुभव गर्दै परदेशमा जीवन बिताइरहेका नेपालीहरूको कारूणिक वेदनाको झलक प्रस्तुत गरेका छन् । भौतिक शरीर जहाँ रहेपनि मानिसको मनले आफू जन्मेको ठाउँलाई कहिल्यै बिर्सन नसक्ने र आफ्नो मुटुमा आफ्नै देशको माया र यादलाई बोकेर हिँड्ने सन्देश कविताले दिएको छ । |
| १७ | याद | अमूर्त प्रेमी प्रेमिका सुनसान जुनेली रातमा सँगसँगै रहेको, आवाजहीन बनेर मुक भाषामा दुवैजनाले एउटै कुरा बोलिरहेको, मनका कुराहरू भन्न चाहेर पनि भन्न नसकेको, माया गर्ने ओठहरू पनि भावावेशमा त्यसै फर्फराइरहेको आदि यादहरू कवि मनमा कहिल्यै नबिर्सने गरी बसेको भाव याद कविताले बोकेको छ । *याद* अमूर्त प्रेयसीको याद झल्काउने भावना बहेको मिठो कविता हो । कविको तरङ्गमा यस्तो याद आइरहेको छ । |
| १८ | शवयात्रा | यो कविता षड्यन्त्रबाट पूरै वंश विनाश भएको एक घटना विशेषमा केन्द्रित भएको कविता हो । षड्यन्त्रकारी र हत्यारा समेत सामेल भएको यो शवयात्रा गन्तव्यविहीन यात्रामा अघि बढिरहेको अनुभूत उनले गराएका छन् । हत्याराको निसान बनेको |

| | | |
|---|---|---|
| | | व्यक्तित्वलाई देशभक्त, स्वाभिमानको प्रतीक र अस्तित्वको प्रतिमाको विश्लेषणले सुशोभित गर्दै असीम श्रद्धा र माया व्यक्त गरेका छन् । मानवीय संवेदनशीलताले कविको सुकोमल हृदयलाई व्यथित बनाएको छ । |
| १९ | सपना | यहाँ कविले राम्रा राम्रा सपना सधैँ देख्न चाहेका छन् । नराम्रा सपनाहरू देख्न नचाहेर पनि देखिन्छ भने राम्रा सपनाहरू चाहेर पनि सधैँ देख्न पाइँदैन भन्दै कविले राम्रा सपनाहरू सधैँ देखिरहने चाहना व्यक्त गरेका छन् । उनी सपना देख्दा देख्दा थाकेको अनुभव गर्छन् भने कहिले सपना आँखाभित्रै संगालिराख्न मन पराउँछन् । |
| २० | मन दुखेको बेला | कवि श्रेष्ठ विदेशमा बसेर शुभ सन्देश सुन्न चाहन्छन् तर पर्खंदा पर्खंदा उनी थाकिसकेका छन् । उनी प्रत्येक प्रभातमा सुनौलो घामको किरणको कल्पना गर्छन् तर बादल फाटेर पानी बगिदिन्छ । हर चिजहरू कठोर, निठुर बन्दै जान्छन् । त्यसैले कविको बाँच्ने इच्छा मरेर चिहान बनिसकेको छ । कविले शुभ सन्देश कतै सुन्न नपाएर खुसीका लक्षणहरू सबै हराएर कवि मन दुखेको छ । |

## ५.२.३ विषयवस्तुका आधारमा 'वसन्त श्रेष्ठका कविता' कवितासङ्ग्रहका कविताहरूको वर्गीकरण

वसन्त श्रेष्ठको कविता सङ्ग्रह **वसन्त श्रेष्ठका कविताहरू**मा विविध खालका कविताहरू रहेका छन् । यिनीहरूलाई यसरी विभाजन गर्न सकिन्छ :

### ५.२.३.१ डायस्पोरिक कविताहरू

वसन्त श्रेष्ठ डायस्पोरिक साहित्यकार हुन् । मातृभूमि छोडेर अर्कै मुलूकमा गई आफ्नो मुलूक र आफन्तको पीडा खपेर पनि त्यहीँ जीवन धान्न बाध्य व्यक्तिहरू नै डायस्पोरा हुन् ।[७७] डायस्पोरिक साहित्य चाहिँ लामो समय बसोबास गरी त्यहींको भाषा, संस्कृति, रहनसहन आदि अङ्गीकार गरिसकेका लेखकहरूबाट सिर्जित साहित्यलाई मानिन्छ । यताबाट जो जहाँ गयो त्यहीँको भाषा, संस्कृति, रीतिथिति, चालचलन आत्मसात

७७. खगेन्द्रप्रसाद लुइटेल, 'उत्तर अमेरिकाली डायस्पोरामा नेपाली कविता', तारानाथ शर्मा र अन्य, सम्पा., **उत्तर अमेरिकाका नेपाली कवि र कविता**, ( अमेरिका : नेपाली कवि र कविता सङ्ग्रह प्रकाशन समिति, २०६६), पृ. ६ ।

गरी बसेका, तर आफ्नो जातीय धर्म चाहिँ जोगाएका वा त्यस्तो भावना भएका व्यक्तिहरूबाट त्यसै अनुरूप सिर्जित साहित्यलाई चाहिँ डायस्पोरिक साहित्य भन्न मिल्छ ।[७८] मूलभूमिबाट पराइभूमिमा पुगेका व्यक्ति वा समुदायका समस्याहरू चित्रित साहित्य नै डायस्पोरिक साहित्य हो । यस्ता साहित्यमा उताका पीडा यताका सम्झँना र यी दुवैका बीचमा जीवनयापन गर्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण गरिएको हुन्छ ।[७९] यताबाट छुटेका र उतापट्टि नजोडिएका वा राम्ररी जोडिन नसकेकाहरूबाट त्यस्तैत्यस्ता सन्दर्भहरूलाई लिएर आत्मपहिचानको सङ्कट, गृहस्मृति/गृहविरह, भय, पीडा, त्रास, असुरक्षा, अनिश्चितता, अपरिचय, बिरानोपन, आफू र आफ्नो सत्व हराएको औपनिवेशिक अनुभूति र त्यसको खोजी, द्वैध मनस्थिति आदिको अभिव्यक्ति गरिएका साहित्यलाई डायस्पोरिक साहित्यमा दर्न सकिन्छ र यिनैलाई डायस्पोरिक साहित्यका विशेषता मान्न सकिन्छ ।[८०]

कवि वसन्त श्रेष्ठका *खबरहरू, न्युयोर्क, क्रम, परदेशमा दशैँ, खै म कसरी बिर्सूँ, परदेशमा* गरी छ ओटा कविताहरू डायस्पोरिक भाव भएका कविताहरू हुन् । यी कविताहरूमा परदेसीय नेपाली मनका पीडाहरू पोखिएका छन् । साथै स्वदेशप्रतिको यादमा भौँतारिएर जीवन व्यथित गरिरहेका नेपालीहरूको मनोदशाको चित्रण मार्मिक ढङ्गले गरिएको छ । परदेशमा नेपालीहरू खुसीको खबर सुन्न सधैँ आतुर भई आशावादी भएर बसेका नेपालीहरूको चित्रण उनको खबरहरू शीर्षकको कवितामा रहेको छ । पारिवारिक आर्थिक अवस्था कमजोर भएर ऋण तीर्ने, धन कमाउने आशमा परदेशी बनेको नेपाली ऋण तिर्न नसकेर, हिसाब गर्दा सधैँ घाटा लागेर चाहेर पनि नेपाल आउन नसकेको कारूणिक भावना *क्रम* शीर्षकको कवितामा रहेको छ । नेपालप्रतिको अपार माया र श्रद्धा साथमा राखेर बाध्यतामा विदेशमा बसी परिवर्तित जीवन बिताउँदाको तितो यथार्थ कवितामा छ ।

ऊ डाँडाकाँडा/खोल्सी/गोठको सट्टा
ब्रुकलिन र म्यानहटन ट्रेनबाट गर्छ
ऊ घाँस दाउरा र खेत जोत्नुको सट्टा
ग्रोसरी स्टोर्सक ग्रोसरी बेच्छ
दोहोरी र मारुनी नाच्नको सट्टा

७८. ऐजन, पृ ७ ।
७९. ऐजन, पृ. ८ ।
८०. ऐजन, पृ ८ ।

साथीभाइसँग कहिलेकाँही डिस्को जान्छ
ऊ हरिश गौचनको सट्टा
अब ह्यारिस विल्सन बनेको छ
परिवर्तन उसको कुनै रहर होइन
यस ठाँउमा हुनुको बाध्यता हो
त्यसैले आज ऊ
स्वदेशीबाट विदेशी र
नागरिकबाट सरणार्थी बनेको छ ।

(क्रम, पृ २५)

दसैंमा आफ्नो घरमा रमाउदै दसैं मनाएको यादमा परदेशमा पीडित भई दसैं मनाएको परदेशमा दसैं शीर्षकको कवितामा छ भने नेपालको विकट जिल्ला पूर्वी पहाड तेरथुममा जन्मिएका कवि श्रेष्ठ अमेरिकामा गएर जीवन बिताइरहेका भए पनि आफ्नो जन्म थलो तेरथुम आगलागीमा परेर ध्वस्त हुँदा कविमन क्षतविक्षत बनेको छ । उनको *म कसरी विर्सूँ* कवितामा आफ्नो जन्मथलोको हरेक कुराहरूको स्मृति चित्रण गरेका छन् । त्यस्तै परदेशमा शीर्षकको कवितामाा विदेशमा नेपालीहरूले कामको व्यस्ततामा दिन बिताउने र रात परेपछि आफ्नो देश र गाउँघरको सम्झनाले रातभर पिरोलिरहने कारुणिक वेदना कवितामा पोखेका छन् ।

## ५.२.३.२ राष्ट्रवादी र क्रान्तिकारी चेत भएका कविताहरू

कवि वसन्त श्रेष्ठ राष्ट्रवादी भावना भएका कवि हुन् । उनका कवितामा विद्रोह चेत, क्रान्ति चेत, सङ्घर्षशील र जुझारु चेत रहेको छ । उनका *देश, प्रतीक्षा एक कुशल नाविकको, युद्धको घोषणा गर्छु, क्रान्तिको विगुल, एउटा देशको कथा, आस्था* गरी छ ओटा कवितामा राष्ट्रवादी र क्रान्तिकारी चेत छरिएका छन् । देश शीर्षकको कवितामा कविले देश स्वतन्त्र, सार्वभौम छ भन्दै सम्पूर्ण नेपालीहरूको देश नेपाली भएर मात्रै बाँच्ने धारणा अगाडि सारेका छन् । कवि कहिले नाउ पार गर्नका लागि कुशल नाविकको प्रतीक्षा गर्छन्, कहिले सहनशीलताको सीमा नाघेर आक्रोसको ज्वलामुखी फुटाउँदै भिषण युद्धको घोषणा गर्छन् त कहिले दुराचारी, लुकाचारी र पापाचारी झाँगिएर आकाश ढाकिएकाले यसको विरुद्धमा वीर बन्ने सल्लाहका साथ क्रान्तिको बिगुल फुक्न सबैलाई आग्रह गर्छन् । नेपालमा

प्रत्येक पटक सत्ता फेरिँदै आए पनि उही प्रवृत्ति हावी हुने, मान्छे मात्र परिवर्तन हुने तर प्रकृया परिवर्तन नहुने कुप्रवृत्तिप्रति विरोध गर्दै यसलाई एउटा देशको कथा मानेका छन् । *आस्था* शीर्षकको कवितामा प्रत्येक प्रभातमा सुनौलो किरणको कल्पना गर्ने कवि आफ्नो आस्था बचाउन प्रयासरत भए पनि सत्य मतिभ्रम बनेर हीनताबोधको पहाडभित्र अन्तरद्वन्द्व मच्चाइरहेको अनुभूत गर्छन् र आफैँसँग मेरो आस्थाको दियो किन निभ्न खोज्दै छ आज ? भनी प्रश्न गर्न पुग्छन् ।[८१]

## ५.२.३.३ आन्तरिक मनोभावना अभिव्यक्त भएका कविताहरू

कवि श्रेष्ठको *खुसी, सबयात्रा, सपना, मन दुखेको बेला* गरी चार ओटा कवितामा कविमनका आन्तरिक मनोभावना उजागर भएका छन् । खुसी शीर्षकको कवितामा कवि सधैँ पीडा र वेदनामा रुमलिएका छन् । तर पनि कवि आफ्नो साथीको खुसीको खबर सुन्दा रमाउन चाहन्छन् । मन खुसी नभएको बेला साथीहरूको खुसीको खबरमा पनि रमाउँन नसक्ने कविको धारणा छ । शवयात्रा कवितामा कविले अकालमा भएको मृत्यु पछिको शवयात्रामा भएको शोकाकुलपूर्ण वातावरणको चित्रण गरेका छन् । त्यस्तै उनको सपना शीर्षकको कवितामा कवि मिठामिठा सपना देख्छन् र सपनालाई विपनामा परिणत गर्न चाहन्छन् तर सपना जस्तो विपना कहिल्यै नहुने कविको धारणा छ । उनी सपनालाई केवल सपनाको रूपमा मात्र लिन्छन् । शुभ खबर कतै सुन्न नपाउदा कविको मन दुःखेको, खुसीलाई पर्खंदा पर्खंदै नयनहरू थाकेर आँसु झर्न छोडिसकेको कविमनको वेदना मन दुःखेको बेला कवितामा पोखिएको छ ।

खै, किन हो
शुभ सन्देश कतै छैन
खुसीका लक्षणहरू पनि कर्त देखिदैनन्
किन किन
मन दिनभर दुखिरह्यो !

(मन दुखेको वेला, पृ ७१)

यसरी कवि वसन्त श्रेष्ठका कविता कविता सङ्ग्रहभित्र यिनै पाँच प्रकारका कविताहरू रहेका छन् । उनका कविता कहीँ राष्ट्रवादी, क्रान्तिकारी, विद्रोही प्रवृत्ति भएका

८१. सोमनाथ घिमिरे, **पारदेशीय नेपाली साहित्य**, ( अमेरिका : अन्तराष्ट्रिय नेपाली साहित्य समाज, २०६८ ), पृ ५६ ।

छन् भने कुनै कविमनका अन्तरकुन्तरका भावनाहरू रहेका छन् । उनका कतिपय कवितामा परदेशमा जीवन व्यतित गर्दाका पीडाहरू पोखिएका छन् । स्वदेश र जन्मभूमिप्रतिको अपार याद, माया र सम्झनामा रुमलिएर बिताउँदाको यथार्थ जीवनको चित्रण छ । साम्प्रदायिकताभन्दा माथि उठेर कतिपय कविता सिर्जना भएका छन् भने प्रेमी-प्रेमिका बीचको मायाप्रीति पनि कम छैन । यसरी कविले आफ्ना कवितामा हरेक पक्षहरूलाई एउटै कविता सङ्ग्रहमा समेटेका छन् ।

### ५.२.३.४ प्रेमपरक कविताहरू

कवि श्रेष्ठको यस कविता सङ्ग्रहमा तिमी कहाँ छौ र याद गरी दुईओटा कविताहरू प्रेमपरक भावभूमिमा समेटिएका छन् । *तिमी कहाँ छौ* शीर्षकको कवितामा आफ्नी हराएकी प्रेमिकालाई कविले जतातते प्रेमविलापमा भौँतारिएर खोजिरहेका छन् । *याद* शीर्षकको कवितामा कविले आफ्नी प्रेमिकासँग सँगै बिताएका पलहरू मन मस्तिष्कको तरङ्गमा भावनाहरू बगाएर प्रेमिकाको याद गरिरहेका छन् ।

केही बोल्ने आँटमा
धेरै लयालु भाकामा
जसै म तिमीतिर हेरिदिन्थेँ
उसै तिमी पनि लजालु
नजरले म तिर हेरिदिन्थ्यौ
तर आवाजहीन बनेर
मूक भाषामा हाम्रा धेरै कुरा हुन्थे
शब्दहीन बने पनि
आपसमा हामी एउटै कुरा बोल्थ्यौं ।

(याद, पृ ६२)

### ५.२.३.५. समानताको सोचयुक्त कविताहरू

कवि वसन्त श्रेष्ठका *बराबर* र *न्हू दँया भिन्तुना* शीर्षकको कवितामा सवै जातजाति, भाषा, धर्म, संस्कृतिका मान्छेलाई समान दृष्टिकोण राखेका छन् । साम्प्रदायिकताभन्दा माथि उठेर कविले सबै नेपालीहरूलाई एक भएर हिँड्न सल्लाह दिएका छन् । विभिन्न संस्कृति र परम्पराको खानी रहेको नेपालका सबै मानिसहरू बराबर रहेको कविको धारणा रहेको छ ।

कविले देशको सीमा भत्काउँछ, संस्कृति र संस्कारको सीमा भत्काउँछ र एउटै बेग्लै लोकको निर्माण गर्छ जुन लोकमा साम्प्रदायिकताको कुनै स्थान हुदैन । *न्हुँ दया भिन्तुना* कविता कवि वसन्तले यही पृष्ठभूमिमा लेखेका छन् पूर्ण काव्यिक घनत्व र विचारको उच्चता सहित ।[८२]

अलग अलग चेहराका
अलग अलग परम्परा
भिन्न भिन्नै जातको
भिन्न भिन्नै रीत
वेगलावेगलै थरका
वेगलावेगलै भाषाहरू
मानौँ नेपाल एउटा
विशाल संसार हो
भनौँ संस्कृति र परम्पराको
खानीको देश हो ।

(न्हू दयाँ भिन्तुना, पृ ५६)

## ५.२.४ सहभागी र सहभागिता

साहित्यिक कृति वा सकथनमा संलग्न वा प्रयुक्त व्यक्ति पात्र वा चरित्रलाई सहभागी भनिन्छ । सहभागी वा पात्रहरू मानवका अतिरिक्त अमानव, जनावर तथा निर्जीव वस्तुहरू पनि हुनसक्छन् । यस्ता गैरमानव वा मानवेतर वस्तुलाई लेखकले मानवीय व्यक्तित्वमा आरोपित गरी प्रस्तुत गर्दछ ।[८३] कृतिमा सहभागीहरूको सहभागिता वक्ता-श्रोता, सम्बोधक-सम्बोधित, प्रेषक-प्रापक, आदिका रूपमा हुन्छ । सहभागीहरूले यीमध्ये कुनै एकका रूपमा निर्दिष्ट भूमिका निर्वाह गर्छन् र परिस्थितिअनुसार यिनको भूमिकामा परिवर्तन आउन पनि सक्छ । कृतिमा अनुकूल, प्रतिकूल, प्रमुख, सहायक, गौण, गतिशील, स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, मञ्चीय, बद्ध, मुक्त आदि अनेक प्रकारका पात्रहरूको सहभागिता रहन्छ ।[८४] प्रगीतात्मक, आख्यानात्मक र नाटकीय तीनै खाले कवितामा विभिन्न खाले सहभागीको

८२. गोविन्द गिरी प्रेरणा, 'डायस्पोराको आवाज', पूर्ववत् ।
८३ खगेन्द्रप्रसाद लुइटेल, 'कविताको संरचनात्मक विश्लेषण', पूर्ववत्, पृ. २२७ ।
८४ ऐजन, पृ. २२८ ।
८५ ऐजन, पृ. २३२ ।

प्रयोग गरिएको पाइए तापनि प्रगीतात्मक कवितामा ऐच्छिक रूपमा र अन्य दुईमा अनिवार्य रूपमा सहभागी आवश्यक हुन्छन् । यिनै सहभागीका माध्यमबाट वस्तु विस्तार भएका हुन्छन् ।

वसन्त श्रेष्ठको यस कविता सङ्ग्रहका २० ओटा कविताहरूका सहभागीहरूलाई केलाउँदा *बराबर* शीर्षकको कवितामा सहभागी भेटिँदैन भने अरु १९ ओटै कवितामा सहभागीहरू रहेका छन् । यसमा पनि *क्रम, एउटा देशको कथा, परदेशमा दशैँ, न्यु दँया भिन्तुना,* शीर्षकका कवितामा तीनभन्दा बढी सहभागीहरूको प्रयोग गरिएको छ भने अन्य कवितामा एकदेखि तीन जनासम्म पात्रहरूको प्रयोग गरिएको छ । *न्हु दँया भिन्तुना* मा हामी, सन्तमान गुभाजु, हरि भट्टराई, लाक्पा लामा, दावा लामा, गोविन्द गिरी, गोविन्द प्रधान, नेत्र घिसिङ, लेखनाथ भण्डारी, राम मालाकार, डी.बी. तामाङ, एउटा देशको कथामा ऊ, म, तिमी, हामी, कृष्ण, सकुनी, दुर्योधन, भिष्म, साने छोरो, नाति, नारीहरू, सहिदहरू, *परदेशमा*मा म, प्रकाश, हरिमान, तुलसी, नारायण गोपाल, अम्वर गुरुङ, दीप, *परदेशमा दसैं*मा हामी, बच्चाहरू, साथीहरू, दिदीबहिनीहरू, देउसेहरू *क्रम*मा ऊ, बहिनी, साहु, इस्टमित्र, साथीभाइ, *शवयात्रा*मा ऊ, उनी, साथीभाइ, *याद* मा हामी, तिमी, म, *खै म कसरी बिर्सूं* मा म, आमा, बाबा, *प्रतीक्षा एक कुशल नाविकको*मा म, ऊ, नाविक, *खबरहरू र देशमा* हामी, म, *खुसी* मा म, तिमी, *सपना* मा म, सपना, *मन दुःखेको बेला, आस्था, म युद्धको घोषणा गर्छु* मा म, *तिमी कहाँ छौ* तिमी र पात्रहरूको प्रयोग गरिएको छ । यी सहभागीहरूलाई विभाजन गर्दा म, हामी, तिमी, ऊ, बहिनी, साहू, सानु छोरो, नाति, सन्तमान गुभाजु, हरि भट्टराई, लाक्पा लामा, दावा लामा, गोविन्द गिरी, गोविन्द प्रधान, नेत्र घिसिङ, लेखनाथ भण्डारी, राम मालाकार, डी.बी. तामाङ, प्रकाश, हरिमान, तुलसी, नारायण गोपाल, अम्वर गुरुङ, दीप जस्ता व्यक्तिगत मानवीय सहभागी र मान्छे, साथीभाइहरू, परिवार, इष्टमित्र, हामी, ठूलाबढा, मुखियाहरू, सहिदहरू, नारीहरू, गोरखाली, साथीहरू, बच्चाहरू, दिदीबहिनीहरू, देउसेहरू, नेपाली, शुभचिन्तक, हत्याराहरू जस्ता सामुदायिक सहभागीमा पर्दछन् । कृष्ण, सकुनी, दुर्योधन, भीष्म, नावीक जस्ता मिथकीय सहभागी र सपना काल्पनिक सहभागीको प्रयोग कविले गरेका छन् । यिनै सहभागीहरूका माध्यमबाट कविले कविताको विषयवस्तु र भावलाई प्रगीतात्मक शैलीमा आलङ्कारिक रूप प्रस्तुत गरेका छन् ।

## ५.२.५ परिवेश

कृतिमा प्रयुक्त चरित्रहरूको कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । यसलाई देश, काल, वातावरण, कार्यपिठिका, पृष्ठभूमि आदि भनेको पनि पाइन्छ । यसलाई कहिले (समय), कहाँ (स्थान) सूचित गर्ने आवश्यक तत्व मानिन्छ । घटना कहिले, कहाँ र कसरी घटित भयो भन्ने कुरालाई परिवेशले जनाउँछ । यसले ठाउँ, समय वातावरणका साथै घटना घटित हुने भौतिक स्थितिलाई समेत जनाउँछ । वास्तवमा परिवेश भनेको देश, काल र वातावरण हो ।[८५] साहित्यिक कृतिको कथानक र सहभागीका लागि सामान्य पृष्ठभूमि प्रदान गर्ने वा कार्यव्यापार सम्पन्न हुने स्थान वा घटनास्थल, ऐतिहासिक समय बालकथाकाल र सामाजिक पर्यावरणको संयोजनलाई परिवेश भनिन्छ । चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ । घटनास्थल, ऐतिहासिक समय, र सामाजिक वातावरण जनाउने परिवेशले घटना घटित हुने र कार्यव्यापार गर्ने समय र स्थानका अतिरिक्त घटना र सहभागी क्रियाशील रहने दृश्य एवम् परिस्थिति तथा समग्र पर्यावरण (रहनसहन, चालचलन, रीतिथिति, व्यवहार, जीवन, प्राकृतिक पृष्ठभूमि, वातावरण आदि) लाई बुझाउँछ ।[८६]

कवि श्रेष्ठको **वसन्त श्रेष्ठका कविता** कविता सङ्ग्रहभित्रका कविताहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै परिवेश आएका छन् । उनका कवितामा अमेरिकी भूमिमा नेपाली जनताले बिताउनु परेको दिनचर्या परिवेशका रूपमा आएको छ । यस सङ्ग्रहमा रहेका कविताहरूको परिवेश हेर्दा *न्यू योर्क* मा न्युयोर्क सहर, सेन्टल पार्क, ट्वीन टावर, अम्पायर स्टेट विल्डिङ, म्यानहटन, क्विन्स, हड्सन, वासिङ्टन, ब्रुकलाइन, ब्रिजको, संयुक्त राष्ट्रसङ्घको कार्यालय, एउटा देशको कथामा उच्च हिमाल, तराईका फाँट, उत्तर, दक्षिण, कोतपर्व, भण्डारपर्व, जहानियाँ राणाशासन, निर्दलिय, बहुदलिय व्यवस्था, महाभारतको युद्ध, प्रजातन्त्र, वर्तमान, आज, *खै म कसरी बिर्सौं* मा धरान, टुँडिखेल, बसपार्क, जन्मेको घर, पाठशाला, कृष्णमन्दिर, विद्यालय, पहाड, झर्ना, पाथिभरा, तीनजुरे, खोरुङ्गा खोला, पिङ्गुवा खोला, कुम्भकर्ण हिमाल, रात, *परदेशमा* मा सुनसान रातहरू, हिउँका पहाडहरू, तीनजुरे, फूलचोकी डाँडाहरू, सहर, बजार, ठमेल, झोछेका गल्लीहरू, *क्रम*मा डाँडाकाँडा, खोल्सी, गोठ,

८५. ऐजन, पृ. २३३ ।
८६, ऐजन, पृ. २३३ ।

ब्रुकलिन, म्यानहटन, ग्रोसरी स्टोर, वर्षौंवर्ष, *देश*मा सगरमाथा, प्रजातन्त्र, नालापानीको युद्ध, राष्ट्रियता, अखण्डता, भूगोल, इतिहास, *प्रतीक्षा एक कुशल नाविकको*मा कालो, अन्धकार, बादल, समुद्र, २३८ वर्ष, *म युद्धको घोषणा गर्छु*मा आकाश, बादल, आँधिबेहरी, पहिरो, तुफान, *तिमी कहाँ छौ ?* मा ढुङ्गा, माटो, पहाड, बुकीफूल, *शवयात्रा*मा भीडहरू, भ्रष्टाचार, बन्द जुलुस, *सपना* मा भूगोल, इतिहास, सपना, भविष्य, *मन दुःखेको बेला*मा प्रभात, सुनौलो घामको किरण, *याद*मा जुनेली रात, सुनसान बाटो, *न्हू दँया भिन्तुना*मा तिहार, बैशाख महिना, *आस्था*मा प्रभात, आज, खबरहरूमा रात जस्ता परिवेशहरू रहेका छन् ।

**वसन्त श्रेष्ठका कविता** कविता सङ्ग्रहमा स्थानिक, कालिक र वातावरणीय गरी तीन ओटै परिवेशहरू आएका छन् । स्थानिक परिवेशको रूपमा अमेरिकाको न्यु योर्क सहर, सेन्टल पार्क, ट्वीन टावर, अम्पायर स्टेट विल्डिङ, म्यानहटन, ब्रुकलाइन, क्विन्स, हड्सन नदी, वासिङ्टन, एटलान्टिक महासागर, ग्रोसरी स्टोर जस्ता अन्तर्राष्ट्रिय परिवेश र सगरमाथा, उच्च हिमाल, तराईका विशाल फाँटहरू, उत्तर, दक्षिण, ढुङ्गा, माटो, पहाडका कन्दरा, धरान, टुँडिखेल, बसपार्क, जन्मघर, पाठशाला, पुस्तकालय, कृष्णमन्दिर, पाथीभरा, तीनजुरे, खोरुङ्गा खोला, पिङ्गुवा खोला, कुम्बकर्ण, हिमाल, हिउँका पहाडहरू, फूलचोकी डाँडाहरू, सहर, बजार, महलहरू, ठमेल, झोँछेका गल्लीहरू, गुराँस फुल्ने डाँडाहरू, बुकीका फूलहरू आदि जस्ता नेपाली परिवेशहरू आएका छन् । कालिक परिवेशको रूपमा दसैं, तिहार, जुनेली रात, विगत, वर्तमान, निदाएको रात, सुनसान रात, आज, प्रभात, वसन्त, कोतपर्व र भण्डारपर्वको समय, एकतन्त्रीय जहाँनिया शासन, निर्दलीय, बहुदलीय, निर्विकल्पको सत्ता, पुरा १३८ वर्ष, दिउँसो, थुप्रै बर्ष जस्ता परिवेशहरू आएका छन् । नेपालीहरूले गरिबीको कारण ऋणमा परेर ऋण तिर्नलाई विदेश जानुपर्ने बाध्यता, विदेशमा भोग्नु पर्ने पीडा, स्वदेशको यादमा भौंतारिएर समय बिताउनु पर्ने अवस्था र सोचेजस्तो कमाइ नभएर घर पर्कन नपाउने अवस्था, देशमा बढ्दै गइरहेको अनेकौं भीड, कोलाहल, अन्याय, अत्याचार, बन्द, जुलुस, हत्या, हिंसा, राष्ट्रियता र स्वतन्त्रताका नाममा जिन्दावाद र मुर्दावादका नाराहरू घन्काएर सत्ता लिई कुर्सीको मोहमा परेर देशलाई बनाएको जीर्ण अवस्था र यसको विरुद्धमा गरिएको युद्धको घोषणा, राष्ट्रियता, अखण्डता, भूगोल, इतिहास, स्वतन्त्र, सार्वभौम देश हेर्ने जनताको चाहना, अमेरिकाको न्युयोर्क सहरको विकृत रूप साथै त्यहाँको व्यस्तताको अवस्था यस कृतिमा वातावरणीय परिवेश भएर आएको छ । यिनै विविध परिवेशगत घटनाहरू यस सङ्ग्रहका कवितामा प्रस्तुत भएका छन् ।

## ५.२.६ उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष तथा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ । विना उद्देश्य कुनै पनि साहित्यिक कृतिहरूको रचना गरिँदैन र हरेक कृति कुनै न कुनै प्रयोजनका लागि रचिन्छन् । कविता सिर्जनाको उद्देश्य प्राप्तिका लागि त्यसका वस्तु, सहभागीहरूलगायत अन्य संरचक घटकहरूका लागि पनि महत्त्वपूर्ण भूमिका रहन्छ ।[८७] आनन्दानुभूति र रसानुभूति प्रीति, कीर्ति वा यश प्राप्ति, चतुर्वर्ग फल प्राप्ति (धर्म, अर्थ, काम, मोक्ष), उपदेश, शिक्षा, लोकव्यवहार, कृपापात्रता, धनार्जन, देवस्तुती, व्याधिरक्षा जस्ता पूर्वीय उद्देश्य र मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, आनन्दको प्रकटीकरण आदि पश्चिमी उद्देश्यहरू कविता लेखनका उद्देश्यहरू हुन सक्छन् । यिनै मध्ये कुनै प्रयोजन वा साहित्य लेखनको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ ।[८८]

वसन्त श्रेष्ठले नेपालीहरूले विदेश जानुपर्ने बाध्यता, विदेशमा भोग्नु पर्ने पीडा, स्वदेशको सम्झनामा समय बिताउनुपर्ने र विदेश गएको ऋण तिर्न नसकेर वा उतैको बसाइमा समाहित हुदै गएर होस्, चाहेर पनि स्वदेश फर्कन नसक्ने अवस्था, परदेशमा हरक्षण स्वदेश, घरपरिवार र आफन्तहरूको यादमा छट्पटाएर पीडा खप्नुपर्ने बाध्यता, देशमा हत्या, हिंसा बढ्दै गइरहेको, जुन राजनीतिक व्यवस्था आए पनि विकृति, लोभ, लालचा झन् बढेर देशको अवस्था जीर्ण भएको, भ्रष्टाचारले देश खोक्रो पारेको, गरिबको चुलोमा अझै आगो बल्न नसकेको अवस्था, नेपाली जनताले दुःख पाएको र देशमा कहिल्यै परिवर्तन नआएको यथार्थ प्रस्तुत गर्नु नै यो कविता सङ्ग्रह लेख्नुको उद्देश्य हो ।

## ५.२.७ दृष्टिबिन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । कृतिकारको स्थितिलाई बुझाउने दृष्टिबिन्दुले कृतिका सहभागी, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक समक्ष पुऱ्याउने तरिकालाई पनि बुझाउँछ । कवितामा कविका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठक सामु उपस्थित गर्ने तरिका नै

८७. ऐजन, पृ २३५ ।
८८. ऐजन, पृ. २३५ ।

दृष्टिबिन्दु हो । कृतिमा प्रथम र तृतीय पुरुषमध्ये कुनै एक सहभागीको केन्द्रीयतामा वस्तुको प्रस्तुति गरिएको हुन्छ र वस्तुसँगै त्यसको के कस्तो सम्बन्ध छ भन्ने कुराको जानकारी दृष्टिबिन्दुबाटै हुन्छ ।[८९] दृष्टिबिन्दु भनेको कृतिमा अन्तर्निहित विचारधारालाई पक्रने र बुझ्ने सरलतम् विधि पनि हो । हरेक कृतिमा व्यक्त, अव्यक्त वा प्रत्यक्ष परोक्ष रूपमा वर्णनकर्ता रहेको हुन्छ । कृतिमा अवस्थित वर्णनकर्तालाई समाख्याता भनिन्छ । कृतिमा वस्तु, सहभागी, घटना आदि प्रस्तुत गर्ने समाख्याताको कोण वा परिप्रेक्ष नै दृष्टिबिन्दु हो ।[९०]

कवि श्रेष्ठले प्रथम र तृतीय दुवै दृष्टिबिन्दुको प्रयोग गरेर कविता लेखेका छन् । प्रथम पुरुष म, हामी प्रयोग गरेर लेखिएका कविताहरूमा *खबरहरू, देश, प्रतीक्षा, म युद्धको घोषणा गर्छु, क्रान्तिको बिगुल, आस्था, तिमी कहाँ छौ ?, परदेशमा दशैं, खै म कसरी बिर्सूं !, न्हू दँया भिन्तुना, परदेशमा, याद, सपना, मन दुखेको बेला,* गरी जम्मा १४ ओटा कविताहरू पर्दछन् । अन्य *क्रम, एउटा देशको कथा र शवयात्रा* गरी तीन ओटा कवितामा तृतीय पुरुष दृष्टिबिन्दु ऊ को प्रयोग गरिएको छ । *बराबर र न्यु योर्क* शीर्षकका कवितामा दृष्टिबिन्दु राम्ररी खुलेको छैन । नेपालीहरू विभिन्न बाध्यात्मक अवस्थामा परदेशमा गएर जीवन बिताउनु परे पनि नेपालको मायालाई उनीहरूले कदापि भुल्न नसक्ने, नेपाली चाडवाड, संस्कृति, डाँडा पाखाहरूलाई झलझली सम्झँदै समय बिताउनु परेको छ । यता नेपालमा परम्परादेखि चल्दै आएको सत्ताप्रतिको मोह, देशमा बढिरहेको हत्या, हिंसा, भ्रष्टाचारी प्रवृतिले विकृत रूप लिएको सत्तामा नयाँ मान्छे आए पनि पुरानै परम्परा दोहोरिएको यथार्थको प्रस्तुति यस सङ्ग्रहका कवितामा रहेको छ । नेपालीहरूले देशको माया गर्नुपर्छ र देशलाई परिवर्तन गर्नुपर्छ भन्ने कविको धारणा रहेको छ ।

## ५.२.८ भाषाशैलीय विन्यास

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । कविताको भाषा लयात्मक, कलात्मक, रागात्मक, सौन्दर्यात्मक, सरस, सुकोमल, हार्दिक, आलङ्कारिक, सिर्जनात्मक, ध्वन्यात्मक, लक्षणात्मक, व्यञ्जनात्मक, अनेकार्थक, भावोपयोगी, बक्रात्मक, गतिहीन, सुगठित, विचलनयुक्त, विकसित, जटिल, कृत्रिम, विशिष्ट अभिलक्षण भएको हुन्छ । कविताको भाषालाई विशिष्ट तुल्याउन शैली, बिम्ब, प्रतीक, अलङ्कार, लय, छन्द,

८९. ऐजन, पृ. २३७ ।
९०. ऐजन, पृ. २३८ ।

अग्रभूमीकरण, प्रयुक्त विविधता आदिले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ । यिनै कृतिको संरचक घटकको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ ।[९१] साहित्यमा भाषाको महत्त्वपूर्ण स्थान हुन्छ । भाषा स्वयं निर्मित पनि हुन्छ । यसले विभिन्न साहित्यिक संरचना र बुनोटको निर्माण पनि गर्दछ । कथावस्तु, चरित्र, स्थिति, सन्दर्भ, संवाद, वस्तुगत यथार्थ आदि यसैबाट निर्मित हुन्छन् ।[९२]

श्रेष्ठका कविताहरूको भाषा सरल सहज छ । कहीँकहीँ घुमाउरो पारामा व्यङ्ग्यात्मक भाषाको पनि प्रयोग भेटिन्छ । सेन्टल पार्क, ट्वीन टावर, अम्पायर स्टेट बिल्डिङ, म्यानहटन, ब्रुकलाइन, क्विन्स, हड्सन , वासिङटन, एटलान्टिक, ग्रोसरी स्टोर, ट्रेन आदि जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरेकाले कतिपय कविताहरू उच्चारणमा अलि कठिनाइ उत्पन्न हुन्छ ।

उनका कवितामा धार्मिक तथा ऐतिहासिक परम्पराका बिम्बहरूको प्रयोग गरेका छन् । महाभारतको युद्ध, सकुनीको पासा, कृष्णको शान्ति सन्देश, दुर्योधन, भीष्मको प्रतिज्ञा, नाविक, गोरखालीका कथाहरूजस्ता बिम्बहरूको प्रयोग कवितामा गरेका छन् । कुशल बिम्बको प्रयोग गरिएको एक पङ्क्ति यस्तो रहेको छ :

आज
महाभारताको युद्ध
जनयुद्धको नाममा लडिरहेछ
शकुनीको पासा
झण्डा र कुर्सी मात्र बनेर पल्टिरहेछ
कृष्णको शान्ति सन्देश
नामोनिसान छैन
दुर्योधन जताततै
छरिएर बढिरहेछ ।

(एउटा देशको कथा, पृ ४१)

कवि श्रेष्ठका कवितामा प्रतीकहरूको पनि सन्दर्भ अनुसार प्रयोग गरिएको छ । उनले छाँया, किनारा, बादल, समुन्द्र, सुनौलो किरण, बाढी, पहिरो, परालको त्यान्द्रो, दियो,

---

९१. ऐजन, पृ. २४५ ।
९२. ऐजन, पृ. २४६ ।

सागरका छाल, सुनसान बाटो, जुनेली रात जस्ता प्रतीकहरूको प्रयोगले कविता आलङ्कारिक बनेका छन् । उपमा अलङ्कारको ठाउँठाउँमा प्रयोग गरिएकाले कविता सुन्दर र काव्यात्मक बनेका छन् । विषयवस्तुगत सन्दर्भ र भावगत  सौन्दर्यको सामञ्जस्य रहेका उनका कविता प्रगीतात्मक शैलीका लयात्मक छन् । गद्यमा लेखिएका उनका कविता वर्णनात्मक शैलीका रहेका छन् ।

### ५.२.९ निष्कर्ष

कवि वसन्त श्रेष्ठका प्रस्तुत वसन्त श्रेष्ठका कविता कविता सङ्ग्रहका कविताहरूको विषयवस्तु र परिवेश राष्ट्रिय र अन्तराष्ट्रिय जीवन जगतका रहेका छन् । आफ्नो जन्म घर देखि अमेरिकाको न्युयोर्क सहर सम्मको चित्रण कवितामा सशक्त ढङ्गले गरिएको छ । विदेशमा बसे पनि स्वदेशप्रतिको अपार माया कविले आफ्ना कविता मार्फत पोखेका छन् । सरल सहज नेपाली भाषा र केही कवितामा अङ्ग्रेजी र अमेरिकाका विभिन्न स्थानहरूको नामले गर्दा सामान्य पाठकका लागि उच्चारणमा केही कठिनाइ उत्पन्न हुने भए पनि समग्रमा भाषा सरल, रोमाञ्चक र काव्यात्मक छ । विभिन्न धार्मिक तथा ऐतिहासिक बिम्ब प्रतीकहरूको प्रयोग गरिएकाले कविताले पाठकलाई आस्वाद दिन्छ । प्रगीतात्मक शैलीमा लेखिएका कविताहरूले अभिधात्मक अर्थ प्रदान गरेका छन् । समग्रमा कवि श्रेष्ठको यो पहिलो कविता सङ्ग्रह उच्च विचार रहेको सफल काव्य कृति हो ।

## ५.३. भावनाका लहरहरू कवितासङ्ग्रहको विश्लेषण

### ५.३.१ परिचय

वसन्त श्रेष्ठका भावनाका लहरहरू (२०६६) कविता सङ्ग्रहभित्र एकचालीस ओटा कविताहरू सङ्कलित छन् । प्रत्येक कविता एकापट्टि नेपाली र अर्कापट्टि अङ्ग्रेजी भाषामा लेखिएका छन् । यस कवितालाई अङ्ग्रेजीमा अनुवाद माधवलाल कर्माचार्यले गरेका छन् । कविता सुरु भएपछि मात्र पेज नं. सुरु भएको यस सङ्ग्रहमा ८२ पृष्ठ रहेका छन् । सबै कविता सुरु हुनुभन्दा माथि एउटा एउटा चित्र रहेका छन् । कवितामा खास शीर्षक नभई क्रमशः एकदेखि एकचालिस सम्म नम्बर दिइएको छ । कृतिको गातामा अगाडि भावनाका लहरहरू नेपाली भाषामा लेखिएको छ भने त्यसको मुनि **द सर्जिङ वाभ्स अफ् माइन्ड** अङ्ग्रेजी भाषामा लेखिएको छ । पुच्छारमा दायाँ भागमा वसन्त श्रेष्ठ अङ्ग्रेजी र नेपालीमा

लेखिएको छ । गातामा पछाडि वसन्त श्रेष्ठ र श्रीमती विद्यालक्ष्मी श्रेष्ठको फोटो राखी नाम लेखिएको छ । कविता सङ्ग्रहमा डा. तारानाथ शर्माको हस्तलिखित अक्षरमा भूमिका छ । त्यसको पछिल्लो पेजमा वसन्त श्रेष्ठको कृतज्ञताज्ञापन रहेको छ । पछिल्लो पानामा भावनाका लहरहरू कविता सङ्ग्रहको आवरण राखिएको छ । पुस्तकको मूल्य रु. ७५ रहेको छ । पुस्तक श्रीमती विद्यालक्ष्मी श्रेष्ठले प्रकाशित गरेकी हुन् भने पुस्तक भर्जिनिया अमेरिकामा प्रकाशित भएको हो ।

## ५.३.२ विषयवस्तु वा मूलभाव

वसन्त श्रेष्ठले **भावनाका लहरहरू**कविता सङ्ग्रहका कविताहरूमा मुक्तक शैलीमा कवि हृदयमा उठेका भावनालाई पोखेका छन् । उनका कविता कुनै प्रेम जगतका भावनाका गहिराई सम्म पुगेका छन् भने कुनै प्रकृतिका विभिन्न रूप रङलाई आत्मसात गर्दै कविले आफूलाई समाहित गरेका छन् ।उनका कविताले जीवनको गहिराइसम्म पुगेर अर्थ खोज्छन् । कवि सपनालाई विपनामा परिणत गर्न चाहन्छन् । श्रेष्ठका कविताका कवितागत मूलभाव निम्नानुसार रहेको छ :

| शीर्षक | मूलभाव |
|---|---|
| १. एक | कवि आफ्नी बिछोडिएकी प्रेमिकालाई रुँदै प्रेमले प्रेमपत्र लेख्छन् तर ती पत्रहरू नै रुन्छन् । प्रेमी प्रेयसीको यादमा हराउँछ र पनि प्रेयसीको आवाजलाई आफ्नो मनमा कैद गर्छ र वियोगमा पनि आत्मानन्दको अनुभूति गर्छ । |
| २. दुइ | प्रेममा जलन, तड्पन, घात, प्रतिघात आदि हुन्छ र पनि प्रेम जीवनको एक अङ्ग भएरै रहन्छ भन्दै कविले प्रेमलाई अनिवार्य ठानेका छन् । |
| ३. तीन | प्रेममा मिलन र बिछोड दुवै हुने भएकाले कविले मनलाई मिलन र बिछोड दुवै हो भनी चर्चा गरेका छन् । |
| ४. चार | कविले भावनामा बग्दै जतातनै भेटिन्छु भन्ने आफ्नी प्रेमिकालाई कहाँ छौ भन्दै पातको तरेलीमा, आँखाको परेलीमा, ढुङ्गामा, माटोमा, पहाडको कन्दरामा, बुकीहरूमा, आँखामा, आँसुमा, मुस्कानमा, हाँसोमा, मनभित्र, तनभित्र, श्वासमा, अनुभूतिमा, फूलमा, वास्नामा, मिलनमा, बिछोडमा खोजेका छन् । |

| | |
|---|---|
| ५. पाँच | कविले आफ्नी विछोडिएकी प्रेमिकालाई कहिल्यै भेट्दिन होला भन्ने सोचेका थिए तर उनको भावनाले ओठमा सुस्केरा बनेर बसेको, परेलीमा आँसु बनेर, हृदयमा माया बनेर, आफ्नो छाया बनेर बसेको देखेका छन् । सधैँ हरियाली मन पराउने कविले मिलनलाई रोजेका छन् । म पात्रले आफ्नो मन भित्र प्रेमिकाको मायाको धड्कन छामेका छन् । |
| ६. छ | कविले एउटा सुन्दर कुराको खोजी गर्दा जीवन र प्रेम पाएका छन् । कविले प्रेमलाई जीवनको बरदान मानेका छन् । |
| ७. सात | कविले प्रेमलाई सागरको उपमा दिएका छन् । सागरमा छालसँगै थामिने शक्ति हुदैन तर किनारा रुँदै पर्खिरहन्छ भन्दै कविले प्रणय पछि किनारालाई साथै लाने झुटो बाचा बानेर छाल सधैँसधैँ बेपत्ता हुन्छ भन्दै आफूलाई किनाराको महसुस गरेका छन् । |
| ८. आठ | प्रेममा आशक्त भएको कविमन दुबोको टुप्पोबाट शीतको थोपा भएर पानी झैँ बर्सन्छ र प्रभातमा एकनासले रोईरहेको हुन्छ । |
| ९. नौ | यहाँ कवि मन छङछङ झरना बनेर झरिरहेछ, कलकल पानी बनेर बगिरहेछ । |
| १०. दश | डुब्न लागेको घाम झैँ कालो रात्रीले दिनलाई सलक्कै निलेझैँ कवि मन पनि आफ्नो अस्तित्व मेटाएर सागर भएर मिसिने मन गरेको छ । |
| ११. एघार | यहाँ कवि मन रङ्गहीन आकारले कल्पनामा सपना बाडेझैँ रित्तो बजारबाट मिठो अनुभूति किन्ने प्रयत्न गरेको छ । |
| १२. बार | कवि मनले आकाशलाई रूप, बादललाई आकार, बतासलाई गति दिएर जीवनलाई रङ्ग भर्न चाहेका छन् । |
| १३. तेर | कविले त्यसै मर्नु भन्दा केही गरेर, सहिद बनेर मर्न सबैलाई आग्रह गरेका छन् । सहिदलाई सम्मान हुने कविका धारणा रहेको छ । |
| १४. चौध | भाव विनाको शब्द मन नपराउने कविले अर्थ विनाको जीवन जिउन मन नलाग्ने भावना पोखेका छन् । |
| १५. पन्ध्र | जीवन अस्तित्व प्राप्त छ तर जीवनले चाहेर वा नचाहेर पनि अन्त्य स्वीकार्नै पर्ने तितो यथार्थ कविले यस कवितामा पोखेका छन् । |
| १६. सोर | कवि जीवनको मोड नै परिवर्तन हुने जस्तै कहालीलाग्दो दृष्यहरू |

| | |
|---|---|
| | नचाहादा नचाहादै पनि देख्छन् । |
| १७. सत्र | कवि जिन्दगीसँग विश्वास गर्दैनन् । जीवन सोच्दा नसोच्दै अनायासै धरतीबाट चोला उठ्ने भएकाले उनले जीन्दगीको के भरोषा भनेका छन् । |
| १८. अठार | कविले हामीद्वारा सम्बोधन गर्दै रहरहरू सँग बाँच्न चाहाने, विश्वासहरू सँग अघि बढ्ने मानिसहरूलाई कल्पना मात्र बोकेर सधैँ बाँच्न नसकिने धारणा राखेका छन् । |
| १९. उन्नाईस | कविले आफूलाई हास्दै गरेको क्षितिज वा रुदै गरेको आकाश नभएर नवजात शिशुको मुहारमा आउने मधुर मुस्कानको उपमा दिएका छन् । |
| २०. बीस | कवि आँसु नभएको जीवन सुन्दर देख्छन् । उनी सबैले खुसी भएर सुन्दर जीवन बिताएको मात्र देख्न चाहन्छन् । |
| २१. एक्काईस | कवि फूल, ढुङ्गा, पानी सबैमा प्रेम देख्छन् त्यसैले मानिसको जीवनमा देवत्व प्राप्त गर्ने कुरा कविले व्यक्त गरेका छन् । |
| २२. बाईस | कवि सुन्दर सपनाको कल्पना गर्छन् तर त्यो सपना विपनामा कहिल्यै पुरा हुदैन । सुन्दर सपनालाई विपनामा हेर्ने कविको इच्छा छ । |
| २३. तेईस | सुखको समयमा जीवन सुन्दर हुने कविको धारणा छ । कवि मन हाँसेको बेला पीडा मिठास बन्ने, बिछोड क्षणिक बन्ने धारणा व्यक्त गर्दछन् । |
| २४. चौवीस | जीवनको अस्तित्व भनेको नै हाँसो हुन् । सुखमा हाँसो बढ्दै जाने र दुःखमा रोदन थपिदै जानाले जीवनमा रोदन र हाँसोको कुनै सीमा कवि देख्दैनन् । उनका विचारमा त यसले जीवनको रङ्ग परिवर्तन गर्ने मात्र रहेछ । |
| २५. पच्चीस | मनले मस्तिष्कलाई भ्रममा पारेको बेला सागर र आकाश टक्क अडिएको र पहाड हिडेको पनि मानिसले देख्न सक्ने कवि धारणा छ । |
| २६. छब्बीस | यस कवितामा कविले सहरमा बढ्दै गएको धनी र गरिब बीचको दुरीको विकृत रूप चित्रण गरेका छन् । सहरका अग्ला अग्ला घरहरू बनाउने मान्छे चाहिँ साना झुप्राहरूमा भोकभोकै बिताउनु पर्ने र ती घरहरूमा अरु नै बस्ने तितो यथार्थ कविले मार्मिक ढङ्गले काव्यात्मक रूप दिएका छन् । ती गरिबहरूले यस्तो दुःखद अवस्थामा पनि भोलिको सुखद |

| | |
|---|---|
| | दिनको प्रतीक्षामा आफैंभित्र हराउने व्यर्थै कोशिस गरेका छन् । |
| २७. सत्ताईस | कवि जीवनको छेउबाटै मृत्यु गएको देख्छन् । मृत्युले आफूलाई देखेन भन्दै उनी सधैं बाँच्ने इच्छा गर्छन् । तर जति सपनाहरू अधुरै रहेपनि जीवन अमर कहिल्यै नहुने उनले स्वीकारेका छन् । |
| २८. अठ्ठाईस | यस कवितामा कविले अव्यक्त भावनाको अभिव्यक्ति नै कविता हो भनी कविताको परिभाषा दिएका छन् । ब्रह्माण्डमा भएका सजीव, निर्जीव वस्तुहरूका कथा व्यथालाई कविले कवितामा व्यक्त गरिदिने उनको धारणा छ । |
| २९. उनन्तीस | कविले सुनसान ठाउँ पुगेपछि मन, भावना र अनुभूति मिलाएर पलपलमा हृदयको अन्तरकुन्तरबाट कविता सिर्जना गर्छ । |
| ३०. तीस | कवितामा हाँसो, रोदन, प्रेम, मिलन, बिछोड सबै हुन्छ भन्दै कविले कवितालाई जीवन मानेका छन् । कवि सबै कविता मिठा मान्छन् त्यसमा पनि खुल्ला आकाश समेट्ने कविता कविलाई मिठा लाग्छन् । |
| ३१. एकतीस | कवि गाउँको जङ्गल विनाश गरेर सहर बढेकोमा दुःखी भएका छन् । जङ्गल नभएकोमा गाउँलेको मन खिन्न भएको, मनभित्र डढेलो सल्केको कवि मनको आँखाले देखेको छ । |
| ३२. वत्तीस | यस कवितामा कविले किसान हलो र जुवा सँगै दुःख र व्यथा भोगिरहेको हुन्छ भन्दै भाग्य र कर्म, सुख र दुःखलाई किसानको जिउनुको दुई सहाराको रूपमा काव्यवाणी दिएका छन् । |
| ३३. तेत्तीस | प्रकृति प्रेमी कवि रातको पूर्णिमाको जुनमा थुम्की डाँडाबाट गाउँलाई नियाल्दा देखिने सुन्दरतासँग रमाएका छन् । |
| ३४. चौतीस | अभाव ग्रस्त गाउँलेको रोदन र क्रन्दनलाई कविले पीडा र व्यथासँगको सम्बन्ध मानेका छन् । |
| ३५. पैतीस | कविले गाउँमा पाहुनालाई सम्मान हुने कुरा मुक्त कण्ठले प्रशंसा गरेका छन् । वरपिपल चौतारी, देउराली डाँडा, ढुङ्गा, पानी, बारीका कान्ला, पधँरो सबैले सच्चा गाउँलेलाई माया गर्ने कुरा कविमनको भावना रहेको छ । |
| ३६. छत्तीस | आफ्नै बारीका आफैंले हुर्काएका फलका रुखमा पनि ऐजेरु लाग्ने तितो |

| | |
|---|---|
| | यथार्थ कविले प्रस्तुत गरेका छन् । |
| ३७. सड्तीस | लेकमा दगुर्ने कुइरो देख्दा कविलाई घामको लागि कोही न कोहीले यसरी नै भाग्नु पर्ने रहेछ भन्ने लागेको छ । |
| ३८. अड्तीस | कवि यात्रा गरेमा मात्र गन्तव्यमा पुग्ने धारणा राख्छन् । यात्रामा सधैं हराउने र विस्मृतिको धुमिल छायाँमा अल्पिने कविले गन्तव्य बाटोमा होइन आफूमै छ भन्ने आत्मबोध गर्छन् । |
| ३९. उनन्चालीस | आकाश र बादलको लुकामारीमा धरती अन्योलको सिकार बनेको कविको धारणा रहेको छ । प्रकृति प्रेमी कवि नपत्याए हिउँमाथिको शिखर साक्षि छ भन्दै उसैलाई सोध्न सबैलाई आग्रह गर्छन् । |
| ४०. चालीस | गाउँ, पहाड, खोला, नाला, रुख, पाल, प्रकृतिको सुन्दरता प्रदर्शन गर्दै मिलेर बसेको देख्दा कवि मन आल्हादित बनेको छ । तर मानिस भने आफ्नै वंशजको गुनासो गर्दै आआफ्नै विरुद्धमा सङ्घर्ष गरिरहेको देख्दा कविले पनि प्रकृति जस्तै मिलेर बस्न सबैलाई सन्देश दिएका छन् । |
| ४१. एकचालीस | एकचालिस शीर्षकको कवितामा कविले मान्छे मान्छेमा उचनीचको भावना भएका मान्छेहरू समाजमा कुरूप भएर प्रष्टै झल्कन्छ, जसले समाजमा धक फुकाएर हाँस्न नसक्ने कविको धारणा छ । प्रकृतिको काखमा जन्मेका मान्छेलाई कविले प्रकृतिको सुन्दर बनोट मानेका छन् । उनले प्रकृति विरुद्ध सङ्घर्षरत हुनेलाई आफ्नै विरुद्ध सङ्घर्ष गरेको ठान्छन् भने अहम्ग्रस्त मान्छेलाई मान्छे विरुद्धकै मान्छे ठहऱ्याउँछन् । |

### ५.३.३ विषयवस्तुका आधारमा भावनाका लहरहरू कविता सङ्ग्रहका कविताहरूको वर्गीकरण

#### ५.३.३.१ प्रेमपरक कविताहरू

कवि वसन्त श्रेष्ठका *एक* दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ, दस, एघार र *बाह्र* शीर्षकका १२ ओटा कविताहरू प्रेमपरक छन् । विछोडिएकी प्रेमिकाको यादमा रुदै एकान्तमा बसेर प्रेम पत्र लेख्दा लेख्दै प्रेमी प्रेमिकासँगको मिलनमा गरेको बाचामा हराउँछ, प्रेमिकालाई

बोलाउँछ र आफ्नी प्रेमिकाको आवाजलाई मनभित्र कैद गरेर राखेको आभाष प्रेमीलाई भएको छ । प्रेमको परिभाषा गर्दै कविले प्रेमभित्र जलन, तड्पन, घात, प्रतिघात भएपनि प्रेमलाई जीवनको एक अङ्गको रूपमा स्वीकार गरेका छन् । प्रेममा कहिले अनन्त जीवनको चाहना मिलन हुन्छ र कहिले मन बेमन हुदै बिछोड हुन्छ भन्दै कवि प्रेमलाई मिलन र बिछोड के हो छुट्याउनै नसक्ने आभाष भएको छ । प्रेमी विछोडिएकी प्रेमिकाको यादमा तड्पेको छ । ऊ जहाँ त्यही बस्छु भन्ने प्रेमिकालाई पातको तरेलीमा, आँखाको परेलीमा, ढुङ्गामा, माटोमा, पहाड कन्दरामा, आखामा, आँसुमा, मुस्कानमा, हाँसोमा, मनमा, तनमा, स्वासमा, अनुभूतिमा, फूलमा, वास्नामा, मिलनमा, बिछोडमा सबैतिर खोजी यथार्थ पत्ता लगाउन खोजेका छन् । कवि सधैँ मिलन मन पराउँछन् ।

बिछोड कसलाई मन पर्छ र मिलन मन पर्नेलाई
वगर कसलाई मन पर्छ र हरियाली मन पर्नेलाई

(पाँच, पृ ९)

कविलाई बिछोड मन नपरेपनि अन्ततः बिछोड भएको छ । यहाँ प्रेमी बिछोडको पीडामा डुबेको छ । बिछोडिएकी प्रेमिका प्रेमीको ओठभित्र सुस्केरा हालेर, आँखाभित्र आँसु बनेर आउने गरेको साथै प्रेमीको हृदयमा माया बनेर बसेको आभाष भएको छ र ऊ आफ्नो धड्कन छाम्छ । कविले सुन्दर कुरा खोज्दा प्रेम र जीवन पाएका छन् । कवि प्रेमलाई जीवनको वरदान ठान्छन् :

एउटा सुन्दर कुरा खोज्न
मैले भनेँ
एउटाले भन्यो – जीवन
अर्कोले भन्यो – प्रेम
तर अर्कैले भन्यो –
प्रेम जीवनको वरदान हो ।

( छ, पृ ११)

प्रेम सागर जस्तै उर्लेर आउँछ, माया लाउँछ र आफ्नो प्रियजनलाई छोडेर कहिल्यै नफर्कने गरी मायालुलाई साथै लाने झुट्टा वाचा बाँधेर तर्कन्छ भन्ने भाव छाल र किनारासँग तुलना गरी प्रतीकात्मक रूपमा चित्रण गरेका छन् । यहाँ प्रेमीले प्रभातमा

सूर्यको किरणले दुवोको शीत सुकाएझैं रुखका पातबाट पानी वर्षाएर पातलाई रित्याएझैं प्रेमिकाले रित्याएर गएकाले आफू सुख्खा भएको वा हराएको अनुभूति गरेको छ । प्रेमी मध्यान्हमा प्रकृतिको अविरल झरना, खोलासँग बगीबगी आनन्दमा रमाउन चाहन्छ । प्रेमिकाले छाडेर गएपछि आफ्नो अस्तित्व नै समाप्त भएको प्रेमी ठान्छ । बिछोडिएको प्रेमी कहीँ अनेक कुराहरू मनमा खेलाउँदै रित्तो बजारबाट मिठो अनुभूति किन्ने प्रयत्न गर्छ त कहीँ आकाशको रूप, बादलको आकार र बतासको गतिमा जीवनको रङ्ग भर्न खोज्छ ।

## ५.३.३.२ ग्रामीण जीवन र प्रकृति चित्रण भएका कविताहरू

प्रकृतिप्रेमी कवि वसन्त श्रेष्ठ क्रमशः *एकतीस, वत्तीस, तेत्तीस, चौतीस, पैतीस, छत्तीस, सड्तीस, अड्तीस, उनन्चालीस, चालीस, एकचालीस* शीर्षक सम्मका कवितामा गाउँले जीवन, गाउँले परिवेश र प्रकृतिको सुन्दर चित्रण गरेका छन् । गाउँमा जङ्गल मासिएर घर बनेकोमा उनी दुःख व्यक्त गर्छन् । जङ्गल बिनाको गाउँ मन नपरेको कुरा कविले प्रकट गरेका छन् । गाउँले किसानको हलो र जुवासँग उसको जीवनको दुई किनारा दुःख र सुख साथै भाग्य र कर्मको तुलना गरेका छन् । पूर्णिमाको रातमा कवि एक डाँडामा बसेर सुन्दर गाउँलाई नियाल्छन् । कविले अभाव गाउँले जीवनबाट उत्पन्न हुने रोदन र क्रन्दनको मार्मिक भावलाई व्यथा र पीडाको सम्बन्धसँग जोडेका छन् :

व्यथा र पीडाको
सम्बन्ध था पाउने हो भने
अभावग्रस्त गाउँले
जीवनको
रोदन र क्रन्दन सुने था पाइन्छ ।
( चौतीस, पृ ६७)

प्रकृतिप्रेमी कविले गाउँले जीवनको मुक्त कण्ठले प्रशंसा गरेका छन् । गाउँमा पाहुनाको स्वागत हुन्छ । वरपिपल चौतारीले छेउमा बस्न निम्त्याउँछन् । देउराली, पानी, ढुङ्गा, कान्ला आदिले आफूलाई नाता केलाएजस्तो कविलाई लागेको छ । आफ्नै बारीमा आफैले हुर्काएर फलेको रुखमा ऐजेरु लाग्दा कवि दुःखी बनेका छन् । कविले लेकमा छिटो छिटो दगुर्ने कुहिरोलाई देखेर घामका लागि पनि कोही न कोही त भोग्नु पर्ने रहेछ भनेका छन् । गन्तव्यमा पुग्न यात्रा गर्नुपर्छ भन्दै कवि यात्राको गन्तव्य कुनै बाटोमा नभएर आफैँमा

गन्तव्य रहेको अनुभूति व्यक्त गर्छन् । आकाश र बादलको लुकामारीमा धरती अन्योलको शिकार बनेको आभाष कविलाई भएको छ । कवि आफ्नो गाउँमा पहाड, खोला, रुख, प्रकृतिको सुन्दरतासँग बिना इर्ष्या मिलेर बसेको देख्दा आल्हादित बन्छन् । मानव जाति भने गुनासो गर्दै, दुखेसो पोख्दै आआफ्नै विरुद्धको सङ्घर्ष गरिरहेको देख्दा कवि दुःखी बनी मानिसले पनि प्रकृतिबाट पाठ सिक्नु पर्ने भाव व्यक्त गरेका छन् । कविका विचारमा मान्छे प्रकृतिको सुन्दर फूलवारीमा हुर्केका छन् तर त्यो प्रकृतिमा हाँस्न, नाच्न नसक्ने अहम् भावना भएका मानिसहरूलाई कविले कुरूप देखेका छन् । कविले उचनीचको गन्ध भएका अहम् भावनाले ग्रसित मान्छेलाई मान्छे विरुद्धको मान्छे भनेका छन् । कवि प्रकृति चित्रणमा यसरी रमाउँछन् :

मेरो गाउँलाई हेरें
कति मनमोहक थियो
पहाडलाई नियालैं
कस्तरी मिलेर बसेका थिए
खोलालाई, रुखलाई हेरैं
कस्तो सुन्दरता झल्केको थियो
प्रकृतिको सुन्दर बरदान पाएर
साह्रै नै हाँसिरहेका रमाइरहेका थिए
कसैको कसैसँग इर्ष्या थिएन ।

(चालीस, पृ ७९)

### ५.३.३.३ खुसीपूर्ण सुन्दर जीवन बिताउन सन्देश दिने कविताहरू

कवि श्रेष्ठका क्रमशः *उन्नाइस, बीस, एक्काइस, बाइस, तेईस, चौबिस* र *पच्चीस* शीर्षक सम्मका कवितामा जीवनलाई सधैं खुसी भएर बाँच्नुपर्ने सन्देश दिएका छन् । खुसी भएर बाँच्यो भने मात्र जीवन सुन्दर देख्ने कवि आँखाबाट खुसीका मात्र आँसु हेर्न चाहन्छन् । कवि दुःखी बनेर जीउन मन पराउदैनन् । मानिसले प्रकृतिमा रहेर सबै चिजमा प्रेम फैलाउने हो भने देवत्व प्राप्त हुने अनुभूति कविको छ । कवि सुन्दर सपना देख्छन्, सुन्दर कल्पना गर्छन् । उनी सपना पूरा भएको हेर्न चाहन्छन् तर सपना आफूबाट टाढाटाढा भागेजस्तो उनलाई लाग्छ । मानिसले सुन्दर सपना देख्ने तर यथार्थमा जीवन अर्कै मोडमा

हिड्नु पर्ने यथार्थ कवितामा चित्रण छ । कवि सुखको समयमा जीवन मिठास अनुभूत गर्छन् । मन हाँसेको बेला मान्छेले सम्पूर्ण पीडा व्यथा बिर्सन्छ भन्दै कविले जीवनलाई सधैँ खुसी राखे जीवन सुन्दर बन्ने धारणा कवितामा राखेका छन् । कविले  जीवनलाई हाँसो र रोदनको सहयात्रा मानेका छन् । यी दुई जीवनका साथी हुन् । यिनीहरूले जीवनको रङ परिवर्तन गर्छन् भनी कवि भावनामा बहन्छन् । सागर र आकाशलाई मस्तिष्क र मनसँग तुलना गर्दै कविले दुवै स्थिर भएर कहिलेकाहीँ मन र मस्तिष्क छुट्याउन नसक्ने भ्रममा परेका छन् । कवि सधैँ बाँच्न चाहन्छन् तर जीवनका सपना अधुरै छँदा मृत्यु हुन्छ भन्ने दुःखद भाव कवितामा पोख्छन् ।

जीवन अमर कहिल्यै हुँदैन
सपना अधुरै रहे पनि
(सत्ताइस, पृ ५३)

### ५.३.३.४ जीवन अस्तित्वको खोजी गर्ने कविताहरू

कवि वसन्त श्रेष्ठका कविताले अस्तित्वको खोजी गरेको छ । उनी कविता मार्फत अर्थपूर्ण जीवन बिताउँन सन्देश दिन्छन् । कवि बाँचिरहन चाहन्छन् तर पनि मृत्युलाई भने स्वीकार गरेका छन् । उनका *तेह्र, चौध, पन्ध्र, सोह्र, सत्र, अठार* शीर्षकका कविताहरूमा जीवन र मृत्युको चर्चा गरेका छन् । कवि व्यर्थ मर्नुभन्दा सहिद बनेर मर्ने सन्देश दिन्छन् कि यसबाट सम्मान पाइन्छ । कवि भाव विनाको शब्दलाई शब्द नै मान्दैनन् । उनी कल्पनालाई छाडेर विश्वासहरूमा र रहरहरूमा बाँच्न चाहन्छन् । उनी जीवनको भरोषा गर्न छोडेका छन् ।

अस्तित्व प्राप्त
जीवनले
चाहे पनि नचाहे पनि
अन्त्य त
स्वीकार्नै पर्ने रहेछ ।
(पन्ध्र, पृ २९)

### ५.३.३.५ कविताको चिनारी भएका कविताहरू

कवि वसन्त श्रेष्ठले *अठ्ठाइस, उनन्तीस* र *तीस* शीर्षकका तीन ओटा कवितामा कवितालाई चिनाएका छन् । अव्यक्त भावनाको अभिव्यक्ति नै कविता हो भन्दै कविले ब्रह्माण्डमा रमाएर बसेका सजीव निर्जीव वस्तुहरूका कथा व्यथालाई कविताबाट व्यक्त गर्ने काम कविले गर्छन् भनेका छन् । कविले सुनसान ठाउँमा भावनात्मक मनले अनुभूति गरी हृदयको अन्तर कुन्तरबाट बढाउँदै कविता सिर्जना गर्छ भन्ने मूल विचार कविको रहेको छ । उनले मानिसको जीवनलाई कविता मानेका छन् । कवितामा मानव जीवनको हाँसो, रोदन, प्रेम, मिलन, बिछोड सबै चित्र हुन्छ ।

अव्यक्त भावनाको
अभिव्यक्ति नै
कविता हो ।

(अठ्ठाइस, पृ ५५)

### ५.३.३.६ सहरिया जीवनप्रति वितृष्णा छाएका कविताहरू

कवि श्रेष्ठले *छब्बीस* शीर्षकको कवितामा बढ्दो सहरिया प्रवृत्ति र धनी र गरिबका बीचमा बढ्दै गइरहेको दूरीलाई बडो मार्मिक भावमा व्यक्त गरेका छन् । सहरमा धनीहरू प्रतिस्पर्धामा अग्लाअग्ला घरहरू बनाइरहेका छन् । तिनै घर बनाउने गरिब श्रमजीवी वर्गहरू साना झुप्रामा भोकभोकै आफ्नो भाग्यलाई धिकार्दै भोलिको आशामा जीवन बिताउँछन् ।

ती अग्लाअग्ला घर बनाउनेहरू सबै
ती सानासाना झुप्रामा बस्छन्
कर्मको फल भन्दै
आफ्नो भाग्यलाई धिकार्दै
भोक भोकै आँसु बगाउँदै
भोलिको प्रतीक्षामा
आफैँभित्र हराउने
ती व्यर्थै कोशिस गर्छन् ।

(छब्बीस, पृ ५१)

वसन्त श्रेष्ठको भावनाका लहरहरू कविता सङ्ग्रह मुक्तकीय कविताहरूको सङ्ग्रह हो । सिद्धहस्त उनका मुक्तकीय कविताहरू सुललित शैलीमा बगेर मानव हृदयलाई सजिलै स्पर्श गर्न सक्छन् र भावनाको गहिराइमा डुबाउन सक्छन् । स्पर्श र अनुभूतिका कविताले संवेदनाका गूढ तथ्यहरूको उद्घाटन गरेको हुन्छ । वसन्त श्रेष्ठका यी कविताहरू सहज र स्वीकार्य छन् । उनका कविताहरूले जीवनको अर्थ खोज्छन् र त्यो जीवन नेपाली हुन्छ । यहाँ कवि वसन्त श्रेष्ठको तीब्र अनुभूतिमा पाठकहरू आत्मसात हुन पुग्छन् र तिनले कसैको कविता पढ्दैछु भन्ने भुसुक्कै बिर्सेर ती आफैँलाई यी लहरलहरमा अभिव्यक्त गराउँछन् । यस सङ्ग्रहका कविताहरूमा छुट्टै मिठास छ ।

## ५.३.४ सहभागी र सहभागिता

**भावनाका लहरह**रू कविता सङ्ग्रहभित्र विभिन्न किसिमका सहभागीहरू वस्तुलाई विस्तार गर्ने क्रममा आएका छन् । *दुई, बार, तेर, चौध, पन्ध्र, सोर, सत्र, तेइस, चौबीस, छब्बीस, अठ्ठाईस, उनन्तीस, तीस, बत्तीस, तेत्तीस, चौतीस, छत्तीस, सड्तीस* शीर्षकका कविताहरूमा पात्रहरूको प्रयोग गरिएको छैन । *पच्चीस*मा सागर, आकास, पहाड, *एक्काइस*मा हामी, मानिस, मूर्ख बुढो मान्छे, *उन्चालीस*मा आकास, धरती, *बाइस*मा म, सपना, *सात*मा सागर, छाल, *उन्नाइस* मा म, नवजात शिशु, *पाँच*मा उनी, म, *एक, तीन, छ, आठ, नौ, दस, एघार, बीस, सत्ताईस, अड्तीस, चालीस* मा म, *चार* र *पैंतीस*मा तिमी, *एकतीस* मा गाउँले, *एकचालीस* मा मान्छे आदि पात्रहरू कवितामा उपस्थित भएका छन् । यी पात्रहरूमा म, उनी, तिमी, हामी, नवजात शिशु, गाउँले, किसान, मान्छे आदि मानवीय सहभागीहरू आएका छन् । कवितामा कविले धरै पात्रहरूको संयोजन गरेका छैनन् । कवि आत्माका अनुभूति भएकाले विशेषगरी म पात्रले नै कवितालाई अगाडि बढाएको छ । म पात्रकै सम्बोधनात्मक रूपमा उनी, तिमी, गाउँले, किसान आदि पात्रहरू आएका छन् । अन्य सागर, छाल, आकास, धरती, पहाड, सपना आदि जस्ता निर्जीव पात्रहरू नै कविताको वस्तुलाई अगाडि बढाउन उपस्थित भएका छन् ।

## ५.३.५ परिवेश

**भावनाका लहरह**रू कविता सङ्ग्रहको *छब्बीस* शीर्षकमा सहरिया वातावरणको चित्रण छ । *एकतीस, बत्तीस, तेत्तीस, चौतीस, पैतीस, छत्तीस* शीर्षकका कवितामा ग्रामिण परिवेशको सशक्त चित्रण छ । झरना, खोला, सागर, रुख, पात, ढुङ्गा, पानी, माटो ,बादल,

आकाश, धरती आदि जस्ता स्थानिक प्राकृतिक परिवेशको स्वच्छन्द चित्रण कविले गरेका छन् । प्रेम, मिलन, बिछोड, जीवन, मरण, सामाजिक जातीय उँचनीचको सोचाई परम्परा, धनी र गरिब बीचको खाडल बढ्दै गइरहेको, मान्छेहरू सबै सहरकेन्द्रित भएकाले गाउँले जीवन सकिदै गएको, गाउँमा वन विनाशले प्राकृतिक हरभरा हराएको जस्ता वातावरणीय परिवेशहरू आएको छन् ।

कालीक परिवेशलाई नियाल्दा **भावनाका लहरह**रू कविता सङ्ग्रहमा शीर्षक *आठ*मा प्रभातमा, शीर्षक *नौ*मा मध्यान्नमा, शीर्षक *दश*मा साँझमा शब्दहरू आए पनि यिनीहरूले स्पष्टतः यहाँ कुनै पनि कालिक परिवेशको उल्लेख हुन सकेको भेटिँदैन ।

## ५.३.६ उद्देश्य

प्रेममा वियोग भएपछि प्रेमीले भोग्नुपर्ने पीडा वियोग कति दर्दनाक हुन्छ भनेर देखाउनु साथै जीवन बाँच्न उत्प्रेरणा दिनु पनि यस कविता सङ्ग्रह लेख्नुको उद्देश्य हो । प्रकृतिको सौम्य चित्रण गरि ग्रामिण जीवनमा रमाउने कविका उकुसमुकुस भएका भावनाहरू छताछुल्ल पोखेर पाठकलाई आल्हादित पार्नु कविको उद्देश्य रहेको छ । कविताको चिनारी पाठकलाई गराएर कविले कविता सिर्जना गर्ने तरिका पाठकसमक्ष पुऱ्याउनु पनि कविको उद्देश्य रहेको छ ।

## ५.३.७ दृष्टिबिन्दु

वसन्त श्रेष्ठका **भावनाका लहरहरू** कविता सङ्ग्रह भित्र प्रथम र तृतीय दुवै खाले दृष्टिबिन्दुको प्रयोग भएको छ । कतिपय कवितामा भने दृष्टिबिन्दु नै खुलेको छैन । प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु म प्रयोग भएका कविताहरूमा *एक, तीन, पाँच, छ, आठ, नौ , दश, एघार, चौध, उन्नाईस , बीस, बाईस, एकतीस, पैतीस, छत्तीस, अठ्तीस , चालीस* गरी जम्मा सत्र ओटा कविता पर्दछन् । एक्काईस शीर्षकको कवितामा हामी प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएका कवितामा *चार, छब्बीस, उन्चालीस र एकचालीस* रहेका छन् । दृष्टिबिन्दु नै नखुल्ने कविताहरूमा *दुई, सात, बार, तेर, पन्ध्र, सोर, सत्र, अठार, बाईस, तेईस, चौबीस, पच्चीस, सत्ताईस, अठ्ठाईस, उनन्तीस, तीस, बत्तीस, तेत्तीस, चौतीस र सड्तीस* गरी २० ओटा पर्दछन् ।

यिनै दृष्टिबिन्दु मार्फत कविले विषयवस्तुको कार्यव्यापारलाई अगाडि बढाएका छन् । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको एउटा अंश यहाँ प्रस्तुत गरिन्छ ।

उनको यादमा

मेरो

मन रुन्छ

तन रुन्छ

अनि म एकान्तमा सधैँ सधैँ रोइरहन्छु ।

( एक, पृ १ )

### ५.३.८ भाषशैलीय विन्यास

वसन्त श्रेष्ठको प्रस्तुत **भावनाका लहरहरू** कविता सङ्ग्रहमा प्रयोग भएको भाषा सरल, सरस, स्वभाविक, ओजस्वी रहेको छ । सुकोमल, हृदयस्पर्शी शब्दहरूको प्रयोगले कविता झन् मनमोहक वनेका छन् । गद्य भाषामा लेखिएका कविताहरू *चौध र छत्तीस* अति छोटा ४ हरफका र *चार र चालीस* सबैभन्दा लामा उन्नाईस हरफका रहेका छन् । मुक्तकीय शैलीमा यी कविताहरू लेखिएका छन् । व्याकरणिक विचलन, भाषिक मानवीकरण, सरल बोलीचालीका शब्दहरूको प्रयोग आदिले कविताको भावगत अभिव्यक्ति गर्नुका साथै कविता लयात्मक पनि बनेको छ । सुललित शैली कविताको स्पर्श र अनुभूतिको आभाष उनका कविताहरूले दिलाउँछन् ।

### ५.३.९ निष्कर्ष

कवि वसन्त श्रेष्ठको प्रस्तुत कविता सङ्ग्रहका कविताहरूको विषयवस्तु प्रेम, जीवन, ग्रामीण र प्राकृतिक वातावरण रहेको छ । तेरथुम जिल्लामा जन्मेका कविले ग्रामीण जनजीवनका पीडा, बेदना, मिलन, बिछोड, हाँसो खुसी आदिलाई विषयबस्तु बनाएका छन् । सरल स्वभाविक भाषा र छोटा मिठा मुक्तकीय शैलीमा लेखिएका उनका कविताहरूले पाठकको हृदयलाई आल्हादित पार्ने खालका छन् । श्रमजीवि गरिबहरूका पक्षमा कविता लेख्ने कवि श्रेष्ठको यस कृतिमा प्रशस्तै देशप्रेम र प्रकृतिप्रेमको भावना छचल्किएको छ । प्रकृतिमा जन्मेर प्रकृतिमा नै रमाउने कवि जीवनमा बाँचुन्जेल खुसीसँग बाँच्नुपर्ने सन्देश दिन्छन् । कवि श्रेष्ठका प्रस्तुत कविता सङ्ग्रहमा कविको सिर्जनशील व्यक्तित्व उजागर भएको छ ।

## ५.४ उज्यालो खोज्ने आवाजहरू कवितासङ्ग्रहको विश्लेषण

### ५.४.१ परिचय

कवि वसन्त श्रेष्ठको **उज्यालो खोज्ने आवाजहरू** (२०६७) कविता सङ्ग्रहभित्र १९ ओटा कविताहरू रहेका छन् । कवि श्रेष्ठको प्रस्तुत कविता सङ्ग्रह ४८ पृष्ठमा संरचित छ । यस सङ्ग्रहमा कविता सुरु भएपछि मात्र पृष्ठ राखिएको छ । यसको मुख आवरणमा उज्यालो खोज्ने आवाजहरू भनी नामाकरण गरिएको छ । त्यसको ठिकमुनि अङ्ग्रेजी भाषामा 'भोइस सीकिङ फर लाईट' लेखिएको छ । पीडित भएका दुई केटा र केटीको चित्र राखिएको छ । चित्रको पुच्छारमा दाहिनेपट्टि लेखकको नाम अङ्ग्रेजी र नेपाली भाषामा लेखिएको छ । यो कृति लेखकले आफ्नी पूजनीय मुमा श्रीमती सुभद्रा श्रेष्ठको चरण कमलमा भनी समर्पण गरेका छन् । कविता सङ्ग्रहभित्र १९ ओटा कविताहरू सङ्गृहित रहेका छन् ।

**उज्यालो खोज्ने आवाजहरू** कविता सङ्ग्रहभित्र *कवि हृदयभित्रको उज्यालो* शीर्षकको भूमिकामा डा.तारानाथ शर्माले कवि श्रेष्ठको साहित्यिक योगदानको केही चर्चा गर्दै प्रस्तुत सङ्ग्रहका *वर्तमान* शीर्षकदेखि *युगकवि, मधुमास, मेरो देशको परिवर्तन* हुँदै *बाल्टिमोर* सम्मका सत्र ओटै कविताहरू उस्तै सरलता, मृदुता, मानवप्रेम तथा नेपाल भक्तिका अनुपम उदाहरण भएका छन् भनी उल्लेख गरेका छन् ।[९३] त्यस्तै डा. देवीप्रसाद सुवेदीले *वसन्त श्रेष्ठको काव्य उधानमा एकछिन्* शीर्षकको भूमिकामा प्रस्तुत कविता सङ्ग्रह भौगोलिक रूपमा संयुक्त राज्य अमेरिकामा रहेर सिर्जिएको हो तापनि यसमा नेपाली माटोको सुवास प्रचुर मात्रमा पाइनुलाई संयोग मात्र नभनेर यसलाई कवि हृदयको अभ्यन्तर संवेदनशील अभिव्यक्ति नै मान्नुपर्छ । यस सङ्ग्रहभित्रका कविताका कैयन पङ्क्तिहरूमा यस देशको भूगोल र भावनाको न्यानो स्पर्श मिल्दछ । उनका कवितामा फुल्न नसकेका गुराँसहरू, बोल्न नसकेको बुद्धत्व, उड्न नसकेका शान्तिका परेवाहरू, विदेसिएका युवायुवतीहरू र बेचिएका चेलीहरूको अन्तर्वेदना भल्किछ । वसन्त श्रेष्ठको सामान्य परिचय, संस्थागत संलग्नता, साथै श्रेष्ठको **उज्यालो खोज्ने आवाजहरू** कविता संङ्ग्रहका कविताहरूको समालोचना गरेका छन् ।[९४] कवि वसन्त श्रेष्ठले *मेरो भन्नु* शीर्षकको आफनो

९३. तारानाथ शर्मा, 'कवि हृदयभित्रको उज्यालो', वसन्त श्रेष्ठ,**उज्यालो खोज्ने आवाजहरु**, ( काठमाडौं : एपेक नेपाल, २०६७ )
९४. डा. देवीप्रसाद सुवेदी, 'वसन्त श्रेष्ठको काव्यउधानमा एक छिन', पूर्ववत् ।

भनाइमा कविता मनको सुन्दर अभिव्यक्ति हो । कविको भावनाले जुन कुरालाई हृदयङ्गम गर्दछ त्यसै मार्फत नै कविताको जन्म हुन्छ । कविताको क्षेत्र असीमित हुन्छ । आँसुको होस वा हाँसोको, सुखको होस वा दुःखको, मनको भावनाको उद्गार नै कविता हो । कविता एउटा पूर्ण दर्शन पनि हो । जीवनको विविध पक्षलाई उजागर गरिएर लेखिएको आफ्नो मन भित्रको उद्गार नै वास्तवमा जीवन्त कविता हो । सम्पूर्ण मानवको जिजीविषा लेखिएको कविताले नै जीवन्तता प्राप्त गर्दछ भनी उल्लेख गरेका छन् ।[९५] *प्रकाशकको कलमबाट* शीर्षकको लेखमा विश्वविमोहन श्रेष्ठले एपेक नेपालको बारेमा जानकारी साथै वसन्त श्रेष्ठका बारेमा सङ्क्षेपमा एकलापसँग कविता सिर्जना गर्नु र त्यसैमा हराएर एकाकी मनोयोगमा हराउनु उनको दिनचर्या नभई सहचार्य, सहविचार र सद्भावनाका साथ आफू पनि लेख्नेहरूलाई प्रोत्साहित गरेर सँगै लिएर जाने तथा अग्रजहरूको यथा आदर र सम्मान गर्दै नवआगन्तुकहरूलाई स्नेह दिनु नै हो भनी उल्लेख गरेका छन् ।[९६] यस कविता सङ्ग्रहमा १९ ओटा प्रगीतात्मक गद्य कविताहरू रहेका छन् । कृतिको प्रकाशक एपेक नेपाल कलङ्की, काठमाडौं रहेको छ ।

## ५.४.२ मूलभाव

कवि वसन्त श्रेष्ठको **उज्यालो खोज्ने आवाजहरू** कविता सङ्ग्रह (२०६७) मा रहेका कविताहरूको मूलभाव निम्नानुसार रहेको छ ।

| क.स. | शीर्षक | मूलभाव |
|---|---|---|
| १ | वर्तमान | यो स्वदेश छाडेर परदेशमा समय बिताइरहेका नेपालीहरूको पीडा पोखिएको कविता हो । परदेशमा गएका नेपालीहरूले स्वदेश फर्किने चाहना गरेका हुन्छन् तर उनीहरूको आवश्यकता पुराहुँन नसकेर आफ्नो ज्ञान, सीपलाई बन्धक राखेर पसिनासँग वर्तमान गुजारिरहेका छन् । परदेशबाट फर्कन पनि नसकेको र त्यस ठाउँलाई कहिल्यै आफ्नो बनाउन पनि नसकेको, समय निरन्तर बितिरहेको तर लक्ष्य कहिल्यै सफल नभएको दर्दनाक अवस्थाको चित्रण कवितामा भएको छ । विदेशमा आशाको सपनाभित्र दियोको |

९५. वसन्त श्रेष्ठ,' मेरो भन्नु', पूर्ववत् ।
९६. विश्वविमोहन श्रेष्ठ,' प्रकाशकको कलमबाट', पूर्ववत् ।

| | | |
|---|---|---|
| | | मधुरो बत्तीसँगै जीवन बिताउनु परेको र वर्तमानलाई आफ्नो बनाउन नसकेको भाव कवितामा रहेको छ । |
| २ | युग-कवि | *युगकवि* शीर्षकको कविता युगकवि सिद्धिचरण श्रेष्ठको जन्मजयन्ती कार्यक्रमको अवसरमा पाठ गरिएको कविता हो । यस कवितामा सिद्धिचरण श्रेष्ठलाई मोति झैँ टल्कने, चन्द्रमा झैँ चम्कने युगकै प्रतितिधि कवि हौ भन्दै प्रकृतिसँग आत्मसात गरेर जीवन बाँच्न आइपुगेका प्रकृतिप्रेमी स्वच्छन्दतावादी कविका रूपमा चिनाएका छन् । उज्यालो खोज्दै हिँड्ने क्रान्तिकारी कविका रूपमा व्याख्या गर्दै स्वतन्त्रता सेनानी जीवन्त कविका रूपमा लिएका छन् । युगकवि श्रेष्ठका रचनाहरू मेरो प्यारो ओखलढुङ्गा, नेपाली हुँ कठिन गिरीमा चढ्नलाई सिपालु, विश्वव्यथा, मङ्गलमान, उर्वशी आदिमा पोखिएको देशभक्ति, मानव बिरह र शान्त निर्मल स्वच्छ भावनाको चर्चा गरेका छन् । आफ्ना रचनाहरूद्वारा युगकै सन्देश दिने युगकविका रूपमा वर्णन गरेका छन् । |
| ३ | मन दुखेको बेला | यस कवितामा मन दु:खेको बेलाको मानव मनको मिहीन विश्लेषण छ । मानिसको मन कहिले खुसी हुन्छ त कहिले दु:खी हुन्छ । मन दु:खेको बेला मानिसको मन कठोर ढुङ्गा बनेर जान्छ, खुसीमा मुस्कुराउने ओठहरू कलेटी परेर फाट्दै जान्छन् । कतैबाट शुभ सन्देश नपाउँदा खुसीका क्षणहरू कतै देखिँदैनन् । मन दु:खेको बेला उत्पन्न हुने नैराश्यको स्थितिलाई कविले स्वभाविक रूपमा उजागर गरेका छन् । मानवीय मनका मिहीन विश्लेषण र घामछायाँतुल्य मनका पाटाहरू उनका कवितामा देखा परेका छन् । प्रत्येक प्रभातमा घामका सुनौला किरणको कल्पना गर्ने कविमनलाई बादलले ढाकी दिन्छ । सुन्दर सपना देख्ने नयनहरू वीभत्सता मात्र देख्न विवश छन् । कविलाई बाँच्नको जिजीविषा मर्न थालेको आभाष भएको छ । |
| ४ | भावनाको न्यानो स्पर्श | कविले जङ्गलभरि राता गुराँसका थुङ्गाहरू देखिनुपर्ने, गुराँसले डाँडैभरि ढाक्नु पर्ने तर बाक्लो कुइरो र ऐँजेरूले ढाकेर गुराँस फुल्नै |

| | | |
|---|---|---|
| | | छाडेको, गुराँसको बोट नै कुइरोले ढाकेको कवि मनको भावना पोखेका छन् । गुराँसलाई बुढ्यौलीले छोयो भन्दै कविले डाँडा पाखामा गुराँस लटरम्म फुल्दा गाउँ हाँस्ने, वन हाँस्ने र मन हाँस्ने र कविको मनै भुलाउने रमाइलो अन्तै मोडिन थालेको, पारिलो घाम झुल्कने विश्वासमा तुसारापात भएको भाव कविले व्यक्त गरेका छन् । छोराको हँसिलो अनुहार गुराँससँग नफक्रने भएको छ भन्दै कविले भविष्यप्रतिको आश मारेका छन् । गुराँस फुल्न छोडे पनि कवि मनमा भावनाको न्यानो स्पर्शका अनुभूतिभित्र विश्वास सधैँ रहिरहने भावना कविले व्यक्त गरेका छन् । |
| ५ | भाषा : शान्ति र सिर्जनाको | कविले युद्ध, घण्टाका आवाज तोडेर शान्ति क्षेत्रको विगुल बजाउँदै माटोको मायालाई सर्वत्र फैलाउन सक्नुपर्ने धारणा अगाडि सारेका छन् । तानाशाही सत्ताले भाषाको मायालाई र प्रतिभाको भेललाई कदापि छेक्न रोक्न नसक्ने हुनाले निर्माण र विकासका गतिसँगै भाषाले शान्ति र सिर्जनाको बिगुल फुक्नुपर्ने धारणा कविले काव्यवाणी दिएका छन् । कवि श्रेष्ठले कुनै पनि तानाशाही सत्ताले भाषाको मायालाई, कलमको शक्तिलाई र प्रतिभाको भेललाई कदापि रोक्न नसक्ने र जनचेतनाका लहरहरूलाई नेलले बाँध्न पनि नसक्ने तत्त्वबोध गर्दै निर्माण र विकाससँगै शान्ति र सिर्जनाको बिगुल फुक्न आह्वान गर्दछन् । |
| ६ | मेरो देश | कविले आफ्नो देशलाई देश विदेशमा फैलने कला संस्कृति बोकेको बुद्धको अहिंसा परमो धर्मको पाठ संसारलाई पढाउने देशको रूपमा चर्चा गरेका छन् । वीरको इतिहास बोकेको देश आज क्षत्विक्षत् बनेको, शान्ति क्षेत्र देशमा बारुद र गोला वर्षने गरेको, हत्या आतङ्क दिन प्रतिदिन बढिरहेको आदि तितो यथार्थ कविले मार्मिक भाषामा काव्यवाणी दिएका छन् । शान्ति हराएको ठान्दै कविले शान्ति भोका, नाङ्गा, शोषित, पीडित, उत्पीडित सबैमा समाहित हुनुपर्ने चाहनामा शान्तिलाई सेता परेवा उडाउन आह्वान गरेका छन् । वीर नेपालीको तातो रगतले कसैको उपनिवेश नबनेको देशलाई कसैले भियतनाम, चेचनिया र अफगानिस्तान जस्तो बनाउन नसक्ने र नेपालीहरूले यस्तो हुन नदिने राष्ट्रवादी स्वर प्रकट गरेका छन् । सगरमाथाको देश भनेर चिनिने गरेको देश |

| | | |
|---|---|---|
| | | आज आफ्नै वंश हत्याराको देश भनेर चिनिने गरेको, बुद्धको देशलाई बारुद, गोला र हत्याको देश भनेर बिर्सन कोशिस गरिरहेको भाव कवितामा छ । शान्तिको देश, वीरहरूको देश, बुद्धको देश, एकाएक कथामा परिणत हुन खोज्दै गएकाले कवि छातीमा उठेका भक्कानाहरूलाई थिचेर नेपालीहरूसँग अझै बुद्धत्वको स्पर्श र वीरहरूको रगत बाँकी नै रहेको भाव व्यक्त गरेका छन् । नेपाली माटोको सुवास प्रचुर मात्रमा पाइनुलाई संयोग मात्र नभनेर यसलाई कवि हृदयको अभ्यान्तर संवेदनशील अभिव्यक्ति नै मान्नु पर्छ । कविले यो मेरो देश कवितामा देशभक्तिको सुन्दर दृष्टान्त प्रस्तुत गरेका छन् । |
| ७ | आँसु | संयुक्त राज्य अमेरिकाका ४४ औं राष्ट्रपति बाराक ओबामाको सपथ ग्रहण समारोहको दिनको एक रेखाचित्र आँसु कवितामा प्रस्तुत छ । उनले यहाँ दुःख, पीडा र व्यथा, वियोगमा आउने आँसुको होइन, आमूल परिवर्तनको चाहनाको प्रतीक बनेर सुनिश्चित भविष्यको उज्यालोतिर मोडिँदा उनले आँसुको चर्चा गरेका छन् । विजयोत्सवमा आउने हर्षाश्रुले मनोकाङ्क्षित परिवर्तनको अपेक्षा गरेको हुन्छ । अश्वेत महामानवको वेग्लै पहिचान बोकेर आएको ओबामाप्रति उनको बेग्लै आस्था छ र उनी भेदभावरहित समाज निर्माणमा उनको विशेष भूमिका रहोस् भन्ने आकाङ्क्षा राख्दछन् । परिवर्तनकारी सम्पूर्ण मानव जातिको समानताको लागि काम गर्दा विजयोत्सवको आँसु सुनिश्चित भविष्यको उज्यालोमा, भेदभावरहित कल्पनाको, पूँजीवादका विरुद्ध सुनौलो भविष्यको आर्थिक क्रान्तिको, परिवर्तनकामी जनवादी समूहको आँसुका रूपमा कविले चर्चा गरेका छन् । मान्छे विजय उत्सवको तयारीमा अलग पहिचान बोकेर दिशाबोध गराउन प्रेरित बनेको बेला संसारले आफ्नो विजयको प्रतीक प्रतीक्षामा आँखाहरू आमूल परिवर्तनको चाहनामा अगाडि बढिरहेको धारणा कविले यस कविता मार्फत अगि सारेका छन् । |
| ८ | तिम्रो मृत्यु | यो ताप्लेजुङको घुम्साामा हेलिकप्टर दुर्घटनामा परि निधन भएका कविका मित्र शरद राईको सम्झनामा लेखिएको कविता हो । कवि |

| | | |
|---|---|---|
| | | श्रेष्ठले आफ्नो साथीको मृत्यु नभएसम्म त भेट्ने सङ्कल्प र विश्वास रहेको तर साथीको दुर्घटनामा परेर मृत्यु भएकाले अब कहिल्यै भेट्न नसक्ने भएकाले सदाका लागि बिछोड एउटा तितो सत्यको रूपमा स्वीकार गरेका छन् । कवि आफ्नो साथी जीवित छँदासम्म त्यति याद नआएको तर उनको मृत्युपछि बिर्सन खोज्दा पनि झन् याद आएको मार्मिक भाव कविले व्यक्त गरेका छन् । यहाँ साथी बाटो बिराएको पथिकझैँ फेरि फर्केर हामीसँगै आउने हो कि भन्ने कविलाई भ्रम पैदा भएको छ । श्रेष्ठले आफ्नो साथीको अभाव जीवनभर खड्किरहने र याद सधैँ सधैँ आइरहने धारणा राखेका छन् । मृत्यु अवश्यंभावी तितो सत्य भए पनि मृत्युको खबर जो कोहीलाई पनि कारूणिक हुन्छ । उनको मृत्युमा कविले आफ्नो हार मानेका छन् । मानवीय संवेगलाई कविले यहाँ राम्रोसँग उतारेका<br>छन् । |
| ९ | समयको गति | कविले मनहरू थामेर समय कदापी नरोकिने र हरेक क्षण, हरेक पल माया र प्रेमका विश्वासहरू समयसँगै बढ्दै गएको आभाष कविलाई भएको छ । मान्छेले भविष्यको लामो रेखा कोरे पनि जीवन सधैँ सोचेजस्तो नहुने र जीवनका थुप्रै आकाङ्क्षाहरू बाँकी रहेपनि चङ्गा झैँ चुटिने सत्यता कविले काव्यात्मक भावमा व्यक्त गरेका छन् । समयको गतिसँगै जानी नजानी अन्जानमै जीवन शून्य बन्दोरहेछ भन्दै जीवन प्रतिको शून्यवादी धारणा कविले व्यक्त गरेका छन् । समय गतिशील छ, यसलाई कसैले रोक्न सक्दैन । समयक्रममा भविष्यको लामो रेखा कोरिए पनि रङ्गीन सपनाको पिरती बाँधिए पनि थुप्रै आकाङ्क्षा बाँकी रहे पनि समयको गतिसँगै अनपेक्षित परिणामहरू भोग्न मानिस विवश हुन्छ । कविको अनुभूतिमा स्वभाविकता छ । |
| १० | प्रतीक्षा | कवि नीरव कालरात्रिपछिको सुनौलो बिहानीको प्रतीक्षामा रहेका छन् । निमेषमै कल्पना शीतलताका आधार स्तम्भहरू भग्नावशेष |

| | | |
|---|---|---|
| | | भई जल्दै जान्छन् र जुर्मुराएका राष्ट्रियताका प्रतीकहरू यथास्थितिमा चुपचाप थन्किन्छन् । कविलाई परिवर्तनको आवाज कहिल्यै नउठेको भान हुन्छ । सुनौलो बिहानीको लामो प्रतीक्षामा यथास्थितिको माझमा कविले जीवन बिताइरहेका छन् । हाम्रो समाजमा जति जति परिवर्तन भएका छन् तिनले जनआकाङ्क्षा अनुरूपको आमूल परिवर्तन ल्याउन सकेका छैनन् । यथार्थमा यथास्थितिले नै निरन्तरता पाएको छ । |
| ११ | मधुमास | यो कविता सुन्दर भविष्यको कल्पनामा, सुन्दर भविष्यको विश्वासमा र अविरल मायाको अपेक्षामा अदम्य प्रेमप्रति समर्पित भावनाको प्रतीक हो । यस कवितामा विभिन्न विषयवस्तुलाई स्वच्छन्द ढङ्गले प्रस्तुत गरी स्वच्छन्दतावादी भावधारालाई समेत प्रश्रय दिइएको छ । यस प्रकार कवितामा स्वच्छन्द पाराले जीवनका आशा, निराशा आदिलाई प्रस्तुत गरिएको छ । कुनै नवदम्पतिको सुहागरात जस्तो, कलकल, छलछल र तलतल छहराको मिठो सङ्गीतको ध्वनिमा कवि बगिरहेका छन् । आँखाको सुन्दर सपना मात्र नभएर यथार्थ जीवनको विकास रोप्ने निर्णायक घडीको रूपमा लिँदै गुलाबी गाला, बदामी आँखा र रक्तिम ओठहरूको रस पिउँदै आफ्ना हक अधिकार र बलिदानीप्रति सचेत रहने धारणा कविले काव्यवाणी दिएका छन् । कविलाई आफ्नी प्रेमिकाले निर्विवाद, बिना रोकटोक, पूर्ण शान्ति र सुन्दर भविष्यको विश्वासमा अविरल माया बर्साइरहेको आभाष भएको छ । भावनाको गहिराइमा डुब्दा पनि अधिकार र कर्तव्यप्रतिको सचेतता कविको प्रस्तुतिमा पाइने विशेषता हो । |
| १२ | तिमी र म अनि हाम्रो प्रेम कथा | यहाँ कविले आफ्नी प्रेमिकासँग मायाको संसारमा डुबेको क्षणलाई कथा हो भनी कवितामा प्रस्तुत गरेका छन् । प्रेमिकासँग भेट्नु नै माया साटिनु थियो कविलाई । ओठभरि प्रेमको आग्रह मुस्कुराउँदै गरेपछि आँखाभरि प्रेमको याचना स्वीकारेर कवि प्रेममा नै निर्लिप्त हुन्छन् । कवितामा प्रेमी र प्रेमिका प्रेमको नदीमा चुर्लुम्म डुब्छन्, |

| | | |
|---|---|---|
| | | मायाको सागरभित्र डुबुल्की मार्छन् । उनीहरू मायाको प्रत्येक पर्खाल तोड्दै, सङ्कोच पार गर्दै अजस्र मायाका छालहरू एक अर्काप्रति निर्लिप्त भएका छन् । प्रेमी प्रेमिका मायाको रस पिउँदै तृप्त भएर पूर्ण सन्तुष्ट भई मुस्काइरहेको रमणीय अनुभव कविले यस कवितामा पोखेका छन् । |
| १३ | मृत्युबोध | मृत्यु अखण्ड, निर्विकल्प, अवश्यंभावी छ तर पनि विचारहरू प्रेमका भावनाहरू बेरोकटोक सल्बलाइरहेका हुन्छन्, मृत्युको उपस्थिति अनिवार्य भए पनि कुन समय हो भन्ने कसैलाई थाहा हुदैन, जे भए पनि मानिसले मृत्युबोध भने गरिरहेको हुन्छ भन्ने विचार कविले राखेका छन् । कवि मृत्युको प्रतीक्षामा बसेका छन् जुन अनिवार्य भोग्नु छ । कविलाई कहिले मृत्यु नजिकिएको आभाष हुन्छ त कहिले टाढिएको । कविले भावनाको अन्तर मात्र हो भन्दै मृत्युबोध स्वीकारेका छन् । मृत्युको उपस्थितिलाई बिनासर्त स्वीकार्न कवि बाध्यतावश मृत्युको प्रतीक्षामा रहेका छन् । |
| १४ | सागर र मन | कविले यस कवितामा अविरल गतिमा बगिरहेको सागरसँग कवि मनको बगाइको दौडाइ तुलना गरेका छन् । मानिस पीर, व्यथा, सपना, कल्पना आदिले रुन्छ र उसको मन हलुङ्गो हुन्छ त्यस्तै सागरका पनि आफ्ना थुप्रै व्यथाहरू छन् । सुनामी छालको कथालाई कविले एक तमासले नियाली रहेका छन् । त्यही सागरको कथाभित्र आफ्नो मनको उद्वेग छाम्दै कवि सागरसँगै आफ्नो मन अविरल गतिमा बगिरहेको कल्पना गरेका छन् । |
| १५ | मेरो देशको परिवर्तन | यस कवितामा देशमा शान्ति र परिवर्तनको खोजी गरिएको छ । धर्मग्रन्थ पल्टाएर पाप नपखालिने, मृगको छाला ओडेर सन्त नकहलिने कविको धारणा छ । देशमा मूर्तिवत मान्छेको खोल ओडेर बसिरहेछन् बुख्याँचाहरू भन्दै कविले उनीहरूलाई हिँजडाको मुकुण्डो संज्ञा दिएका छन् । कविलाई देशमा न्याय, कानुन, इज्जत, प्रतिष्ठा सबै हराएको आभाष भएको छ । देशमा चेलीहरू बेचिइरहेका छन् । युवा युवतीहरू विदेसिरहेका छन् । सहरमा भाषा |

| | | |
|---|---|---|
| | | संस्कृतिका मान्यताहरू सबै हराइसके । चोर फटाहाहरूको बिगबिगी बढिरहेछ । पानी नभएर दुर्गन्ध चारैतिर फैलिरहेछ । यस्तो अस्तव्यस्त देशमा भय आतङ्क र अभावको मात्र परिवर्तन भएकाले कवि जनताले चाहेको परिवर्तन नआएको भाव कवितामा पोख्छन् । देशमा परिवर्तनको चाहानामा बच्चाहरू युवा र युवाहरू वृद्ध भइसके तर वर्षौंदेखि विकास, शान्ति र प्रगतिको परिवर्तन जड बनेर उभिरहेछ । कवि एक दिन परिवर्तन अवश्य चेतन भएर आउने र सबैलाई ब्युँझाउने कुरामा आशावादी छन् । उनका कवितामा उड्न नसकेका शान्तिका परेवाहरू, विदेसिएका युवा युवतीहरू र बेचिएका चेलीहरूको अन्तरवेदना झल्कन्छ । कविले देशको यथार्थ चित्रण कवितामा उतारेका छन् । |
| १६ | उज्यालो खोज्ने आवाजहरू | यस कवितामा उज्यालो खोज्न हिँडेका आवाजहरू उज्यालो खस्न नपाई रात पर्छ र राँको बालेर अन्धकारमा टायर जलाउँदै आवाजहरूले उज्यालो खोजिरहन्छन् । अगुवाहरू राँको बोकेर अगाडि लाग्छन् तर अगुवा भेटिने, उज्यालो नभेटिने तितो यथार्थ कविले कवितामा व्यक्त गरेका छन् । उज्यालो खोज्ने सहयात्रीहरू जङ्गलमा, भीर पहरामा, पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर अल्मलिन्छन्, भौतारिन्छन्, कहीँ उज्यालो देखाउने अगुवाहरू भेटिँदैनन् । न्याय र कानुनहरू, इमान र नैतिकताहरू राँको सँगै जल्छन् । ती आवाजहरू कुनै पनि क्षण भिडले कुल्चेर अराजकताको चपेटामा निमिट्यान्न बन्न सक्ने शङ्का कविको छ । उज्यालो खोज्ने आवाजहरू उज्यालो खस्न नपाउँदै बिलीन, शून्य बन्न सक्ने खतरा कविले व्यक्त गरेका छन् । मुलुकमा अन्धकार छाएको बेला उज्यालो खोज्ने आवाजहरू कतै थुनिएका त छैनन् अनि बीचमै ती अस्तित्वविहीन भएका त छैनन् ? जसले देशमा खुसी र चेतनाको दियो बल्ने सपना देखे तिनीहरू कतै अन्धकारमा त छैनन् ? यी विषयहरूमा कविको मन देशको परिवर्तन र परिवर्तनका संवाहकहरूप्रति सचेत छ । ती परिवर्तनका |

| | | |
|---|---|---|
| | | मार्गदर्शकहरू जो आफैँमा दिशाहीन छन् वा दश दिशातिर फर्केका छन् तिनले के उज्यालो ल्याउलान् ? कवि भने क्रान्तदर्शी छ । यसले देशको नेतृत्वप्रति खबरदारी गर्दै जागरुक र चेतनशील बनेको छ । यो कविता वर्तमान नेपालको समसामयिकतालाई बोध गराउने कविको सचेत कलमको उपज हो । |
| १७ | बाल्टिमोर मेरा आँखामा | यस कवितामा कविले अमेरिकाको बाल्टिमोर सहरको चर्चा गरेका छन् । सुन्दरता र स्वभिमानका विशाल छाती फुकाएर देशमा पहिलो स्वतन्त्रताको झण्डा फहराउने श्रेय बाल्टिमोर सहरले पाएको छ । विशाल ऐतिहासिक महत्त्व बोकेको यो सहर विश्वबन्धुत्वको सङ्गमस्थल र मानव जगत्भरिको मानवताको रक्षा गर्ने केन्द्रीय स्थलका रूपमा कवि आँखा परेको छ । कविले बाल्टिमोर सहरमा पनि कतै बुद्धको छायाँ त कतै सगरमाथाको माया भेट्छन् भने डाउनटाउनको हार्मरभरि नेपाली कला र संस्कृतिको झझल्को धेरैले बुझेझैँ कविलाई लागेको छ । बाल्टिमोरको सुन्दरतादेखि मुग्ध बनेर कवि यस सहरको बाहुपासमा बस्न आतुर छन् । कवि बाल्टिमोर सहरदेखि अत्यन्तै लालायित भएपनि उनले नेपालीपन बिर्सेका छैनन् उही सहरमा नेपालीपन आरोपित गरेका छन् । |
| १८ | मन हाँसेको बेला | कविले मन हाँसेको बेला कवि जीवनलाई सुन्दर देखेका छन् । कविलाई चरक्क चर्केको छाती, दर्द, पीडा र व्यथा मिठो सपनाझैँ लाग्छ । वर्षौं एक्लिएको समयसँगको मिलन पनि क्षणिकझैँ लाग्छ । कविले दर्द मिठो बन्ने, पीडा मिठास बन्ने, बिछोड क्षणिक बन्ने र व्यथा रमाइलो कथा बन्ने हुँदा मन हाँसेको बेला जीवन जतातलै देख्छन् । |
| १९ | अब अलिकति मात्र बाँकी छ | कविले पुराना अवशेष हटाउने र समाजलाई रूपान्तरण गर्ने आकाङ्क्षा राखेर परिवर्तनकामीहरूले थकाइ मार्न छोडेर जुट्न बाँकी रहेको सन्देश प्रवाह गरेका छन् । गाउँका जनताहरू सब आफ्नो काम छोडेर आन्दोलन सुरु गरे । दश वर्षसम्म कतिले |

| | | |
|---|---|---|
| | | ज्यानको बलिदान दिए त कतिले झोलाभरिको आफ्नो अधिकारलाई खल्तीभरि मात्र बोकेर फर्किए । तर देशमा उही घुस्याहा नेताहरू पुरातन शैलीमा जनतालाई झुठो आश्वासन बाँडेर, छलकपट धोका थोपरेर बसिरहे । जनताहरू परचक्रीका षड्यन्त्रहरू सम्झेर लड्न तयार हुन्छन्, भ्रष्टाचारी नेताहरूलाई धिक्कार्छन् । अझै पनि कवि आशावादी नै छन् । कवि बेर भए पनि अबेर भएको छैन भन्दै सुरु मात्र भएको र अन्त्य हुन बाँकी नै रहेको, पुराना अवशेष हटाउन अलिकति मात्र बाँकी रहेको ठान्छन् । |

### ५.४.३ विषयवस्तुका आधारमा 'उज्यालो खोज्ने आवाजहरू' कविता सङ्ग्रहको वर्गीकरण

#### ५.४.३.१ प्रगतिशील कविताहरू

कवि श्रेष्ठका कविताहरू प्रगतिशील भावधारामा लेखिएका छन् । उनको *भाषा : शान्ति र सिर्जनाको, मेरो देश, आँसु, प्रतीक्षा, मेरो देशको परिवर्तन, उज्यालो खोज्ने आवाजहरू, अब अलिकति मात्र बाँकी छ* गरी सातओटा कविताहरू प्रगतिशील भावनाले ओतप्रोत भएका छन् । भाषाको मायालाई कसैले रोक्न नसक्ने, कलमको शक्तिलाई, प्रतिभाको भेललाई तानाशाही सत्ताले छेक्न नसक्ने कविको धारणा छ । वीरको इतिहास बोकेको देश आज क्षत्‌विक्षत् बनेको, शान्ति क्षेत्र देशमा बारुद र गोला वर्षने गरेको, हत्या आतङ्क दिन प्रतिदिन बढिरहेको आदि तीतो यथार्थ कविले मार्मिक भाषामा काव्यवाणी दिएका छन् । शान्ति हराएको ठान्दै कविले शान्ति भोका, नाङ्गा, शोषित, पीडित, उत्पीडित सबैमा समाहित हुनुपर्ने चाहनामा शान्तिलाई सेता परेवा उडाउन आह्वान गरेका छन् ।

शान्ति र विश्वास आ-आफैँ खोज्नु पर्छ
शान्ति गरीबको झुपडीमा छाउनुपर्छ
शान्ति भोकाको पेटभरि भरिनुपर्छ
शान्ति नाङ्गाको आङ्गमा ढाकिनुपर्छ
शोषित, पीडित, उत्पीडित

सबैमा समाहित हुनुपर्छ शान्ति

(मेरो देश, पृ १३ )

कविलाई परिवर्तनको आवाज कहिल्यै नउठेको भान भएको छ । सुनौलो बिहानीको लामो प्रतीक्षामा यथास्थितिको माझमा कविले जीवन बिताइरहेका छन् । हाम्रो समाजमा जति जति परिवर्तन भएका छन् तिनले जनआकाङ्क्षा अनुरूपको आमूल परिवर्तन ल्याउन सकेका छैनन् । यथार्थमा यथास्थितिले नै निरन्तरता पाएको छ । कविलाई देशमा न्याय, कानुन, इज्वत, प्रतिष्ठा सबै हराएको आभाष भएको छ । देशमा चेलीहरू बेचिइरहेका छन् । युवा युवतीहरू विदेसिरहेका छन् । सहरमा भाषा संस्कृतिका मान्यताहरू सबै हराइसके । चोर फटाहाहरूको बिगबिगी बढिरहेछ । पानी नभएर दुर्गन्ध चारैतिर फैलिरहेछ । यस्तो अस्तव्यस्त देशमा भय आतङ्क र अभावको मात्र परिवर्तन भएकाले कवि जनताले चाहेको परिवर्तन नआएको भाव कवितामा पोख्छन् । जनताहरू परचक्रीका षड्यन्त्रहरू सम्झेर लड्न तयार हुन्छन्, भ्रष्टाचारी नेताहरूलाई धिक्कार्छन् । कवि बेर भए पनि अबेर भएको छैन भन्दै सुरु मात्र भएको र अन्त्य हुन बाँकी नै रहेको, पुराना अवशेष हटाउन अलिकति मात्र बाँकी रहेको ठान्छन् । उज्यालो खोज्न हिँडेका आवाजहरू उज्यालो खस्न नपाई रात पर्छ र राँको बालेर अन्धकारमा टायर जलाउँदै आवाजहरूले उज्यालो खोजिरहन्छन् । अगुवाहरू राँको बोकेर अगाडि लाग्छन् तर अगुवा भेटिने, उज्यालो नभेटिने तितो यथार्थ कविले कवितामा व्यक्त गरेका छन् । न्याय र कानुनहरू, इमान र नैतिकताहरू राँकोसँगै जल्छन् । ती आवाजहरू कुनै पनि क्षण भिडले कुल्चेर अराजकताको चपेटामा निमिट्यान्न बन्न सक्ने शङ्का कविको छ । उज्यालो खोज्ने आवाजहरू उज्यालो खस्न नपाउँदै विलीन, शून्य बन्न सक्ने खतरा कविले व्यक्त गरेका छन् ।

उज्यालोको आसमा
बन्दैछन् जङ्गली कानुनहरू
न्याय कानुनका हिसाबकिताब
बल्छन् सडकमा
इमान र नैतिकताका कुराहरू त
अगुवाहरू आफैँले नै राँको सँगै जलाउँछन् ।

(उज्यालो खोज्ने आवाजहरू, पृ ४०)

### ५.४.३.२ स्वच्छन्दतावादी कविताहरू

यस कविता सङ्ग्रहभित्रका *मन दुखेको वेला, समयको गति, मधुमास, मृत्युवोध, सागर र मन, मन हाँसेको वेला* गरी छ ओटा कविता स्वच्छन्दतावादी भावले सजिएका छन् । उनका कविता भावनामा सलल बगेका छन् । मानवीय मनका मिहिन विश्लेषण र घामछायाँतुल्य मनका पाटाहरू उनका कवितामा देखा परेका छन् । प्रत्येक प्रभातमा घामका सुनौला किरणको कल्पना गर्ने कविमनलाई बादलले ढाकी दिन्छ । समयक्रममा भविष्यको लामो रेखा कोरिए पनि रङ्गीन सपनाको पिरती बाँधिए पनि थुप्रै आकाङ्क्षा बाँकी रहे पनि समयको गतिसँगै अनपेक्षित परिणामहरू भोग्न मानिस विवश हुन्छ । मृत्यु अखण्ड, निर्विकल्प, अवश्यंभावी छ तर पनि विचारहरू प्रेमका भावनाहरू बेरोकटोक सल्बलाइरहेका हुन्छन्, मृत्युको उपस्थिति अनिवार्य भए पनि कुन समय हो भन्ने कसैलाई थाहा हुँदैन । जे भए पनि मानिसले मृत्युबोध भने गरिरहेको हुन्छ भन्ने विचार कविले राखेका छन् । कविले *सागर र मन* कवितामा अविरल गतिमा बगिरहेको सागरसँग कवि मनको बगाइ दौडाइ तुलना गरेका छन् । श्रेष्ठले मन हाँसेको बेला कवि जीवनलाई सुन्दर देखेका छन् । कविले मन हाँसेको बेला दर्द मिठो बन्ने, पीडा मिठास बन्ने, बिछोड क्षणिक बन्ने र व्यथा रमाइलो कथा बन्ने हुँदा मन हाँसेको बेला जीवन जताततै देख्छन् । कुनै नबदम्पतिको सुहागरात जस्तो कलकल, छलछल र तलतल छहराको मिठो सङ्गीतको ध्वनिमा कवि बगिरहेका छन् । आँखाको सुन्दर सपना मात्र नभएर यथार्थ जीवनको विकास रोप्ने निर्णायक घडीको रूपमा लिँदै गुलाबी गाला, बदामी आँखा र रक्तिम ओठहरूको रस पिउँदै आफ्ना हक अधिकार र बलिदानीप्रति सचेत रहने धारणा कविले काव्यवाणी दिएका छन् । कविलाई आफ्नी प्रेमिकाले निर्बाध, बिना रोकटोक, पूर्ण शान्ति र सुन्दर भविष्यको विश्वासमा अविरल माया बर्साइरहेको आभाष भएको छ । भावनाको गहिराइमा डुब्दा पनि अधिकार र कर्तव्य प्रतिको सचेतता कविको प्रस्तुतिमा पाइने विशेषता हो ।

कलकल<br>
छलछल<br>
तलतल<br>
छहराको मिठो सङ्गीतको ध्वनि झैँ<br>
मानौँ यो कुनै

सुहागरात हो

नव-दम्पतिको

(मधुमास, पृ २५)

### ५.४.३.३ प्रेमभाव युक्त कविताहरू

कवि श्रेष्ठका यस सङ्ग्रहका *युगकवि, आँसु, तिमी र म अनि हाम्रो प्रेमको कथा, बाल्टिमोर मेरा आँखामा* शीर्षकका चारओटा कविताहरू प्रेमभावले भरिपूर्ण रहेका छन् । कविले युगकवि शीर्षकको कवितामा नेपालका युगकवि सिद्धिचरण श्रेष्ठको र आँसु कवितामा अमेरिकाका नवनिर्वाचित राष्ट्रपति बाराक ओबामाको हृदय खोलेर प्रशंसा गरेका छन् । सम्पूर्ण मानवजातिको हितका लागि, समानताका लागि वर्षौंसम्म लागिपर्ने बाराक ओबामा अमेरिकामा राष्ट्रपति हुँदा कविमन अत्यन्तै गद्गद् भएको छ ।

यस बिजय उत्सवको

केन्द्रबिन्दुमा उभिरहेछ

अलग पहिचान बोकेर

दिशाबोध गराउन अन्तः प्रेरित बनेर

उभिएको छ

एक हश्वेत महामानव

जसलाई

संसारले नियालिरहेछ

प्रदर्शन गरिरहेछ अपनत्वको

साटिरहेछ खुसीहरू

मान्छे आफ्नै बिजयको प्रतीक

प्रतीक्षामा छन् आँखाहरू

प्रतीक बनेर

आमूल परिवर्तनको चाहनाको !

(आँसु, पृ १७)

*तिमी र म अनि हाम्रो प्रेमको कथा* कवितामा कविले प्रेमी-प्रेमिका बीचको प्रेम प्रकट गरेका छन् । ओठभरि प्रेमको आग्रह मुस्कुराउँदै गरेपछि आँखाभरि प्रेमको याचना

स्वीकारेर कवि प्रेममा नै निर्लिप्त हुन्छन् । कवितामा प्रेमी र प्रेमिका प्रेमको नदीमा चुर्लुम्म डुब्छन्, मायाको सागर भित्र डुबुल्की मार्छन् । प्रेमी प्रेमिका मायाको रस पिउँदै तृप्त भएर पूर्ण सन्तुष्ट भई मुस्काइरहेको रमणीय अनुभव कविले कवितामा पोखेका छन् । कविले *बाल्टिमोर मेरा आँखामा* कवितामा बाल्टिमोर सहरको अपार प्रेमको व्याख्या गरेका छन् । स्वच्छन्दतावादी कविले अत्यन्तै स्वच्छन्द भावले बाल्टिमोर सहरको चर्चा गरेका छन् ।

त्यसैले त म
तिम्रो सुन्दरतादेखि मुक्त बनेर
तिम्रो बहुपासमा
कैदी बन्न आतुर छु
अनि त म
प्रत्येक सप्ताहान्तमा म कति व्यग्र बन्छु
तिम्रो सुन्दरताको
सामिप्य पाउन
बाल्टिमोर !
मेरो आँखामा
बाल्टिमोर सहर

(बाल्टिमोर मेरा आँखामा, पृ ४३)

### ५.४.३.४ डायस्पोरिक कविताहरू

कवि श्रेष्ठको यस सङ्ग्रहभित्र समेटिएका कविताहरूमा *वर्तमान, भावनाको न्यानु स्पर्श र तिम्रो मृत्यु* शीर्षकका तीन ओटा कविताहरू डायस्पोरिक कविताहरू हुन् । यी कविताहरूमा कविले आफू विदेशमा बसेर नेपालप्रतिको मायालाई प्रगाढ रूपमा पेश गरेका छन् । सुन्दर भविष्यको कल्पना गर्दै विदेसिएका नेपालीहरू विदेशमा गएर कुनै प्रगति गर्न नसकेको र नेपाल फर्कन पनि नसकेको पीडा श्रेष्ठका कवितामा छ ।

न अघि बढ्न नै सकियो
न फर्कन नै जानियो
बिरानो देश बिरानो ठाउँ
कहिल्यै नसोचेको गाउँमा

जीवनको चक्र घुम्दै गयो

(वर्तमान, पृ १ )

कवि परदेशमा बसेर नेपाली डाँडाकाँडाको यादमा हराएका छन् । आफ्नो देशमा लालिगुराँस फुल्ने रुखहरूमा ऐजेरु लागेकोमा कविलाई दु:ख लागेको छ । देशमा बिग्रँदै गइरहेको राजनीति र देशको खच्कँदो अवस्थाको प्रस्तुति कविले लालिगुराँसका माध्यमबाट प्रतीकात्मक रूपमा काव्यवाणी दिएका छन् । साथी हेलिकप्टर दुर्घटनामा परेर मृत्यु भएको खबरले अत्यन्त मर्माहत बनेका कवि साथीलाई भेट्ने आश एक्कासी मरेकाले पीडित बन्दै मायालु भावले कविता सिर्जना गरेका छन् ।

अब कहिल्यै भेटिन्न भनेर
सान्तवना दिन खोज्छु ।
तर किन
विश्वास डगमगाइरहेछ
यति धेरै याद
तिमी बाँचुन्जेल कहिल्यै आएन
यति धेरै माया तिमीसँग हुँदा पनि भएन
भूलूँ भन्छु
याद आइदिन्छ घरीघरी
हैन भन्छु
अनुहार तिम्रो आइदिन्छ वरिपरि

(तिम्रो मृत्यु, पृ १९)

यसरी कवि श्रेष्ठको **उज्यालो खोज्ने आवाजहरू** कविता सङ्ग्रहका कविताहरूलाई नियाल्दा एउटै मात्र क्षेत्रलाई नसमेटी विभिन्न क्षेत्रलाई कविले समेटेका छन् । उनी कहिले अमेरिकामा बसेर नेपालको यादमा समय कटाउँछन् त कहिले नेपालमा बढ्दै गइरहेको विकृति विसङ्गतिका विरुद्ध आवाज घन्काउँछन् । उनी कहिले प्रेमिकाको प्रेममा लिप्त हुन्छन् त कहिले आवाजहरूले उज्यालो खोजिरहेको देख्छन् । कहिले मन दुखाउँछन् त कहिले हँसाउँछन् । मूलतः देशको मायाले भरिएका कविता लेख्नु कवि वसन्त श्रेष्ठको प्रवृत्ति हो ।

### ५.४.४ सहभागी र सहभागिता

कवि वसन्त श्रेष्ठको **उज्यालो खोज्ने आवाजहरू** कविता सङ्ग्रहभित्रका कविताहरूको भाव प्रस्तुत गर्ने क्रममा भाव सन्दर्भ अनुसार विभिन्न किसिमका चरित्रहरूको सहभागिता गराएका छन् । कतिपय कवितामा पात्रहरूको सशक्त प्रयोग गरिएको छ भने कतिपय कवितामा पात्रको प्रयोग नै गरिएको छैन । यस कविता सङ्ग्रह भित्रका *भाषा : शान्ति र सिर्जनाको, समयको गति र मन हाँसेको बेला* कवितामा सहभागीको प्रयोग गरिएको छैन भने अन्य १६ ओटा कवितामा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको छ । जस अन्तर्गत *अब अलिकति मात्र बाँकी छ* मा, विर्खे माइला, साहिँली मगर्नी, नरबहादुर, हर्के, रामे, श्यामे, काले, तल्लाघरे, माथ्लाघरे, माझघरे, गजाघरेको नाती, राम्री काकीकी छोरी, मङ्गलमानको छोरो घुसिया नेता, मुखिया, *मेरो देश*मा म, कृष्ण, अर्जुन, अमरसिंहथापा, भक्ति थापा, मेरो देशको परिवर्तनमा हुलाकी, परेवा, चेलीहरू, युवायुवतीहरू, हामी, आँसुमा मान्छे, रोजा पार्क, मार्टिन लुथर, *उज्यालो खोज्ने आवाजहरू*मा अगुवाहरू, सहयात्रीहरू, *बाल्टिमोर मेरा आँखामा* मा नवदुलही, तिमी, *भावनाको न्यानो स्पर्श*मा उनी, छोरा, *वर्तमान*मा म, तिमी, *तिम्रो मृत्यु*मा तिमी, हामी, *प्रतीक्षा*मा हामी, म, *मधुमास*मा उनी, ऊ, *मृत्युबोध*मा म, ऊ, *सागर र मन*मा म जस्ता सहभागीहरूको प्रयोग कवि श्रेष्ठले गरेका छन् । यी सहभागीहरूलाई विभाजन गर्दा मानवीय सहभागीमा म, तिमी, उनी, हामी, ऊ आदि सर्वनामिक सहभागी, बुढो मान्छे, हुलाकी, विर्खे माइला, साहिली मगर्नी, नरबहादुर, हर्के, रामे, श्यामे, काले, तल्लाघरे, माथ्लाघरे, माझघरे, गजाघरेको नाति, राम्री काकीकी छोरी, मङ्गलमानको छोरो आदि व्यक्तिगत सहभागी, छिमेकी, जनता, अगुवा, सहयात्री, घुसिया, मुखिया, नेता, गाउँले, आदि सामुदायिक सहभागी, अम्मरसिंह थापा, भक्ति थापा जस्ता ऐतिहासिक सहभागीहरू रहेका छन् । त्यस्तै कृष्ण, अर्जुन, उर्वशी, मङ्गलमान, रोजा पार्क, मार्टिन लुथर आदि मिथकीय सहभागी, परेवा मानवेतर सहभागी, आँसु, आवाज, मृत्यु जस्ता निर्जीव सहभागीहरू रहेका छन् । यिनै पात्रहरूको प्रयोग गरी कविले वर्णनात्मक पद्धतिद्वारा कविताका भावगत तथा विषयवस्तुगत सन्दर्भलाई काव्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

### ५.४.५ परिवेश

कवि श्रेष्ठको **उज्यालो खोज्ने आवाजह**रू कविता सङ्ग्रहमा राष्ट्रिय र अन्तराष्ट्रिय दुवै परिवेश आएका छन् । राष्ट्रियताले ओतप्रोत भएका कविता लेख्ने कविले नेपालको समसामयिक परिवेशको चित्रण गरेका छन् । हरियाली प्राकृतिक वातावरणलाई रुचाउने कविले सुन्दर डाँडापाखाहरूमा लालिगुराँसको रङ्गीन परिवेशले कवितालाई रङ्ग्याएका छन् । उनका केही कविताहरूमा मात्र स्थानिक र कालिक परिवेश स्पष्ट रूपमा भेटिन्छ । जसअन्तर्गत *मेरो देश*मा महाभारतको लडाइँ, भियतनाम, चेचनिया, अफगानस्तान, *प्रतीक्षा*मा नीरव, कालरात्री, सुनौलो विहानी, *बाल्टिमोर मेरा आँखामामा* वासिङ्टन डि.सी., बाल्टिमोर सहर, हिमालयन हाउस, डाउनटाउन, *भावनाको न्यानो स्पर्श*मा डाँडा, खोल्सा, *मन दुःखेको बेला*मा प्रभात, आज, *वर्तमान* मा वर्तमान समय जस्ता परिवेशहरू आएका छन् । मायाप्रेममा डुबेर बिताएको समय, देशमा बढ्दै गईरहेको हत्या, हिंसा, आतङ्क, भ्रष्टाचारी, पटक पटक दोहोरिँदै गएको बिग्रँदो राजनीति, जनताले भोग्नु परेको पीडा र पीडाबाट मुक्ति र शान्तिको चाहना, जस्ता पचास साठीको दशकको सेरोफेरोमा चलेको समसामयिक यथार्थ गतिविधि कवितामा वातावरणीय परिवेशको रूपमा आएको छ । विभिन्न मिथकको माध्यमबाट कविले वर्तमान नेपालमा बढ्दै गएको कुपरम्पराप्रति व्यङ्ग्य गरेका छन् । वर्तमान, प्रभात, आज, युग, नीरव कालरात्री, सुनौलो बिहानी जस्ता शब्द कालिक परवेशको रूपमा आएका छन् भने भियतनाम, चेचेनिया, अफगानिस्तान, संयुक्त राज्य अमेरिका, अमेरिकाको बाल्टिमोर सहर आदि अन्तराष्ट्रिय परिवेश र नेपालका गुराँस फुलेका डाँडा, उच्च शिखर सगरमाथा आदि राष्ट्रिय परिवेश आएको छ । कविले आफ्नो साथीको ताप्लेजुङको घुम्सामा भएको हेलिकप्टर दुर्घटनामा भएको मृत्युको कारूणिकतादेखि लिएर अमेरिकामा बाराक ओबामा राष्ट्रपति बनी शपथ ग्रहण गर्दाको खुसीयाली सम्मको परिवेश कवितामा उतारेका छन् । नेपालका गुराँस फुलेका डाँडादेखि अमेरिकाको बाल्टिमोर सहरसम्मको परिवेशको सुन्दर चित्रण कविले गरेका छन् । उनका सुललित, सहज र सशक्त कविताहरू आफ्नै माटोको सुवासले युक्त र तिनको वेग कञ्चन कञ्चनजङ्घामा प्रवाहित हुने स्वस्छ वायुकै जस्तो अथवा तमोर नदीको कलकल बग्ने सङ्लो र जीवनदायी जल जस्तै आशावादी र प्रेरणादायी रहेको छन् ।

### ५.४.६ उद्देश्य

कवि वसन्त श्रेष्ठको **उज्यालो खोज्ने आवाजह**रू कविता सङ्ग्रह लेखनको मूल उद्देश्य भनेको नेपालमा बढ्दै गइरहेको भ्रष्टाचारी, घुसखोर नेताहरूको फोहोरी चालहरू, बिग्रँदो राजनीतिक अवस्था, जनताहरूले ठूलाठालुहरूबाट भोग्नु पर्ने पीडा, परिवर्तनका लागि कयौँ नेपाली जनताले बलिदान दिए पनि उही प्रवृत्ति मौलाएको, जनताले चाहेको परिवर्तन, आदि जस्ता समसामयिक विकृतिको चित्रण गर्नु, परदेशमा बसेर नेपालीहरूले स्वदेशको सम्झनामा बिताउनु परेको कारूणिक व्यथा, केही गर्न नसकेको वर्तमान अवस्था, प्रेमी प्रेमिकाको अनुराग, भावनात्मक कवि मन, अमेरिकामा बढेर गएको उच्चता आदिको समग्र चित्र उतार्नु नै रहेको छ ।

### ५.४.७ दृष्टिविन्दु

**उज्यालो खोज्ने आवाजह**रू कविता सङ्ग्रहमा प्रथम र तृतीय पुरुष दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएका कविताहरूमा *वर्तमान, मन दुखेको बेला, मेरो देश, आँसु, तिम्रो मृत्यु, समयको गति, प्रतीक्षा, तिमी र म अनि हाम्रो प्रेमको कथा, मृत्युबोध, सागर र मन, मेरो देशको परिवर्तन, बाल्टिमोर मेरा आँखामा, उज्यालो खोज्ने आवाजहरू* र *मन हाँसेको बेला* गरी जम्मा १६ ओटा कविताहरू पर्दछन् भने *युगकवि, भावनाको न्यानो स्पर्श* र *मधुमास* गरी तीन ओटा कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उनको धेरै कवितामा प्रथम पुरुष म को माध्यमबाट कविको भाव, विचार प्रस्तुत गरेका छन् भने कुनै ठाउँमा हामी पनि प्रयोग गरेका छन् । तृतीय पुरुष दृष्टिबिन्दुमा कवि सिद्धिचरण श्रेष्ठ, उनी, ऊ आदि आएका छन् । परदेशमा नेपालीहरू कति बाध्यात्मक अवस्थामा पीडादायक जीवन बिताउन व्यथित छन् भन्ने चित्रण उनका कवितामा छ । नेपाली जनताहरूले आफ्नो देशमा परिवर्तन चाहेका छन् तर उज्यालो खोज्न हिँडेका आवाजहरू राँकोसँगै निभ्छन् । दसौँ वर्षसम्म युद्ध गरेर, कयौँले ज्यानको बलिदान दिएर, बाँकी रहेका युद्ध बिसाएर घर फर्कन्छन् । ठूलो परिवर्तनको आशा राखेका ती नेपाली जनताहरूले फेरि उही पुरानै परम्पराका नेता, भ्रष्टाचारी, घुस्याहाहरू मात्र पाउँछन् । मान्छे फेरिन्छन् तर व्यवहार फेरिँदैन । तर बेर भए पनि अबेर भएको छैन भन्दै कविले जनताहरूलाई आफ्नो कदम नरोक्न सल्लाह दिँदै अवश्य सफलता हात लाग्ने कुरामा आशावादी बन्न आग्रह गरेका छन् । परदेशमा बसेर पनि नेपाली माटो, भूमि, हावा,

प्रकृति, भाषा, संस्कृतिको अत्यन्त माया, मोह रहेको भाव कविताममा छ । प्रेमी-प्रेमिकाको बीचमा प्रेममय राग कवि मनका भावनाहरू यस सङ्ग्रहका कवितामा पाईन्छ ।

### ५.४.८ भाषाशैलीय विन्यास

वसन्त श्रेष्ठ सरल र सर्वसंवेद्य भाषा शैलीका कवि हुन् । उनका कविता संवेदनशील र सुबोध्य रूपमा पाठकहरूमाझ आउने गरेका छन् । उनी भाषाको जाली सञ्जाल नबुनीकनै सरल संरचनाद्वारा पाठकलाई आकर्षण गर्छन् । यद्यपि उनको कवित्वले परिष्कार र परिमार्जनका कतिपय ढोकाहरू अझै पनि खुला राखेको छ ।[१०६] कवि श्रेष्ठका कवितामा बिम्ब र प्रतीकको प्रयोग सशक्त ढङ्गमा गरिएको छ । विभिन्न किसिमका इतिहास, पुराण, प्रकृति, आदिबाट परम्परित एवम् नवनिर्मित बिम्ब प्रतीकहरू प्रयोग गरी कविले कवितालाई उच्च सौन्दर्यात्मक रूप दिएका छन् । समुन्द्र, किनार, सुर्यस्नान, आशाको सपना, दियोको मधुरो बत्ती, मोती, चन्द्रमा, उज्यालो, राँको, सुनौलो घामको किरण, बादल, पानी, ढुङ्गा, आशाको किरण, कुहिरो, ऐँजेरु, लालिगुराँस, गाउँ, वन, बुकी फूल, भावनाको न्यानो स्पर्श, परेवा, युद्ध, घण्टा, सङ्गीन, सूर्यकिरणको न्यानो स्पर्श, शान्ति, दुत्, सेता परेवा, आँसु, लगनगाँठो, सपनाको इन्द्रेणी, आवाजहरू, समुन्द्री आँधी, तुफानको वेग, मधुमासको गीत, सागर, हुलाकी, बुख्याँचा, हिँजडा, टुकी, महाकाली आदि जस्ता अनेकौ प्रतीकहरू र मेरो प्यारो ओखलढुङ्गा, नेपाली हुँ कठिन गिरीमा चढ्नलाई सिपालु, विश्वव्यथा, मङ्गलमान, उर्वशी, तानासाही सत्ता, कृष्ण, अर्जुन, वीर नेपालीको तातो रगत, भियतनाम, चेचनिया र अफगानिस्तान, वंशहत्यारा खलनायक, बुद्धको देश, अमर सिंह र भक्ति थापाको वीरताको रगत, नीरव कालरात्री जस्ता बिम्बहरूको प्रयोग गरिएको छ । यी बिम्ब प्रतीकहरूको प्रयोगले कविताको अभिव्यक्तिगत सौन्दर्य चमत्कारी बनेको छ । प्रतीक र बिम्बको प्रयोग गर्दै समयसापेक्ष चेतना प्रवाह गर्न र भावनाको गहिराइमा पाठकलाई डुबाउन उनी सफल देखिन्छन् । प्रौढताको नजिक पुग्दै गरेका कविको सरल भाषा शैलीले परिमार्जनको शिखर चढ्न बाँकी नै रहेको अनुभूत हुन्छ ।

कवि श्रेष्ठका कवितामा उपमा अलङ्कारको सशक्त प्रयोग गरिएको भने कतिपय कवितामा अनुप्रास अलङ्कारको पनि प्रयोग गरिएको छ । उनका कवितामा उपमा अलङ्कारको प्रयोगको उदाहरण यस्तो छ :

टलटल टल्किरहने
मोती झैँ
चमचम चम्किरहने
चन्द्रमा झैँ
अजर अमर नेपाली साहित्यका
तिमी आफ्नो युगकै प्रतिनिधि
युगकवि हौ ।

(युगकवि : पृ ३)

कवि श्रेष्ठका कवितामा प्रयोग भएको अन्त्यानुप्रासको उदाहरण यस्तो रहेको छ :

शान्ति र विश्वास आ-आफैँभित्र खोज्नुपर्छ
शान्ति गरिबको झुपडिमा छाउनुपर्छ
शान्ति भोकाको पेटभरि भरिनुपर्छ
शान्ति नाङ्गाको आङ्गभरि ढाकिनुपर्छ ।

(मेरो देश : पृ १३)

श्रेष्ठले कवितामा सरल भाषामा प्रगीतात्मक शैलीका गद्य कविता लेखेका छन् । उनका कविता सौन्दर्यात्मकता, रागात्मकता, गद्यात्मकता, कलात्मकता रहेका छन् । उनका धेरैजसो कविताले अभिधात्मक अर्थ बुझाउँछन् । त्यसैले उनका कविता सामान्य पाठकका लागि पनि बोधगम्य र सरल छन् । व्याकरणिक विचलन, भाषिक मानवीकरण, आदि उनका कवितामा भेटिन्छ । भावगत आभिव्यक्ति सुन्दर हुनाका साथै कविता लयात्मक छन् ।

## ५.४.९ निष्कर्ष

कवि वसन्त श्रेष्ठको **उज्यालो खोज्ने आवाजहरू** कविता सङ्ग्रहको विषयवस्तु तथा परिवेश राष्ट्रिय र अन्तर्राष्ट्रिय जीवनजगत्का रहेका छन् । यसरी विषयवस्तु र परिवेश आउनु कवि नेपाली भएर अमेरिकामा गई जीवनयापन गर्न पुग्नाले हो । कवि अमेरिकामा बसेर पनि नेपाली भूमि, नेपाली माटो, भाषा, संस्कृतिलाई अत्यधिक माया गरेका छन् । कविको उद्देश्य भनेको नेपालको सुन्दर भविष्यको असीम आस्थासहित देशको परिवर्तन नै हो । विभिन्न किसिमका बिम्ब प्रतीकहरूको प्रयोगले उनका कविता सुन्दर, आलङ्कारिक, चमत्कारिक र लयात्मक बनेका छन् । वसन्त श्रेष्ठ परदेशमा रहेर स्वदेशप्रति देखाइएको

माया, परदेशमा जीवन बिताउँदाको पीडा, वेदना, बाध्यता आदिको सुन्दर चित्रण गर्ने कवि नेपाली साहित्यका डायस्पोरिक सफल कवि हुन् ।

# छैंटौं परिच्छेद

# उपसंहार

वसन्त श्रेष्ठको जन्म वि.सं. २०१२ फाल्गुन ४ गते वसन्त पञ्चमीका दिन तेरथुमको म्याङ्लुङ्ग बजारमा भएको हो । श्रेष्ठ एक मध्यमवर्गीय परिवारमा जेठो छोरा भई जन्मेका थिए । शिक्षित र आदर्श परिवारमा जन्मेर हुर्केका हुनाले शिक्षाको अवसर उनलाई घरबाट नै सहज रूपमा प्राप्त भयो । उनका पिता नारायणमान श्रेष्ठले तेरथुममा शिक्षाको ज्योति बाल्न वि.सं. २००४ मा म्याङ्लुङ्गमा श्री सिंहवाहिनी हाइस्कुलको स्थापना गरी त्यसको संस्थापक हेडमास्टर भएका थिए । उनले पिताबाट नै प्रेरणा लिई घरैबाट शिक्षा लिन आरम्भ गरे । ५ वर्षको उमेरदेखि औपचारिक शिक्षा लिन आरम्भ गरेका श्रेष्ठले उनको पढाइलाई अत्यन्त उर्वर रूपमा काठमाडौंबाट स्नातक र न्यु हाम्प्सायर विश्वविद्यालय अमेरिकाबाट स्नातकोत्तर उत्तीर्ण गरे । सरल, इमान्दार, सबैसँग मिलनसार श्रेष्ठ कुशल सङ्गठनकर्ता र नेतृत्वकर्ता हुन् । नेपाली भाषा र साहित्यको संरक्षण, संवर्द्धन र विकास गर्नु नै श्रेष्ठको प्रमुख रुचि हुन आउँछ ।

श्रेष्ठको साहित्यिक व्यक्तित्व उच्च रहेको छ । साहित्यमा पनि कवि नै उनको प्रमुख व्यक्तित्व हो । साहित्य बाहेक सामाजिक व्यक्तित्व पनि उनको महत्त्वपूर्ण रहेको छ । उनले नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य भएर सुरु गरेको सामाजिक सेवा विभिन्न सङ्घसंस्थामा रहेर काम गर्दा साहित्यसँग निकट भएको देखिन्छ । विभिन्न साहित्यिक सङ्घसंस्थाहरूका विभिन्न पदीय जिम्मेवारी सम्हालेका श्रेष्ठले अमेरिकामा **टेलिफोन डाइरेक्टरी**को सम्पादन गरेर नेपालीहरू सँग भेटघाटको माध्यम समेत बनाएका छन् ।

वसन्त श्रेष्ठ सामाजिक र साहित्यिक कार्यहरूका साथमा सम्पादन कार्य पनि अति उर्वर रूपमा गरेका छन् । ११ वर्षको उमेरमा २०२३ सालमा **तीनजुरे** हस्तलिखित पत्रिका सम्पादन गरेर सम्पादन यात्रा सुरु गरेका श्रेष्ठ **पूर्वेली धुन** (वि.सं.२०२९), **अर्न्तदृष्टि** ( २०५३), **इन टच** (२०५४), **टेलिफोन डाइरेक्टरी** ( वि.सं. २०६० ), , **आवाज**, अङ्क १ ( वि.सं. २०६१), **आवाज**, अङ्क २ (२०६२), **आवाज**, अङ्क ३ (वि.सं. २०६३), **टेलिफोन डाइरेक्टरी** (वि.सं. २०६२), **उत्तर अमेरिकाका नेपाली कवि र कविता** (२०६६) जस्ता पत्रिका सम्पादन गरेका छन् ।

श्रेष्ठ मूलतः साहित्यकार हुन् । उनले साहित्यमा कविता, लेख र गीत विधामा कलम चलाएका छन् । त्यसमा पनि उनको कविता विधा अत्यन्त उर्वर र सशक्त रहेको छ । वि.सं. २०२३ सालमा ११ वर्षको उमेरमा *तीनजुरे* शीर्षकको कविता लेखेर औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका श्रेष्ठका हालसम्मका कविताहरूलाई अध्ययन गर्दा कहीँ भावनात्मक छालहरू उर्लिएका स्वच्छन्दतावादी रहेका छन् भने कहीँ समाज, राजनीति, राष्ट्रको उदाङ्गो चित्रण गरिएका यथार्थवादी रहेका छन् । उनका हालसम्ममा **वसन्त श्रेष्ठका कविता** (२०६४), **भावनाका लहरहरू** (२०६६), **उज्यालो खोज्ने आवाजहरू** (२०६७) कविता सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । उनका कतिपय कविताहरू पत्रपत्रिकामा छरिएर रहेका छन् । विशेषतः कविका रूपमा चिनिएका श्रेष्ठ उत्तम निर्णायक पुरस्कार (२०३४), अस्वीकृत विचार साहित्य पुरस्कार (२०६४), व्यथित काव्य सम्मान पुरस्कार (२०६५), कदर पत्र (सन् २०११) र विभिन्न सम्मान पत्रहरूद्वारा पुरस्कृत भएका छन् ।

**वसन्त श्रेष्ठका कविता** कविता सङ्ग्रहमा श्रेष्ठले समष्टिमा विगत र वर्तमानका भोगाइ र अनुभवहरू विचार दिइएका छन् । लामाछोटा गरी बीस ओटा कविताहरू समेटिएको यस सङ्ग्रहका कविताहरूमा युगीन मानवीय जनजीवन, प्रकृति, संस्कृति आदि विभिन्न सन्दर्भ एवम् प्रसङ्गहरूलाई अनुभूतिमय तुल्याएर कवितात्मक बान्कीमा ढाल्नु कवि वसन्तको भावगत मूल प्रवृति रहेको देखिन्छ । यिनका कविताहरूमा देश, जाति, स्थान र मानवीय विचारहरू अभिव्यक्त भएका छन् भने राष्ट्रवाद, समाजवाद र समानताका सन्देशहरू छचल्किएका छन् । यिनले आफ्ना कवितामा कतै राष्ट्रप्रेमको भावना अभिव्यक्त गरे भने कतै विश्वशान्तिको चाहना पनि अभिव्यञ्जित गरेका छन् । आशावादी एवम् जीवनवादी दृष्टिकोणले अभिव्यञ्जित कविताका स्रष्टा वसन्त कवितामा प्रेमलाई प्रकृतिप्रेम, राष्ट्रप्रेम र मानवीय प्रेममा रूपायित गरी त्रिकोणात्मक रूपमा अभिव्यक्ति दिएका छन् । यिनका कवितामा सामाजिक, राजनीतिक र भाषिकसँगै जातिगत भावना आदि कवितात्मक अभिव्यक्तिहरू कतै स्वच्छन्दतावादी भावुकताका साथ र कतै यथार्थवादी ढङ्गले आएको छ । मानक नेपाली भाषाको प्रयोग उनका कवितामा पाइन्छ । सरल, सहज र सुवोध भाषाशैली भएका उनका कवितामा प्रतीकात्मक अभिव्यक्ति पाइन्छ ।

श्रेष्ठको अर्को कविता सङ्ग्रह **भावनाका लहरहरू**मा छोटा छोटा मुक्तकीय शैलीका ४१ ओटा कविताहरू समेटिएको छ । यस कविता सङ्ग्रहमा कवि मनमा उठेका

भावनाहरूमा सहृदयी पाठकलाई सजिलै बग्न सक्ने गरी पोखेका छन् । मानवीय भावना, प्रकृतिसँग आबद्ध जीवनको सुन्दरता साथै आफ्नो गाउँठाउँको परिवेशको सुन्दर चित्रण पाइन्छ । साथै बिछोडिएको प्रेमीले आफ्नी प्रेमिकाको यादमा कति जल्छ भन्ने चित्रण उनका कवितामा छ । कविता कुनैमा प्रेम जगत्का भावनाका गहिराइसम्म पुगेका छन् भने कुनैमा प्रकृतिका विभिन्न रूप रङलाई आत्मसात गर्दै कविले आफूलाई समाहित गरेका छन् । उनका कविताले जीवनको गहिराइसम्म पुगेर अर्थ खोज्छन् । उनका कविताहरूमा सहरिया जीवनप्रतिको वितृष्णा भाव देख्न सकिन्छ । कविताले जीवनको अस्तित्वको खोजी गर्दै खुसीपूर्ण जीवन बाँच्न सन्देश दिएका छन् ।

श्रेष्ठको **उज्यालो खोज्ने आवाजहरू** कविता सङ्ग्रहमा समेटिएका कविताहरूले परदेसीय मनोदशा उजागर गरेका छन् साथै स्वदेशको महिमागानलाई सुन्दर काव्यवाणी दिएका छन् । कवि श्रेष्ठले आप्रवासी नेपालीहरूको जन्मभूमिप्रतिको आशक्ति प्रदर्शन गरेका छन् । त्यस्तै स्वदेशप्रतिको अपार माया भएका कविले देशमा बढ्दै गइरहेको हत्या, हिंसा, भ्रष्टाचारले देशलाई आक्रान्त बनाएकोमा दुःखी हुँदै देश परिवर्तनको चाहना राखेका छन् । देशमा क्रान्ति गरेर, कयौँले ज्यान गुमाएपनि सत्तामा जानेहरू उस्तै प्रवृति भएकाले कवि जनताहरूप्रति सहानुभूति प्रकट गर्छन् । बेर भए पनि अबेर भएको छैन भन्दै कविले नेपाली जनतालाई क्रान्तिको यात्रा नरोक्न आह्वान गरेका छन् । उनका कवितामा मानव समाजका तितामिठा प्रसङ्गहरू र मानव मनका यावत अनुभूतिलाई काव्यवाणी दिएका छन् । कविको उद्देश्य भनेको नेपालको सुन्दर भविष्यको असीम आस्थासहित देशको परिवर्तन नै हो । विभिन्न किसिमका बिम्ब प्रतीकहरूको प्रयोगले उनका कविता सुन्दर, आलङ्कारिक, चमत्कारिक र लयात्मक बनेका छन् । कवितालाई परिष्कार, परिमार्जन गर्नुपर्ने जस्ता केही समस्याहरू देखिएपनि परदेशमा रहेर स्वदेशप्रति देखाइएको माया, परदेशमा जीवन बिताउँदाको पीडा, वेदना, बाध्यता आदिको सुन्दर चित्रण गर्ने श्रेष्ठ नेपाली साहित्यका सफल कवि हुन् ।

# परिशिष्ट

यो शोधपत्र तयार पार्नका लागि वसन्त श्रेष्ठसँग मिति २०६९ चैत महिनामा इमेलबाट गरिएको लिखित अन्तर्वार्तामा सोधिएका प्रश्न र त्यसको जवाफबाट प्राप्त जानकारी निम्नअनुसार रहेको छ :

**१. तपाईंको जन्मस्थान र जन्ममिति बताइदिनुहोस् न ?**

मेरो जन्म २०१२ साल फागुन ४ गते वसन्त पञ्चमीका दिन तेरथुम जिल्लाको म्याङलुङ्ग बजारमा भएको हो ।

**२. तपाईंको न्वारनको नाम के हो ?**

मेरो न्वारनको नाम द्रोणराज श्रेष्ठ हो तर म वसन्त पञ्चमीका दिन जन्मेको हुनाले मेरो नाम वसन्त राखिएको हो ।

**३. तपाईंको बुबा आमाको नाम के हो ?**

मेरा बुबाको नाम स्व. नारायणमान श्रेष्ठ हो र आमाको नाम स्व. सुभद्रादेवी श्रेष्ठ हो ।

**४. तपाईंका दाजुभाइ दिदीबहिनी कतिजना छन् र कहाँ-कहाँ के-के गर्दैछन् ?**

हामी दाजुभाइ चार जना र दिदीबहिनी छ जना गरी दस जना छौं ।

कुञ्जनी श्रेष्ठ (दिदी) : बोस्टन अमेरिकामा बसोबास गर्नुहुन्छ । श्रीमान्को नाम कपिलभक्त श्रेष्ठ हो । उहाँका दुई छोरा र एक छोरी छन् । ठूलो छोरा निसेसभक्त श्रेष्ठ बोस्टनमा अध्ययनरत छन् भने अर्को छोरा आशिषभक्त श्रेष्ठ र छोरी निक्की श्रेष्ठ अस्टेलियाको सिड्नीमा अध्ययनरत छन् ।

सुजनी श्रेष्ठ (दिदी) : श्रीमान्को नाम शिवराम श्रेष्ठ हो । उहाँहरू मेरिलैंड अमेरिकामा बस्नुहुन्छ । एक छोरा एन्जेल श्रेष्ठ र एक छोरी एन्नी श्रेष्ठ नेपालमा नै बस्छन् ।

रजनी लेप्राड (बहिनी) : श्रीमान्को नाम बब लेप्राड हो । छोरा थमस लेप्राड र छोरी मारिका लेप्राड अमेरिकामा अध्ययनरत छन् । सपरिवार अमेरिकामा बसोबास गर्छन् ।

वर्षा मानन्धर (बहिनी) : श्रीमान्को नाम राजन मानन्धर हो । एक छोरी रेवा मानन्धर मिनीसोटा अमेरिकामा अध्ययनरत छन् भने छोरी श्रीजन मानन्धर नेपालमा नै रहेकी छन् । एक छोरा बाहेक सबै काठमाडौंमा नै बसोबास गर्छन् ।

झरना श्रेष्ठ (बहिनी) : श्रीमान्को नाम विनोद श्रेष्ठ हो । एक छोरा युजन श्रेष्ठ बोस्टन अमेरिकामा बसोबास गर्छन् ।

एलना मल्ल (बहिनी) : श्रीमान्को नाम देवेश मल्ल हो । एक छोरी हस्तिना मल्ल छिन् । सपरिवार बोस्टन अमेरिकामा नै बसोबास गर्दै आएका छन् ।

हेमन्त श्रेष्ठ (भाइ) : श्रीमतीको नाम दावा श्रेष्ठ हो । एक छोरी एलिसा श्रेष्ठ र छोरा सिजन श्रेष्ठ कलेजमा अध्ययनरत छन् र सपरिवार भर्जिनिया अमेरिकामा बसोबास गर्छन् ।

शिशिर श्रेष्ठ (भाइ) : श्रीमतीको नाम लक्ष्मी श्रेष्ठ र दुई छोरीहरू सलिना श्रेष्ठ र आयुषा श्रेष्ठ छन् । सपरिवार न्युयोर्क अमेरिकामा बसोबास गर्छन् ।

शरद श्रेष्ठ (भाइ) : श्रीमती ऋतुकमल श्रेष्ठ हो । छोरा साकार श्रेष्ठ र छोरी ज्योति श्रेष्ठ काठमाडौंमा रहेका छन् । सपरिवार नै नेपालमा बसोबास गर्छन् ।

**५. तपाईंको बाल्यकाल कसरी बित्यो, बाल्यकालमा के गर्न रुचाउनुहुन्थ्यो बताइदिनुहोस् न ?**

त्यसबेला नेपालको दुर्गम पहाडी भेगमा हुर्कने आम नेपाली बालककै शैलीमा बितेको हो मेरो बाल्यकाल । तथापि मेरो पारिवारिक वृक्ष निकै झाँगिएको र अग्रजहरू प्राय: सबै बौद्धिक र अध्ययनशील भएका कारणले परिवारभित्र पनि एउटा पाठशाला जस्तो अनुशासित ढङ्गमा धेरै कुराहरू सिक्ने अवसर प्राप्त थियो । मैले सम्झेअनुसार बाल्यकालमा म जति खेलकुदप्रति आकर्षित हुन्थैं त्यति नै आकर्षित पढ्न लेख्नमा पनि हुन्थैं । खेलकुदमा भने विशेष रुचि भकुन्डो, भलिबल र व्याडमिन्टनमा थियो । पढ्ने लेख्ने विषयमा धेरै चाख र जिज्ञासा भएकाले गर्दा नै हामीले वि.सं. २०२३ सालतिर **तीनजुरे** हस्तलिखित पत्रिका निकालेर श्री कृष्ण पुस्तकालयमा राखेका थियौं । त्यसबेला मेरा बुबाले

निकाल्नुभएको हस्तलिखित पत्रिका **मगज** र मेरा दाइहरूले निकाल्नुभएको **बिरुवा** हस्तलिखित पत्रिका हाम्रो प्रेरणाको स्रोत हुनुहुन्थ्यो ।

**६. तपाईंले शिक्षा लिन कहाँबाट सुरु गर्नुभयो र यसलाई कसरी अगाडि बढाउनुभयो ?**

मेरा बुबाले तेरथुम जिल्लामा शिक्षाको विकासका लागि धेरै सहयोग गर्नुभएको छ । उहाँ एन. एम. सरका नामले प्रख्यात हुनुहुन्थ्यो । उहाँले तेरथुमको म्याङलुङ्ग बजारस्थित श्री सिंहवाहिनी हाइस्कुलको वि.सं. २००४ सालमा स्थापना गर्नुका साथै संस्थापक हेडमास्टर पनि हुनुभएको थियो । त्यसैले परिवारभित्र नै शैक्षिक वातावरण भएकाले मैले घरमै बुबाबाट प्रारम्भिक शिक्षा सुरु गरेको हो । पछि पाँच वर्षको उमेरदेखि श्री सरस्वती प्राथमिक पाठशाला म्याङलुङ्ग बजारबाट औपचारिक शिक्षा सुरु गरेँ । त्यसपछि प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयसम्मको शिक्षा तेरथुमको म्याङलुङ्ग बजारमा नै प्राप्त गरेको हो । उच्च शिक्षाका लागि स्नातक सम्मको पढाइ काठमाडौंमा र स्नातकोत्तरको पढाइ मैले अमेरिकाको न्यु हाम्प्सायर युनिभसिर्टीबाट पूरा गरेको हो ।

**७. औपचारिक शिक्षा लिएका सबै स्कुल र क्याम्पसको नाम अध्ययन तह, उत्तीर्ण साल र उत्तीर्ण श्रेणी बताइदिनुहोस् न ।**

| क्र.स. | औपचारिक शिक्षा, तह | स्कुल/क्याम्पस | उत्तीर्ण साल | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| १ | एस.एल.सी. तह | श्री सिंहवाहिनी हाई स्कुल | २०२६ | दोस्रो |
| २ | प्रवीणता प्रमाणपत्र तह | त्रिचन्द्र कलेज काठमाडौं | २०२९ | दोस्रो |
| ३ | स्नातक तह | जनप्रशासन कलेज, काठमाडौं | २०३३ | मध्यम श्रेणी |
| ४ | स्नातकोत्तर तह | न्यु हाम्प्सायर युनिभर्सिटी, अमेरिका | सन् १९९८ | पास |

**८. तपाईंले पढाइको साथमा कुनै पेसा पनि गर्नुभयो ?**

अमेरिकामा अध्ययन गर्दा पढाइको साथसाथै फाष्टफुड बिजिनेसमा काम गरेको अनुभव छ ।

**९. तपाईंको पारिवारिक अवस्था कस्तो थियो ? आर्थिक दृष्टिसहित केही बताइदिनुहोस् न ?**

मेरो पारिवारिक अवस्था मेरो माता पिता हुँदा पनि र अहिले अमेरिकाको बसाइमा पनि धेरै हद्सम्म सुखद नै रहेको छ । पारिवारिक आर्थिक अवस्था मध्यमस्तरको नै थियो ।

**१०. तपाईंको विवाह कहिले र कोसँग भयो ?**

मेरो विवाह २०४५ साल बैशाख २५ गतेका दिन हिन्दू धर्म संस्कृतिको विधिविधानअनुसार मागी विवाह काठमाडौं न्होखा टोल निवासी सूर्यनारायण श्रेष्ठ तथा श्रीमती प्रेमदेवी श्रेष्ठका सुपुत्री विद्यालक्ष्मी श्रेष्ठसँग विवाह काठमाडौंमा सम्पन्न भएको हो ।

**११. तपाईंका छोराछोरी कहिले जन्मिए र कति जना छन् ?**

मेरो पहिलो छोरा बबिन श्रेष्ठको जन्म २०४६ सालमा प्रसुती केन्द्र, थापाथली काठमाडौंमा भएको हो । मेरा दुई छोराहरू रहेका छन् । जेठो छोरा बबिन अहिले २३ वर्षको भयो भने कान्छो ब्रायन १३ वर्षको छ ।

**१२. परिवारका सदस्यहरू कहाँ-कहाँ र के-के गर्दै छन् ?**

विद्यालक्ष्मी श्रेष्ठ (श्रीमती) भर्जिनिया अमेरिकामा अमेरिकन बच्चालाई नेपाली भाषा तथा संस्कृति सिकाउनेमा कार्यरत छिन् । जेठो छोरा बबिन श्रेष्ठ भर्जिनिया, अमेरिकामा कलेजमा अध्ययनरत छ भने कान्छो छोरा ब्रायन श्रेष्ठ भर्जिनिया, अमेरिकामा माध्यमिक स्कुलमा अध्ययनरत छ ।

**१३. तपाईंको बानीको रूपमा नियमित गर्ने काम के-के छन् र त्यसलाई समय कसरी मिलाउनुहुन्छ ?**

प्रायः विहान मर्निङवाकमा निस्कने, दैनिक एक घण्टा मर्निङवाक गर्ने, त्यहाँबाट फर्केपछि समयअनुसार ल्यापटपमा इमेल पढ्ने, टीभीमा खबर हेर्ने, त्यस्तै बेलुकीको समयमा कामबाट फर्किएपछि इमेल हेर्ने, पढ्ने र लेख्ने मेरो बानी छ । प्रायः म एकदम बिहानै र रातको समयमा लेख्ने गर्छु । प्रत्येक दिन बिहान सात बजे उठ्ने र रातको एघार बजे सुत्ने नियमित कार्य हो । सप्ताहान्तमा र छुट्टीको दिनमा प्रायजसो यता साहित्यिक र सामाजिक कार्यक्रमहरू भइ नै रहने हुनाले विदाका दिनहरूमा यस्तै कार्यक्रमहरूमा सरिक

हुने, साथीभाइसँग भेटघाट गर्ने र फुर्सदको समयमा घरमा बसेर कुनै पुस्तक पढ्ने र लेख्ने मेरो बानी छ ।

**१४. तपाईंका विशेषताहरू बताइदिनुहोस् न ?**

मेरो स्वभाव कम बोल्ने, शान्त, गम्भीर र मिलनसार प्रकृतिको छ । समयको धेरै ख्याल राख्ने, प्रष्टसँग बोल्ने, बचनको पक्का र समय तालिकाअनुसारको नियमित कार्य गर्ने, सरल, सहज, इमान्दार र सहयोगी भावना जस्ता विशेषताहरू मसँग रहेका छन् ।

**१५. तपाईं खानेकुरामा के मन पराउनुहुन्छ ?**

नेपाली सादा खाना, मासको दाल, भात, तरकारी, गोलभेडाको अचार, गुन्द्रुक साँधेको, आलु भुटेको अनि मोमो मलाई धेरै मन पर्छ ।

**१६. विशेष मन पर्ने ड्रेसअप के हो ?**

मलाई सुट टाई लाउन विशेष मन पर्छ तर प्राय : साधारण सर्ट र जिनको पाइन्ट लगाउँछु ।

**१७. तपाईं जीवन जिउन कस्तो रहनसहन मन पराउनुहुन्छ ?**

स्वस्थ रहनका लागि सादा खाना अनि उच्च विचार हुनुपर्छ । समयमा सन्तुलित आहार नै स्वस्थ जीवनको प्राप्ति हो । त्यसैले रहनसहनमा साधारण, सफा र सुकिलोलाई म प्राथमिकतामा राख्न मन पराउँछु । आफूलाई मन पर्ने रङमा हल्का निलो रङ पर्छ ।

**१८. विशेष गरी तपाईंलाई के गर्न मन पर्छ ?**

मलाई अध्ययन गर्न विशेष मन पर्छ । प्रमुख प्राथमिकता साहित्य हो र त्यसमा पनि कविता विधा पर्दछ । त्यसपछि जीवनी र नियात्रा मेरो प्राथमिकताको विषय हो । अरु कुनै पनि विषयको अध्ययन गर्न मन पर्छ ।

**१९. कसरी अमेरिका पुग्न सफल हुनुभयो ?**

१९९४ सालमा मेरी साहिँली बहिनी रजनी श्रेष्ठ लेप्राडको अमेरिकी सासु ससुराले अमेरिका भ्रमणको निम्तो पठाएकाले तीन महिनाको अध्ययन भ्रमणका लागि मात्र आएको

हो । तर अमेरिकाको उच्च स्तरको शैक्षिक वातावरण र थप अध्ययनका सम्भावनाका कारणले मैले यहीँ अध्ययन सुरु गरेँ ।

**२०. अमेरिकाको बसाइ कस्तो रहेको छ, कसरी जीवन अगाडि बढाउँदै हुनुहुन्छ ?**

संसारकै अति विकसित मुलुकमा बसेर यहाँको सामाजिक तथा आर्थिक क्षेत्रमा सम्मिलित रहेर गहिरो अध्ययन गर्न पाउनु, त्यसका विविध पाटाहरूको मूल्याङ्कन गर्न पाउनु एउटा सुखद पक्ष हो । त्यसैले यहाँको बसाइ धेरै चुनौतीपूर्ण रहेपनि मेरो बसाइ व्यवस्थित र राम्रै छ । यहाँको बसाइ हाम्रो जीवन पद्धतिको लागि नै एक सुखद अनुभूतिको पक्ष हो भन्ने मलाई लाग्छ । त्यसै कारणले गर्दा मेरो सम्पूर्ण परिवारले यो पक्षलाई आफ्नो जीवनको एक महत्त्वपूर्ण अध्ययन सम्झने छन् र मान्नेछन् भन्ने मलाई लाग्छ । अहिले यहाँको पढाइ सम्पन्न गरेपछि एक कम्पनीमा पेसागत रूपमा कार्यरत छु । अर्कातिर आफ्नो समाजमा रहेर सामाजिक कार्य गर्नु, पनि आफ्नो कर्तव्य सम्झेर नेपाली भाषा, कला, साहित्य र संस्कृतिको विकासका लागि यहाँ स्थापित विभिन्न नेपाली सङ्घसंस्थासँग आबद्ध भएर निरन्तर रूपमा सक्रिय सामाजिक कार्य गरिरहेको छु । हाल नेपाली भाषा तथा साहित्यको संरक्षण, संवर्द्धन र विकासका लागि अमेरिकाको वासिङ्टन डि.सी.मा स्थापित ए.एन.ए. नेपाली प्रतिष्ठान उत्तर अमेरिकाको अध्यक्ष पदमा रहेर साहित्य सेवामा पनि कार्यरत छु ।

**२१. जीवन निर्वाहका लागि केलाई प्रमुख पेसा बनाउनुभएको छ ?**

म सन् २००० देखि एक रिटेल कम्पनीसँग आबद्ध छु र यसलाई नै मैले जीवन निर्वाह गर्ने माध्यम बनाएको छु । दैनिक आइपर्ने आफ्नो कार्यभारलाई राम्रोसँग सञ्चालन गर्दै कम्पनीलाई आफ्नो आवश्यकताको महसुस गराउनु नै आफ्नो सफलताको कडी हो र यसैलाई मध्यनजर राखेर काम गर्दैछु । हाल म सहायक प्रबन्धकको पदमा रहेर आफ्नो कर्तव्य निर्वाह गर्दैछु ।

**२२. तपाईंको लेखनको मुख्य प्रेरणा स्रोत के हो ? कुनै साहित्यकारसँग प्रभावित हुनुभएको छ ?**

तेरथुम जिल्लामा शिक्षाको ज्योति बाल्न मेरा बुबा नारायणमान श्रेष्ठको ठूलो हात छ । श्री सिंहवाहिनी हाइस्कुल २००४ सालमा स्थापना गरी संस्थापक हेडमास्टर भई पढाउन सुरु गरेपछि उहाँले त्यस स्कुलबाट **मगज** भन्ने साहित्यिक पत्रिका पनि प्रकाशन

गर्नुभएको थियो । त्यसैको प्रेरणा र प्रभावले गर्दा मैले पनि **तीनजुरे** हस्तलिखित पत्रिका २०२३ सालमा निकालेको हो । **पूर्वेली धुन** काठमाडौंबाट वि.सं. २०२९ मा प्रकाशन गरेको हो । त्यसैले मेरो लेखनको मुख्य प्रेरणा श्रोत मेरो बुबा नै हुनुहुन्छ ।

मलाई नेपाली साहित्यमा मन पर्ने धेरै विशिष्ट नेपाली साहित्यकारहरू छन् । उनीहरूका साहित्यहरू धेरै अध्ययन पनि गर्छु । तर मन पर्नु अध्ययन गर्नु भनेको आफ्नो लेखनमा प्रभावित पार्नु नै हो जस्तो मलाई लाग्दैन । तर कविता बाचनकलामा कवि तुलसी दिवससँग र कविताको हकमा भने कवि भूपि शेरचनसँग म धेरै प्रभावित छु । साहित्यको लेखन नै कविता प्रमुख भएको कारणले कवि भूपि शेरचन मलाई सबभन्दा मन पर्ने कवि हुन् ।

**२३. तपाईंको लेखन कार्य कसरी सुरु भयो र यसलाई कसरी विकास गर्नुभयो ?**

मेरो साहित्य लेखन वि.सं. २०२३ मा *तीनजुरे* शीर्षकको कविता लेखेर सुरु भएको हो । करिब १२०० फिटको उचाइमा रहेको तीनजुरे डाँडा तेरथुम जिल्लाको एक साह्रै सुन्दर र मनमोहक डाँडाको रूपमा चिनिन्छ । अझ वसन्त ऋतुको समयमा लालिगुराँसले ढपक्कै ढाकेको बेला त साह्रै नै सुन्दर देखिन्छ । भनिन्छ, यस डाँडाको वरिपरि २६ प्रजातिका लालिगुराँसका फूलहरू पाइन्छन् । सायद यसैको प्रभावले गर्दा होला त्यस समयमा हामीले हस्तलिखित पत्रिकाको नाम पनि **तीनजुरे** नै छानेका थियौं अनि मैले प्रथम कविता पनि यही डाँडालाई नै देखेर *तीनजुरे* शीर्षकको कविता लेखेको हुँ । यो वि.सं. २०२३ सालमा हो । यो कविता **तीनजुरे** पत्रिकामा छापिएको थियो ।

**२४. प्रकाशित हुनुभन्दा अगाडि कति रचना गरिसक्नुभएको थियो ?**

६/७ कक्षाको अध्ययनताका हामीलाई शुक्रबारका दिन अतिरिक्त क्रियाकलाप भनेर एउटा कक्षा लिनु पर्थ्यो । त्यस कक्षामा आफूलाई मन पर्ने गीत, कविता, चित्रकला र आफूले के गर्न सकिन्छ त्यस कक्षामा प्रदर्शन गर्नु पर्थ्यो । मैले त्यस कक्षामा सधैंझैं कविता रचेर बाचन गरेको याद छ । त्यसैले मेरा थुप्रै कविताहरू त्यस समयमा लेखिएको हुनुपर्छ । तर मसँग कुनैको पनि रेकर्ड छैन र कविताको याद पनि छैन ।

**२५. साहित्यको कुन कुन विधामा कलम चलाउनुभयो ?**

मैले लेख, जीवनी र कविता विधामा कलम चलाएको छु ।

**२६. पुस्तक प्रकाशन चाहिं कसरी सुरु गर्नुभयो ?**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डि.सी. सँग साहित्यिक आबद्धता भए पछि मेरा थुप्रै साहित्यिक मित्रहरूको सल्लाह र अनुरोधमा मेरो कविताको प्रकाशन भएको हो । त्यसैले मेरो प्रकाशनको प्रेरणाको स्रोत मेरा साहित्यिक मित्रलाई नै जान्छ । विशेष गरी मेरो प्रथम पुस्तकको सम्पादन गरी प्रकाशन गरिदिने साहित्यिक मित्र गोविन्द गिरी प्रेरणालाई बिर्सन हुन्न र उनैको विशेष पहलमा मेरो प्रथम पुस्तक प्रकाशन भएको हो ।

**२७. अहिलेसम्ममा कति रचना गरिसक्नुभयो ?**

मैले रचना गरेका तिनओटा कविता सङ्ग्रह प्रकाशित भैसकेका छन् । तिनीहरू निम्न छन् :

१. **वसन्त श्रेष्ठका कविता** (२०६४)

२. **भावनाका लहरहरू** (२०६६)

३. **उज्यालो खोज्ने आवाजहरू** (२०६७)

यी बाहेक अन्य विभिन्न लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् भने प्रकाशोन्मुख कृतिहरूमा *एक कविता सङ्ग्रह, एक गीति सङ्ग्रह* र *सङ्कलित साहित्यकार तथा कलाकारका जीवनी र व्यक्तित्व* छन् । समयले साथ दिएमा ती सबै नै यही आउने वर्षमा प्रकाशमा ल्याउने विचारमा छु । मेरा धेरै प्रकाशित रचनाहरू मसँग सङ्गृहीत नभएका कारणले यसभित्र समावेश गर्न सकिएन तर मसँग उपलब्ध भएका रचनाहरूको सूची यसमा संलग्न गरेको छु । पत्रपत्रिकामा प्रकाशित भएका अन्य कविताहरू निम्न रहेका छन् :

| क्र.स. | शीर्षक | प्रकाशनस्रोत/प्रकाशन वर्ष | विधा |
|---|---|---|---|
| १ | *बसन्तका दुई कोपिला* | **नमस्ते**, सन् २००८ | कविता |
| २ | *ए परदेसिएका मित्र* | **वसिङ्टनका काव्य सुसेली**, सन् २०१२ | कविता |
| ३ | *अकल बहादुर अमेरिकामा* | **वसिङ्टनका काव्य सुसेली**, सन् २०१२ | कविता |
| ४ | *मेरालेस गर्सिया* | **नेपाली खबर पत्रिका**, मार्च, २०११ | कविता |
| ५ | *सम्झना* | **उत्तर अमेरिकाका नेपाली कवि र कविता**, सन् २००९ | कविता |

विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू निम्नअनुसार छन् :

| क्र.स. | शीर्षक | प्रकाशनस्रोत/प्रकाशन वर्ष | विधा |
|---|---|---|---|
| १ | *युगकवि सिद्धिचरण श्रेष्ठ एक क्रान्तिकारी कवि* | **विश्व परिक्रमा**, वर्ष १,अङ्क ६, सन् १९९९ | लेख |
| २ | *अमेरिकामा नेपाली राजदुतावास* | **दियालो**, वर्ष ११, अंक १, जुलाई २००४ | लेख |
| ३ | *अम्मर गुरुङ - एक परिचय* | **दियालो**, वर्ष ५, अंक २, फेबुअरी १९९८ | लेख |
| ४ | *अम्मर गुरुङ एक शब्द चित्र* | **दियालो**, वर्ष ६, अंक १, फेब्रुअरी १९९९ | लेख |
| ५ | *नेपाल बाहिर नेपाली भाषाको महत्त्व* | **स्मारिका, प्रथम अन्तराष्ट्रिय साहित्य सम्मेलन**, सन् २००९ | लेख |
| ६ | *बुबाको सम्झनामा* | **नारायणमान श्रेष्ठ स्मृतिग्रन्थ**, २०६४ | लेख |
| ७ | *रिमाल कविता गोष्ठि* | **अन्तर्दृष्टि**, अनेसास | लेख |
| ८ | *यथार्थवादी क्रन्तिकारी देवकोटा* | **अन्तराष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन**, सन् २०११ | लेख |
| ९ | *मुमा सुभद्रादेवी श्रेष्ठ- एक शब्दचित्र* | **मिडियाक्याफे** वेव पेज, सन् २०११ | लेख |
| १० | *प्रकाशकीय* | **नारी श्रष्टा चिन्तन र सिर्जना**, सन् २०११ | लेख |
| ११ | *शुभकामना सन्देश* | **मोनालिसा र मार्च ८**, सन् २०१० | लेख |
| १२ | *शुभकामना सन्देश* | **जीवनको यात्रा,** सन् २०१० | लेख |
| १३ | *दुई शब्द* | **ए.एन.ए. स्मारिका**, सन् २०११ | लेख |
| १४ | *शुभकामना सन्देश* | **ए.एन.ए. स्मारिका**, सन् २०११ | लेख |
| १५ | *शुभकामना सन्देश* | **अभिभारा** सन् १९९९ | लेख |

| | | | |
|---|---|---|---|
| १६ | *वरिष्ठ स्रष्टा भवानी घिमिरे* | **भवानी घिमिरे श्रद्धाञ्जली** पुस्तक, सन् २०११ | लेख |
| १७ | *संस्कृतिविद् डा. सत्यमोहन जोशी* | **समकालीन साहित्य डट कम**, सन् २०११ | लेख |

यी प्रकाशित बाहेकका अन्य लेख, गीत र जीवनी पनि रचना गरेको छु । मैले यी तल उल्लेख गरेका साहित्यकार, कलाकारहरूको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विभिन्न लेखहरू लेखेको छु । तर ती अप्रकाशित नै छन् । निकट भविष्यमा प्रकाशनमा ल्याउने विचारमा छु । यसभित्र आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, क्रान्तिकारी कवि गोपालप्रसाद रिमाल, युगकवि सिद्धिचरण श्रेष्ठ, कवि भूपि शेरचन, संस्कृतिविद् डा. सत्यमोहन जोशी, राष्ट्रकवि माधवप्रसाद घिमिरे, वरिष्ठ साहित्यकार डा. तारानाथ शर्मा, भुटानी मानव अधिकारवादी टेकनाथ रिजाल, गायक तथा सङ्गीतकार अम्मर गुरुङ, कलाकार नीर शाह, गायक दीप श्रेष्ठ आदि रहेका छन् । गीत लेखेको छु तर अहिलेसम्म कुनै गीतहरू गायन र प्रकाशन भएको छैन ।

**२७. तपाईँले सामाजिक क्षेत्रमा गरेका कार्यहरू बताइदिनुहोस् न ?**

प्रारम्भमा रेडक्रसको आजीवन सदस्यता लिएर सामाजिक कार्यको थालनी गरे तापनि मैले देशमा रहदा होस् या विदेशमा रहदा होस् आफ्नो भाषा र साहित्यको संरक्षण, संवर्द्धन र विकासका लागि धेरै सामाजिक संस्थाहरूसँग आबद्ध भएर थुप्रै कार्यहरू गरेको छु । सन् १९९४ मा अमेरिका आएपछि नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, संबर्द्धन र विकासका लागि स्थापित अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजसँग विभिन्न पदमा आबद्ध भएर निरन्तर रूपमा साहित्यको सेवा गर्दै रहेँ । सन् २०१० साल देखि विशुद्ध नेपाली साहित्यिक संस्था नेपाली साहित्य प्रतिष्ठान उत्तर अमेरिकाको संस्थापक अध्यक्ष भएर साहित्यिक सेवा गरिरहेको छु ।

**२८. सर्वप्रथम कहिले आफूलाई संस्थागत कार्यमा प्रवेश गराउनुभयो ? आफूले स्थापना गरेका र संलग्न भएका कुन कुन सङ्घसंस्थाहरू रहेका छन् बताइदिनुहोस् न ?**

मेरो संस्थागत रूपमा सर्वप्रथम २०३२/३३ सालतिर तेरथुम जिल्लाको खेलकुद विकासका लागि गठन भएको खेलकुद जिल्ला विकास समितिमा जिल्लासचिव भएर कार्यभार पुरा गरे । यसलाई सर्वप्रथम सामाजिक कार्यको थालनी मान्नुपर्छ । त्यसपछि

नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्यको रूपमा सामाजिक कार्य गरेको हो । अमेरिकामा चाहिँ सर्वप्रथम वासिङ्टन डि.सी.मा स्थापित विशुद्ध नेपाली साहित्यिक संस्था अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सी.सँग सन् १९९६ मा आबद्ध भएर सुरु भएको हो । म संलग्न रहेका अन्य सङ्घसंस्थाहरू तल प्रस्तुत छ :

१. नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य (        )

२. जिल्ला खेलकुद परिषद्, तेरथुमका जिल्ला सचिव (२०३२/२०३३)

३. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डि.सी., महासचिव (सन् १९९६–१९९७)

४. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, वासिङ्टन डि.सी., अध्यक्ष (सन् १९९८–२०००)

५. ग्रेटर बोस्टन नेपाली कम्युनिटी, कार्यकारी निर्देशक (सन् १९९८)

६. अखिल नेपाली अमेरिकी सङ्घ, कार्यकारी सदस्य (सन् १९९९)

७. नेपाली अमेरिकन परिषद्, अमेरिका, महासचिव (सन् २००१)

८. अमेरिका नेपाली समाज, सम्पादक सदस्य (२००४–२००६)

९. ए.एन.ए. नेपाली साहित्य प्रतिष्ठान, उत्तर अमेरिका, अध्यक्ष (२०१०-हालसम्म)

**२९. तपाईंले अहिले सम्ममा कति कृति र पत्रिकाहरूको सम्पादन गर्नुभयो ? सम्पादन गरेको कृतिको नाम र प्रकाशन वर्ष पनि बताइदिनुहोस् न ?**

मैले अहिले सम्ममा निम्नअनुसार सम्पादन कार्य गरेको छु :

१. **तीनजुरे** हस्तलिखित पत्रिका, तेरथुम (२०२३)

२. **पूर्वेली धुन** सामयिक साहित्यिक संकलन, काडमाडौं (२०२९)

३. **अन्तदृष्टि** अ.ने.सा.स.को प्रकाशन, अमेरिका (२०४३)

४. **इन टच** ए.एन.ए.को प्रकाशन (२०५४)

५. **टेलिफोन डाइरेक्टरी** अमेरिका नेपाली समाज (२०६०)

६. **आवाज** अङ्क १ अमेरिका नेपाली समाजको प्रकाशन (२०६१)

७. **आवाज** अङ्क २ अमेरिका नेपाली समाजको प्रकाशन (२०६२)

८. **टेलिफोन डाइरेक्टरी** अमेरिका नेपाली समाज (२०६२)

९. **आवाज** अङ्क ३ अमेरिका नेपाली समाजको प्रकाशन (२०६३)

१०. **उत्तर अमेरिकाको कवि र कविता** अमेरिका, क्यानडा (२०६६)

**३०. तपाईंले के-के पुरस्कार प्राप्त गर्नुभएको छ र कहाँबाट कहिले-कहिले प्राप्त गर्नुभएको हो ?**

मैले सर्वप्रथम अस्वीकृत विचार साहित्य पुरस्कार प्राप्त गरेको हो । मलाई अग्रगामी साहित्यको सिर्जना तथा नेपाली साहित्यको विश्वव्यापी प्रवर्द्धनमा उल्लेख्य योगदानको कदर गरेवापत् २०६४ सालमा यो पुरस्कार प्रदान गरिएको हो । मैले जीवनमा अहिलेसम्म प्राप्त गरेका अन्य पुरस्कारहरू निम्नअनुसार छन् :

उत्तम निर्णायक पुरस्कार - ए.एन.ए. कविता महोत्सवमा उत्तम निर्णयको भूमिका निर्वाह गरेवापत् अ.ने.सा.स.ले सन् २००८ मा अ.ने.सा.स. डि.सी.मा प्रदान गरेको हो ।

सम्मान पत्र - ए.एन.ए. अमेरिकाबाट ए.एन.ए.को अधिवेशनमा उदाहरणीय भूमिका निर्वाह गरेवापत् यो सम्मान पत्र प्रदान गरिएको हो ।

सम्मान पत्र - ए.एन.ए. अमेरिकाले सन् १९९७ मा अन्तराष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययनका लागि **नेपाली डायस्पोरामा देवकोटा** विषयमा कार्यपत्र प्रस्तुत गरेवापत् अनेसास वासिङ्टन डिसीमा यो सम्मान पत्र प्रदान गरिएको हो ।

अस्वीकृत विचार साहित्य पुरस्कार - अस्वीकृत विचार गुठी नेपालबाट २०६४ सालमा अग्रगामी साहित्यको सिर्जना तथा नेपाली साहित्यको विश्वव्यापी प्रवर्द्धनमा उल्लेख्य योगदानको कदर गरेवापत् यो पुरस्कार प्रदान गरिएको हो ।

व्यथित काव्य सम्मान पुरस्कार - साहित्यिक पत्रकार सङ्घ नेपालबाट २०६५ सालमा नेपाली कविताको क्षेत्रमा देखापरेका एक सशक्त प्रतिभाशाली कवि भनी सम्मान गरिएको हो ।

कदर पत्र - सिर्जनाका यात्राहरू न्यु योर्क अमेरिकामा एकल कविताबाचनमा सशक्त रूपमा कविता वाचन तथा साहित्यको विकासमा निरन्तर योगदान गरेवापत् सन् २०११ मा प्रदान गरिएको हो ।

सम्मान पत्र - अखिल नेपाली अमेरिकी सङ्घ अमेरिकाले नेपाली भाषा तथा साहित्यको अटुट रूपमा विगत सोह्र वर्षदेखि सेवा गरेवापत् सन् २०१२ मा सम्मान गरिएको हो ।

भानुवर्ष १०१३ सम्मान - अन्तराष्ट्रिय नेपाली साहित्य समाज, अमेरिकाबाट **आदिकवि भानुभक्त : नेपाली भाषा र हाम्रो दायित्व** विषयमा कार्यपत्र प्रस्तुत गरेवापत् सन् २०१३ मा प्रदान गरिएको हो ।

**३१. तपाईको विचारमा साहित्य कस्तो हुनुपर्छ ?**

साहित्य हृदयको भावना हो । साहित्य अनुभूतिको विश्लेषण पनि हो । त्यसैले साहित्य भनेको जीवन पनि हो । जीवनलाई चारैतिरबाट अभिव्यक्त गर्ने कलालाई साहित्य पनि भनिन्छ । यस अर्थमा साहित्यले जीवनको भावनात्मक र वैचारिक महत्त्वका कुराहरूलाई प्राथमिकता दिनुपर्छ । साहित्य सम्प्रेषण गर्ने एउटा महत्त्वपूर्ण सिर्जनात्मक माध्यम भएको हुनाले यसको शैली, शब्द र भावना प्रष्ट हुनसक्यो भने त्यो उल्लेख्य हुन सक्दछ । साहित्य भनेको अनुभूति सिर्जना गर्न सक्ने, विचार विस्तार गर्न सक्ने र जीवनको हरेक प्रश्नको उत्तर दिन सक्ने हुनुपर्छ । साहित्यले जीवन परिवर्तन गर्दछ । त्यसरी नै समाजले जीवन परिवर्तन गर्दछ । त्यसैकारण एक पूर्ण विकसित, सिर्जनशील र प्रगतिगामी जीवनका लागि उद्धार र पूर्ण स्वतन्त्र समाजको विकास भएको देख्न पाउनु नै एक सिर्जनशील साहित्यकारको सपना हो । एक असल साहित्यकारमा विनयशील, सरलता, अन्वेषणशील र लगनशीलता हुनुपर्छ । दम्भ, पूर्वाग्रह, आग्रह र पुरस्कारका लागि सिर्जनालाई प्रमुखता दिनुहुन्न । पहिले साहित्यकार आफू परिवर्तन हुनुपर्छ अनि मात्र आफ्नो साहित्यले चाहेको समाज परिवर्तन गर्न सकिन्छ ।

**३२. तपाईंका समाजिक तथा साहित्यिक क्षेत्रमा के-कस्ता मान्यताहरू छन् ?**

साहित्य समाजको प्रतिबिम्ब हो भन्ने गरिन्छ र सत्य पनि यही नै हो । कुनै पनि देशको उन्नति, प्रगतिको मापन यन्त्र त्यस देशको साहित्य कति विकसित छ भन्ने कुराले

निर्धारण गर्ने गर्दछ । यस अर्थमा साहित्यले समाज पुरै बदल्न सक्ने सामर्थ्य राख्दछ । प्रगतिगामी साहित्यले पूरै समाजलाई सही दिशामा डोहोऱ्याउने र सही बाटो देखाउने नेतृत्व प्रदान गर्ने गर्दछ । त्यस अर्थमा मान्छेको जीवनमा जन्म र मृत्यु एक सशक्त सत्य हो । यो प्रकृतिक निरन्तरता हो । मान्छे भएर जन्मेपछि सकारात्मक सोच राखेर सर्वोपरि हितका लागि सङ्घर्ष गर्नु मेरो जीवनप्रतिको दृष्टिकोण हो । जीवनभरि गरेको सुकार्य तथा सत्कार्यहरू भौतिक रूपमा मृत्युवरण गरे तापनि युगौंयुगसम्म नाम अमर भएर रहन्छ । त्यसैकारण समाजको, व्यक्तिको अनि राष्ट्रको हितमा कार्य गर्नु हामी मानवको परम् कर्तव्य हो । समाजमा रहेर गतिशील, प्रगतिशील तथा विकासशील समाजको अवधारणा राख्नु र त्यसको स्थापना गर्नका लागि निरन्तर कर्तव्यपथमा अग्रसर भएर सङ्घर्ष गर्दै जानु समाजप्रतिको आफ्नो दायित्व सम्झन्छु । मेरो समाजप्रतिको मान्यता यही नै हो ।

यसरी नै साहित्यले पनि आफ्नो पहिचानको र आफ्नो उपस्थितिको सूचना दिनु पर्दछ । केही नयाँ कुरा र समाजलाई नयाँ सन्देश दिन सकिएन भने आफू साहित्यकार हुनुको अर्थ केही रहदैन । साहित्य निर्माणमा उसको साहित्यिकता जीवित भएको हुनुपर्छ । साहित्य र समाजमा यस प्रकारको स्थितिको स्थापना गर्नका लागि निरन्तर सङ्घर्षरत रहनु मेरो समाज र साहित्यप्रतिको कर्तव्य हुनुका साथै मेरो मान्यता पनि हो ।

**३३. तपाईं र मेरो भेटघाट नभएकाले तपाईंको शारीरिक अवस्था (उचाइ, वर्ण र तौल) को बारेमा बताइदिनुहोस् न ।**

मेरो उचाइ पाँच फिट सात इन्च छ । वर्ण गहुँगोरो र एक सय सत्तरी पाउण्ड वा ७७ किलोग्राम तौल रहेको छ ।

## सन्दर्भग्रन्थ सूची


खतिवडा, शशिकला, **गोपाल प्रसाद सङ्ग्रौलाको जीवनी व्यक्तित्व र कृतित्व**, अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्व विद्यालय, २०६४ ।

गिरी, गोविन्द, सम्पा., **वसन्त श्रेष्ठका कविता, अमेरिका :** विद्या लक्ष्मी श्रेष्ठ, २०६४ ।

घिमिरे, सोमनाथ, **पारदेशीय नेपाली साहित्य**, वासिङ्टन डीसी, मेट्रो च्याप्टर, संयुक्त राज्य अमेरिका : अन्तराष्ट्रिय नेपाली साहित्य समाज, २०६८ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

**......., कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विधार्थी पुस्तक भण्डार, २०६२ ।

........,'उत्तर अमेरिकाली डायस्पोरामा नेपाली कविता' शर्मा, तारानाथ र अन्य, सम्पा., **उत्तर अमेरिकाका नेपाली कवि र कविता**, क्यानडा : उत्तर अमेरिका, नेपाली कवि र कविता सङ्ग्रह प्रकाशन समिति, २०६६ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि**, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६६ ।

श्रेष्ठ, वसन्त, **भावनाका लहरहरू**, काठमाडौं : विद्यालक्ष्मी श्रेष्ठ, २०६६ ।

..........., **उज्यालो खोज्ने आवाजहरू**, काठमाडौं : एपेक नेपाल, २०६७ ।

श्रेष्ठ, विश्वविमोहन र अन्य, सम्पा., **नारायणमान श्रेष्ठ स्मृति ग्रन्थ**, काठमाडौं : श्री सिंहवाहिनी एलुम्नाई एसोसिएसन, २०६४ ।